फागुन ३, २०६३

# समय

राष्ट्रिय साप्ताहिक

# निभ्यो तराईको आगो



मूल्य रु. २५







भास्वर ओझा

वालुवाटारमा बुधबार भएको आठ दलको बैठक र प्रधानमन्त्रीको सम्बोधनपछि कोइराला र नेपाल

समय
राष्ट्रिय साप्ताहिक

वर्ष ३, अंक १४३, माघ २५–फागुन ३, २०६३




आवरण: प्रधानमन्त्री कोइराला र मधेसी नेता उपेन्द्र यादवको बेग्लाबेग्लै तस्बिर । *तस्बिर : भास्वर ओझा/विकास कार्की*

**आवरण** : २२ दिन लामो तराई आन्दोलन प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाको दोस्रो सम्बोधनले मत्थर भएको छ । अन्तरिम संविधानमा संशोधनमार्फत संघीय शासन प्रणाली र जनसंख्याको आधारमा निर्वाचन क्षेत्र बाँडफाँड गर्ने घोषणा प्रधानमन्त्रीले गरेपछि मधेसी नेताहरूले पनि सकारात्मक प्रतिक्रिया दिएका छन् २६

## विचार

माघ १९ अघिसम्म प्रचण्ड कसरी राजासँग भेटेर शक्ति बाँडफाँडको तयारी गरिरहेका थिए भन्नेबारे माओवादीका पूर्व केन्द्रीय सदस्य रवीन्द्र श्रेष्ठको खुलासा ३६

## रिपोर्ट

भुटानमा हुँदै छ जनयुद्धको तयारी १६
जाजरकोटमा सिकारीहरूको सिकार १८
अझै दलितलाई छुट्टै टीका २४

## राजनीति

माओवादी नयाँ सांगठनिक बाटोमा २०

## प्रशासन

निजामतीमा सानालाई ऐन, ठूलालाई चैन ३९

## आर्थिक

तराई आन्दोलनले अर्थतन्त्रमा असर, पाइँदैन उपभोग्य सामग्री ४२



भास्वर ओझा

**रंग** : पछिल्लो समयमा बुटिक व्यवसाय युवापुस्ताको आकर्षक करियर बन्दै छ ५४

सम्पादकीय ........ ५
चसक ........ ६
डाँक ........ ८
मुलुक ........ १०
खेलकुद ........ ४८
साहित्य ........ ५१
अनुहार ........ ५७
शून्य समय ........ ५८

समय
का.जि.प्र.का.द.नं. १७०/२०६०/६१

**प्रबन्ध निर्देशक**
नवीन जोशी
**कार्यकारी निर्देशक**
विजय श्रेष्ठ
**सम्पादक**
युवराज घिमिरे
**सहायक सम्पादक**
राजेश घिमिरे
**प्रमुख संवाददाता**
विश्वमणि पोखरेल
**वरिष्ठ संवाददाता**
मनीष गौतम
मनोज दाहाल
किरण भण्डारी
सुवास देवकोटा
मधुसूदन पौडेल
**संवाददाता**
नवीन अर्याल
छत्र कार्की
गोविन्द परियार
ज्योति देवकोटा
**उपसम्पादक**
डिल्ली आचार्य
**क्षेत्रीय**
रुद्र खड्का (नेपालगन्ज)
श्याम भट्ट (महेन्द्रनगर)
दीपक ज्ञवाली (बुटवल)
ओमआस्था राई (धरान)
केशव लामिछाने (पोखरा)
**तस्वीर**
भास्वर ओझा
तेजबहादुर बस्नेत
**कार्टुन**
अविन श्रेष्ठ
**ग्राफिक/ले-आउट**
सुनील खड्गी (**संयोजक**)
किशोरराज पन्त
रामकृष्ण राना
**लेखा**
गोपाल भट्टराई
राजकुमार श्रेष्ठ
**वितरण**
दीपक श्रेष्ठ
मिलन लम्साल
**बजार**
सुरज भडेल (**प्रबन्धक**)
राजेश महर्जन
अर्जुन वज्राचार्य
सफला शर्मा
**भृकुटी प्रकाशन (प्रा) लि.**द्वारा प्रकाशित तथा मिलेनियम प्रेस, हात्तीवन, ललितपुरमा मुद्रित

**कार्यालय ठेगाना :**
**भृकुटी प्रकाशन प्रा. लि.**
लाजिम्पाट, काठमाडौं, नेपाल
पो.ब.नं. ८८३०, फोन : ४४४३८८८
फ्याक्स : ४४२११४७ (सम्पादकीय)
४४११९१२ (बजार तथा वितरण)
ईमेल: samay@vianet.com.np
**प्रमुख वितरक**
काष्ठमण्डप डिष्ट्रिब्युसन प्रा. लि.
टेकु काठमाडौं
फोन नं. २०१०८२१, २२२०३२२

# विश्वासको खडेरी

**सम्पादकीय**

**मुलुकका सात** दलहरूलाई प्रतिनिधित्व गर्ने सरकार र माओवादीबीच विभिन्न सहमतिका आधारमा जारी शान्ति प्रक्रिया स्वयं नै विश्वासको संकटका कारण धरमराउन लागेका लक्षणहरू देखा पर्न थालेका छन् । यो दुई पक्षबीच शान्ति, प्रजातन्त्र र आर्थिक समृद्धितर्फ बढ्ने प्रतिबद्धताका लागि अपसगुन हो । माओवादीले फागुन १ गतेदेखि संघर्षको शैलीमा राजनीतिक अभियान सुरु गर्ने निर्णय गरेको छ भने सात दलको सरकार र माओवादी तराईको आन्दोलनप्रति अझ गम्भीर बन्न सकेका छैनन् ।

माओवादी र सरकारबीचको शान्ति प्रक्रिया दुई पक्षबाट व्यक्त सार्वजनिक प्रतिबद्धताअनुरुप निर्धारित चरणमा पूरा हुने अपेक्षा मुलुकभित्र तथा अन्तर्राष्ट्रियजगत्ले गरे पनि यदाकदा उनीहरूका व्यवहारमा प्रतिकूल लक्षणहरू देखापर्न थालेका छन् । खासगरी विगत केही दिनमा माओवादीद्वारा घोषित कार्यक्रमले शान्ति प्रक्रियालाई निरर्थक बनाउन सक्ने खतराहरू देखापर्न थालेका छन् ।



माओवादी अध्यक्ष प्रचण्ड

भास्वर ओझा

पार्टीका वरिष्ठ नेता सिपी गजुरेलले दिल्लीमा दिएको माओवादीको शान्ति प्रक्रियामा सहभागिता रणनीति मात्र भएको र उनीहरू जहिल्यै पनि सशस्त्र संघर्षको अर्को चरणमा होमिन सक्ने अभिव्यक्ति खतरनाक त छ नै, त्यसले माओवादीमा रहेको इमानदारीको अंश पनि प्रदर्शन गर्छ । जारी चन्दा अभियान, आचारसंहिता र सम्झौतामा उल्लेख गरिएअनुसार जबरजस्ती कब्जा गरिएका सम्पत्ति फिर्ता नगरिनु आदिले उनीहरूप्रति उब्जिएको आशा र विश्वासलाई शंका गर्ने प्रशस्त ठाउँ दिएको छ ।

त्यस्तै संविधानसभाको पहिलो बैठकबाट निर्णय गर्ने सहमति भएको राजसंस्थाको भविष्यबारे एकतर्फी रुपमा पहिले नै निर्णय गरिनुपर्ने अडानका साथ संघर्षमा जाने माओवादीको घोषणाले सम्झौतालाई अर्थहीन बनाउनुका साथै उनीहरूलाई विश्वास गर्ने आधार नरहने वातावरण पनि बनाउनेछ । के मधेसको आन्दोलनमा आफ्नो किंकर्तव्यविमूढतामा दोहोरो मापदण्डका कारण माओवादीहरूले पुनः संघर्षको नारा लगाउन रुचाएका हुन् ?

अन्तरिम सरकारमा जान खुट्टा उचालेका माओवादीले पुनः 'क्रान्तिकारी' बिल्ला लगाउने चेष्टाका रुपमा मुलुकवासीले हेर्लान्, सायद यसलाई क्षणिक रुपमा । तर, यसले उनीहरूप्रतिको जनविश्वास समाप्त हुनेछ र अन्तर्राष्ट्रियजगत् खासगरी संयुक्त राष्ट्रसंघ उनीहरूप्रतिको विश्वसनीयतालाई समीक्षा गर्न बाध्य हुनेछ ।




# समय साता

### आग्रह
अन्तर्राष्ट्रिय मानव अधिकारवादी संस्था एमनेस्टी इन्टरनेसनलद्वारा मधेसमा आन्दोलनको क्रममा भएका मृत्युका घटना तथा मानवअधिकार उल्लंघनका घटनाहरूको छानबिन गर्न सरकारसँग माग। संयुक्त राष्ट्रसंघीय मानवअधिकार उच्चायुक्तद्वारा तीन सातादेखि चल्दै आएको तराईको हिंसा तत्काल रोक्न सम्बद्ध पक्षलाई आग्रह।

### नियुक्त
इयान मार्टिन, वान कि-मुनद्वारा तत्काल लागू हुने गरी युएन मिसन इन नेपालको प्रमुखका पदमा।

### कारण आदेश जारी

सर्वोच्च अदालतद्वारा पूर्वगृहमन्त्री कमल थापालाई पक्राउ गर्नुको पर्याप्त कारणसहित तीन महिनाभित्र लिखित जवाफ पेस गर्न गृह मन्त्रालयका नाममा कारण देखाउ आदेश जारी।

### आह्वान

अन्तरिक्ष अस्त्रको होडबाजीबाट विश्वलाई बचाउन चीनद्वारा अन्य मुलुकहरूसँग यससम्बन्धी बृहत्तर अन्तर्राष्ट्रिय सन्धिको आह्वान।

### गठन

तराईका आन्दोलनरत पक्षसँग वार्ता गर्न सरकारद्वारा कृषि तथा सहकारीमन्त्री महन्त ठाकुरको संयोजकत्वमा तीन सदस्यीय वार्ताटोली गठन।

### धर्ना
विराटनगरको टंकीसिनबारीमा पत्रकारमाथि भएको आक्रमणको विरोधमा काठमाडौंका पत्रकारहरूद्वारा धर्ना।

### माग
सर्वोच्च अदालतका न्यायाधीशहरू केदारप्रसाद गिरी, रामनगिना सिंह र शारदाप्रसाद पण्डितमाथि महाभियोग लगाई पदमुक्त गर्न नेपाल कृषि अनुसन्धान परिषद्का योजना महाशाखा प्रमुख हीराकाजी मानन्धरद्वारा अन्तरिम संसद्मा निवेदन दर्ता।

### हट्यो
भारतले नेपालबाट निकासी हुँदै आएका १ सय ११ वस्तुमाथि लगाउँदै आएको चार प्रतिशत अतिरिक्त महसुल हट्यो।

### निर्देशन
सशस्त्र प्रहरी महानिरीक्षक वासुदेव ओलीद्वारा तराईमा समाचार संकलनमा गएका सञ्चारकर्मीलाई अवरोध नगर्न निर्देशन।

### आदेश
बोलिभियाको सर्वोच्च अदालतद्वारा २००३ मा बोलिभियामा भएको प्रदर्शन दोषी ठान्दै त्यहाँका पूर्वराष्ट्रपति गोन्जालो सान्चेज डि लोजाडा र अन्य तीन पूर्व मन्त्रीलाई गिरफ्तार गर्न आदेश। उक्त प्रदर्शनमा ३३ जनाको मृत्यु भएको थियो।

### निलम्बित
चितवन राष्ट्रिय निकुञ्जका वार्डेनले पदीय दायित्व दुरुपयोग गरेको भन्दै वन तथा भूसंरक्षण मन्त्रालयद्वारा वार्डेन गोपालप्रसाद उपाध्यायलाई दुई महिनाका लागि निलम्बन।




## दोष सबैको

*समय* (वर्ष ३, अंक १४२) हेरैं। गिरिजाप्रसाद कोइरालाको विगत होइन, वर्तमान हेरेर विश्लेषण गर्नु पर्ने अवस्था हो, अहिले। तराईको अवस्था दिनदिनै नाजुक भइरहेका बेला गिरिजाप्रसाद कोइरालालाई दोष लगाउनुभन्दा तराईको समस्या हल गर्न सबै दलहरूको भूमिका खोज्नु पर्छ। तराईको आन्दोलन चर्किरहका बेला अन्य राजनीतिक दलहरू पन्छिन खोजेको आभास भएको छ, अहिले। अहिलेको तरल अवस्थामा राजनीतिक मतभेद देखिने हो भने मुलुक झन् दिशाविहीन बन्न सक्छ। यसो भयो भने लामो संघर्षपछि प्राप्त गरेको लोकतन्त्र फेरि धराशायी हुनेछ। सबैलाई बेलैमा चेतना हुन जरुरी छ। अहिले गिरिजाप्रसादको टाउकोमा सबै दोष थुपार्ने बेला होइन।

**■ ईश्वर पाण्डे**
मैतिदेवी, काठमाडौं

## खै ध्यान पुगेको ?

*समय* (वर्ष ३, अंक १४२)को शिक्षाअर्न्तगत छापिएको समाचार 'अनिश्चत भविष्य' पढ्न पाइयो। माओवादीले मुलुकको भविष्य बोक्ने कलिला नानीहरूको लागि गरेको काम साँच्चिकै सह्रानीय छ। तर, परिवर्तित परिस्थितिअनुसार माओवादीले यो स्कुल सञ्चालनमा ल्याउन सकेनन् भने उनीहरूले गरेको काममा अवरोध आउने पक्कै छ। के यसका लागि माओवादीको शिक्षा क्षेत्र हेर्ने केन्द्रीयस्तरको नेतृत्वले पहल गर्न जरुरी छैन र ? कि पहल हुँदाहुँदै पनि यो स्कुलको लागि केही गर्न नसकिएको हो ? द्वन्द्वमा फसेका बालबालिकाहरूका लागि भनेर खोलिएको स्कुल द्वन्द्व समापनसँगै अस्तित्वविहीन भए भने उनीहरूको भविष्यलाई कसले डोऱ्याउने ? यस्तो संवेदनशील विषयमा सबै सचेत हुन जरुरी छ।

**■ अशोक तामाङ**
फपिङ, काठमाडौं

## २७ होइन, ३७ हो

*समय* (वर्ष ३, अंक १४२)मा छापिएको समाचार '२७ वर्षदेखि झोलामा' हेर्ने मौका पाइयो। कर्णालीका विषयमा चासो देखाएर समाचार सम्प्रेषण गर्ने गरेकोमा *समय* परिवारलाई विशेष आभार प्रकट गर्न चाहन्छु। त्यसमा भएको गल्ती औंल्याउनु पनि पाठकको धर्म ठानेको छु। २०२६ मा स्थापना भएको कर्णाली विद्यार्थी हित समिति २७ वर्ष नभएर ३७ वर्षदेखि झोलामै चलिरहेको हुनु पर्ने पनि अवगत गराउँछु।

**■ रामसिङ रावल**
संयोजक
कर्णाली विद्यार्थी हित समिति

## कस्तो भनाइ हो यो ?

नेपाल जलसम्पदाले विश्वमा दोस्रो धनी देशका रुपमा आफ्नो पहिचानलाई सार्वजनिक गर्दै आइरहेको छ। तर, मुलुकमा भइरहेको लोडसेडिङले यसको खिल्ली उडाएको छ। अहिले मुलुकले खेप्दै आएको तीनघन्टे लोडसेडिङ केही महिनापछि ६ घन्टा पुऱ्याउने घोषणा पनि सार्वजनिक गरिसकिएको छ। मुलुकमा उज्यालो बाँड्न भित्रिएका विदेशी कम्पनीहरू काम गर्न सक्ने अवस्था नभएर बाहिरिने धम्की पनि बेला बखतमा आउने गर्छन्। के लोकतान्त्रिक सरकारका लागि अहिलेको अन्धकारको विषय कुनै प्राथमिकतामा पर्दैन ? कि यसमा पनि जनताले आन्दोलन नै गर्नुपर्ने हो ? होइन भने नेपाललाई जलस्रोतमा विश्वमै धनी भनेर किन घोकाइरहनु पऱ्यो ? के यो लाजमर्दो भनाइ होइन र ? हप्तामा २१ घन्टा लोडसेडिङ हुने मुलुक कसरी विश्वमै पानीमा धनी भनिन सक्छ ?

**■ गणेश श्रेष्ठ**
खोटाङ
हाल : काठमाडौं

## लाजमर्दो सरकारी शैली

*समय* (वर्ष ३, अंक १४२)मा छापिएको प्रशासनअन्तर्गत 'निमित्त नेतृत्व' समाचार पढ्दा रगतको खोलो बगाएर ल्याइएको लोकतन्त्रमाथि दया पलाएर आयो। मुलुक चलाउने उच्च पदमा समेत कसैलाई तोक्न नसक्ने नाथे सरकार के सरकार हो ? लोकतन्त्रपछि विश्वविद्यालयहरू जस्ता संवेदनशील ठाउँमा समेत उपकुलपति नियुक्त गर्न नसक्नु कतिसम्मको सरकारको लाजमर्दो शैली हो। के यी काममा सरकार संवेदनशील हुन सिक्नु पर्दैन ? राजस्व, शिक्षा, श्रम, मन्त्रिपरिषद् जस्ता संवेदनशील ठाउँहरू समेत निमित्तबाट चलाइन्छ भने यो मुलुक कुन दिशातर्फ गइरहेको भनेर अन्दाज लगाउने ? जनता यस्तै शैलीबाट आजित भएर लोकतन्त्रको लडाइँमा सडकमा ओर्लिएर रगत बगाएका हुन्। फेरि यही परिस्थिति रहिरहने हो भने सहिदहरूले बगाएको रगतको अवमूल्यन भएन र ? यस्तो शैलीलाई सरकारले तुरुन्त परिवर्तन गर्न सक्नु पर्छ। सबै ठाउँमा निमित्तले मुलुक चल्न सक्दैन भन्ने सरकारले बुझ्न जरुरी छ।

**■ दुर्गा भट्टराई**
बुटवल
हाल : पुल्चोक, ललितपुर

## तिम्रो मायामा

**■ रामहरि अर्याल**

तिम्रो मायामा बाँच्न खोजें
तिमीले नै छोडी गयौ
चट्टानजस्तो हाम्रो माया
अनायासै तोडिदियौ

कसले लुट्यो कहाँ लग्यो
अझै मैले थाहा पाइनँ
सुखमा छौ वा दुखेदुःखमा
आजसम्म खबर आएन

एक्लो भए एक्लै रुन्छु
रोदन सुन्ने कोही भएन
आँसु सुक्यो मुटु दुख्यो
दया गर्ने ईश्वर पाइनँ

वियोगभित्र बाँच्न खोजें
साथ दिने कोही भएन
मन मऱ्यो तन सुक्यो
जिजीविषा अब रहेन


समय

**समयको ग्राहक बन्नुपरेमा वा पत्रिका नआएमा सम्पर्क गर्नुहोस्। फोनः ४४४३८८८/२११२०९४**

# दोहोरो मारमा दूध किसान

साताको दुई दिन 'मिल्क होलिडे' व्यहोरिरहेको अवस्थामा माघ महिनामा तीन साताभन्दा बढी बन्दको सामना पनि गर्नु परेपछि इलामका व्यवसायिक दुग्ध किसानहरूको ढाड नराम्ररी सेकिएको छ।

मधेसी जनअधिकार फोरमले तराई क्षेत्र बन्द गरेका कारण माघ चार गतेदेखि विराटनगरस्थित दुग्ध विकास संस्थानले दूध ढुवानी गर्न सकेको छैन। संस्थानले इलामबाट मात्र दैनिक करिब २४ हजार लिटर दूध खरिद गर्ने गर्थ्यो, तर अहिले ठप्प छ। 'बन्दका कारण दैनिक झन्डै साढे तीन लाख रुपैयाँ किसानहरूले घाटा व्यहोर्नुपरिरहेको छ', जिल्ला दुग्ध उत्पादक सहकारी संस्थाका अध्यक्ष भीष्म प्रधानले बताए।

'चिस्यान केन्द्रमा लामो समयसम्म दूध राख्न नसकिने हुनाले यातायात नखुल्दासम्म किसानबाट दूध लिन बन्द गरिएको हो', बिब्ल्यटे चिस्यान केन्द्रका कार्यालय सहायक सत्यनारायण मेहताले भने। किसानहरूले एक सय आठ दुग्ध उत्पादक सहकारी संस्थामार्फत संस्थानको जिल्लाका पाँचवटा चिस्यान केन्द्रलाई दूध बिक्री गर्दछन्।

पुवाखोला चिस्यान केन्द्रमा दैनिक पाँच हजार छ सय लिटर, बिब्ल्यटेमा चार हजार लिटर, तीनघरेमा छ हजार लिटर, फिक्कलमा चार हजार दुई सय लिटर र कुटीडाँडामा चार



हजार लिटर दूध संकलन हुने गर्छ। दूधको मूल्य सरदर प्रतिलिटर १५ रुपैयाँ पर्छ।

इलामका किसानहरूले कात्तिकको अन्तिम सातादेखि साताको दुई मिल्क होलिडे (दूध नलिने बिदा)को सामना गरिरहेका छन्। संस्थानसँग धुलो दूध उत्पादन गरेर वैकल्पिक व्यवस्था हुँदाहुँदै साताको दुई दिन मिल्क होलिडे गरिरहेको धारापानी दुग्ध उत्पादक सहकारी संस्थाका गंगा भुर्तेल बताउँछन्।

इलाममा उत्पादन हुने दूधको वैकल्पिक बजार नहुनाले बन्दमा दूध खेर गइरहेको किसानहरूको भनाइ छ। हिउँदयाम दूध बढी उत्पादन हुने समय हो। इलाममा दैनिक करिब ५० हजार लिटर दूध उत्पादन हुने गरेको जिल्ला कृषि विकास कार्यालयको तथ्यांक छ, जुन पूर्वाञ्चलका अन्य जिल्लाको तुलनामा बढी हो।

जिल्लामा दूध खरिद गर्ने केही डेरी, चिज, ललिपप उत्पादन उद्योग भए पनि तिनीहरूमा दूध बिक्री गर्ने नियमित स्थायी किसान छन्। त्यसो त संस्थानले किसानहरूसँग प्रतिलिटर सरदर १५ रुपैयाँको दरले दूध खरिद गर्छ। डेरी उद्योगहरूले किसानलाई प्रतिलिटर नौ रुपैयाँमात्र दिने गर्दछन्। 'गाउँमा प्रशस्तै डेरी उद्योग खुले पनि तिनीहरूलाई दूध दिनु भनेको सित्तै दिनुजतिकै हो', पुवाखोलाबजारका नूतनदेव दुलाल भन्छन्।

'लोकतन्त्र आएपछि त यस्तो बन्द हुँदैनजस्तो लागेको थियो र हामी पनि लोकतन्त्रका लागि आन्दोलनमा खटेका थियौं। हाम्रा लागि सधैं उस्तै रहेछ', पञ्चकन्याका किसान कर्ण मोक्तान दुखेसो पोख्छन्। दूध बिक्री बन्दले कृषि विकास कार्यालयबाट ऋण लिएर गाईपालन व्यवसायमा संलग्न हुने किसानहरू बढी मारमा परेका छन्।

■ **रोशन साँवा/इलाम** (तस्बिर पनि)


## रेडियो सगरमाथा एफ. एम. १०२ थोप्लो ८ मेगाहर्ज




**रेडियो खबर पत्रिका**

पत्रपत्रिकाको संगालो, विशेषज्ञहरूको प्रतिक्रिया र विश्लेषण, फिचर र रिपोर्ट, शेयर बजारको साप्ताहिक विश्लेषण, दैनिक हुने औपचारिक कार्यक्रमको जानकारी साथै चाडपर्व, जात्रा, दिवस, जन्मदिन र महत्त्वपूर्ण घटनाहरूको संगालो। हरेक विहान (६:००-७:१५)

**हालचाल**

ताजा खबर थाहा पाउन- **हालचाल**, विहान, ८:४५, ११:४५, अपरान्ह, २:४५, ४:४५, साँझ ६:४५ र राती ९:४५ बजे

**बिबिसी नेपाली सेवा**

हरेक दिन राती (८:४५-९:१५)

**हरेक विहान ५:०० देखि राती ११:०० बजेसम्म सूचना, शिक्षा र स्वस्थ मनोरञ्जनका लागि भरपर्दो साथी रेडियो सगरमाथा एफ. एम. १०२ थोप्लो ८ मेगाहर्ज**

**नेपाली रेडियो**
**नेपाली आवाज**

ठेगाना :
**रेडियो सगरमाथा एफ. एम. १०२ थोप्लो ८ मेगाहर्ज**
**बखुण्डोल, ललितपुर**
फोन: ५५२८०९१, ५५४२२४५, ५५४५६८०
पोष्ट बक्स, ६९५८, काठमाडौं
ईमेल : info@radiosagarmatha.org


राजमार्ग डकैती र मोटरसाइकल लुटपाटमा संलग्न अभियुक्तहरू

# राजमार्ग लुटेराहरू पक्राउ

**बुटवल, भैरहवा,** काठमाडौं, पोखरा लगायतका सहरहरू र राजमार्ग केन्द्रित लुटपाट र डकैतीमा संलग्न आठजनालाई प्रहरीले बुटवलवरपरबाट समातेको छ। बुटवलका बैंक लुट्ने योजना बनाइरहेका बेला उनीहरूलाई पक्राउ परेको प्रहरीले बताएको छ।

राजमार्गमा गुडिरहेका मोटरसाइकल नै लुटिन थालेपछि इलाका प्रहरी कार्यालय बुटवलले विशेष अनुसन्धान थालेको थियो। त्यस्तो अनुसन्धानका क्रममा प्रहरीले लामो समयदेखि आपराधिक क्रियाकलापमा संलग्न समूहका सदस्यहरूलाई लुटिएका सातवटा मोटरसाइकल र अन्य सामानसहित पक्राउ गरेको थियो।

लुटेराहरूले मोटरसाइकल लुट्ने, तत्काल बुटवलमै नम्बर परिवर्तन गर्ने र भारतमा लुक्न जाने कुरा प्रहरीसमक्ष स्वीकार गरेका छन्। एक अभियुक्त भोजबहादुर चौधरीका भनाइमा यातायात कार्यालयमा जुन जुन मोटर साइकलहरू ठाउँसारी भएर नम्बर खाली छन्, उनीहरूले त्यही त्यही नम्बर लुटिएका मोटरसाइकलमा राख्ने गरेका थिए। उनको यस्तो स्वीकारोक्तिले यातायात कार्यालयका आन्तरिक कुरा लुटेराहरूलाई थाहा हुने गरेको पुष्टि भएको छ।

पक्राउ पर्नेमा नवलपरासी सुनवल-७ का २९ वर्षीय भोजबहादुर चौधरी, दाङ जिल्ला सिसहनिया-६ का २७ वर्षीय दानबहादुर चौधरी, रूपन्देही रुद्रपुर-५ का १८ वर्षीय मुक्ति सिंजाली, रूपन्देही हर्नैया-२ का ४१ वर्षीय वचन चौधरी, बुटवल-१३ बुद्धनगरका ३७ वर्षीय श्याम विक र पाल्पाको तानसेन-३ का २५ वर्षीय शंकर पुन लगायत रहेका छन्। त्यसैगरी कैलाली जिल्ला निगाली-९ का १९ वर्षीय पदम धामी, नवलपरासी कुस्मा-१ का २६ वर्षीय गोरखनाथ धोबीलाई पनि प्रहरीले पक्राउ गरेको छ।

पक्राउ परेकाहरूमध्ये अभियुक्त भोजबहादुर नेपाल प्रहरीमा तीन वर्ष जागिर खाएका र माओवादीको धम्कीपछि जागिर छाडेका व्यक्ति हुन्।

लुटपाटकै घटनामा संलग्न रूपन्देहीको सालझण्डी-९ का भोलेबाबा भन्ने शम्भु गौतम, उनका भाइ नारायण गौतम, देवदह चरंगेका गुणाखर अधिकारी, बुटवल-९ दीपनगरका विक्रम बराल, पप्पु क्षेत्री, दुधराक्षका भक्ते मगर, गजेडीका रमण पुन, मानमटेरियाका सुनिल चौधरी फरार रहेको प्रहरीले बताएको छ।

फरार रहेकाहरू लुटपाटका मुख्य योजनाकार रहेको र तीमध्ये केही यसअघि प्रहरी हिरासतबाटै भागेको प्रहरीको भनाइ रहेको छ। प्रहरीको अनुसन्धानअनुसार रुपन्देहीलाई केन्द्रबिन्दु बनाएर भोलेबाबा र अधिकारीको योजनाअनुसार अपराध भइरहेका छन्।

बुटवलमा मात्र ६ महिनायता दुई दर्जनभन्दा बढी मोटरसाइकल चोरी भएका छन्। तीमध्ये प्रहरीमा २० वटा उजुरी परेका थिए। तीमध्ये सातवटा मोटरसाइकल प्रहरीले फेला पारिसकेको छ।

इलाका प्रहरी कार्यालय बुटवलका प्रहरी नायव उपरिक्षक सुकदेव न्यौपानेले लामो प्रयासपछि ठूलो गिरोह पक्रन सफल भएको बताए।

'दुई साताको निरन्तर प्रयासमा यति फेला परे, तर अझै केही भने फरार भएका छन्', उनले भने।

■ **दीपक ज्ञवाली/बुटवल** (तस्विर पनि)



# जलविनायकमा पर्यटन सेवा

**राजधानीको चक्रपथबाट** तीन किलोमिटर मात्र टाढा रहेर पनि उपेक्षित चोभार जलविनायक क्षेत्रलाई उत्कृष्ट पर्यटकीय क्षेत्र बनाउने प्रयास सुरु भएको छ ।

कीर्तिपुर नगरपालिका-४ मा पर्ने उक्त क्षेत्र पर्यटकीय दृष्टिकोणले मात्र नभई ऐतिहासिक र धार्मिक दृष्टिकोणले पनि उत्तिकै महत्त्वपूर्ण रहेको जलविनायक सामुदायिक वन उपभोक्ता समूहका अध्यक्ष इन्द्रबहादुर महर्जन बताउँछन् ।

'गुफा भ्रमण गर्न भनेर मात्र मानिसहरू रुपैयाँ खर्च गरी टाढाटाढासम्म पुगेका हुन्छन्, तर काठमाडौंवासी आफ्नै घरआँगनको गुफाबारे अनभिज्ञ छन्', महर्जन थप्छन् । उनका अनुसार मञ्जुश्री गुफा भ्रमण गर्न समूहले पथप्रदर्शनको पनि व्यवस्था गरेको छ । गुफामा लामो रुट भ्रमण गरेबापत प्रतिव्यक्ति १ सय र छोटो रुट भ्रमण गरेबापत प्रतिव्यक्ति ५० रुपैयाँ तिरेपछि गुफा भ्रमण गर्न पाइने पनि उनले बताए ।

अहिलेसम्म यो गुफामा ३ सय २५ मिटरको रुट खुलाइएको भए पनि बुद्धिष्ट हिमालय भोलुम ६ १ र २ १९९४-१९९५ मा भेकलभ किल्क र डेनएल गेवियोरले गरेको नक्सांकनमा १ हजार २ सय ५० मिटर लामो भनी उल्लेख गरेका छन् । 'गुफा मुलुककै दोस्रो लामो तथा दक्षिण एसियाकै




तेस्रो लामो गुफा हो', गुफा संरक्षण कार्यमा लागेका इन्जिनियर त्रिरत्न महर्जन बताउँछन् ।

जलविनायक स्थानलाई पर्यटकीय क्षेत्रको रुपमा विकास गर्न सुधार कार्य भइरहेको जसअन्तर्गत वनभोज स्थल निर्माण, चट्टान पार्क निर्माण, बगैंचा तथा पार्क निर्माण आदि कार्य भइरहेको समूहका कोषाध्यक्ष सुजिन्द्र महर्जन बताउँछन् । नेपाल पर्यटक बोर्डको सहयोगमा स्थानीय तीसजना व्यक्तिलाई लोकल टुर गाइडको तालिम प्रदान गरिएको र गुफाभित्र लोकल टुर गाइडमार्फत औपचारिक भ्रमणको व्यवस्था गरिएको उनले बताए ।

उहिले बौद्ध धर्मावलम्बीहरू गुफामा आई ध्यान गर्ने गरेको हुनाले यो बौद्ध धर्मावलम्बीहरूका पनि महत्त्वपूर्ण स्थान रहेको समूहका सचिव दिनेश महर्जनले जानकारी दिए । पर्या पर्यटनको विकासको लगि समूहको परिचयमाला, होर्डिङ वोर्ड, सूचनापाटी निर्माणका लागि पर्यटन बोर्डको सहयोगार्थ आवश्यक सामग्री तयार भइसकेको पनि उनले बताए ।

गुफा भ्रमण गर्दा अक्सिजनको कमी नहुने, गुफाभित्र उकालो, ओरालो, समतल सबै किसिमको बाटो रहेको र गुफाभित्र घिस्रेर हिँड्नु पर्ने साँगुरो ठाउँदेखि १५ देखि २० जना मानिस भेला हुन मिल्ने खुला ठाउँ समेत रहेको पथप्रदर्शक रजनी श्रेष्ठ बताउँछिन् । 'यो ठाउँबारे जानकारी गराइयो भने गुफा भ्रमण गर्न आउने विदेशी पर्यटकको संख्यामा वृद्धि हुनेछ', स्थानीय पथप्रदर्शक उर्मिला महर्जन बताउँछिन् । उनका अनुसार अहिले पनि महिनामा करिब तीसजना मानिस गुफा भ्रमण गर्न आउने गर्छन्, जसमा विदेशी पर्यटकको संख्या निकै कम छ ।

■ **उदयराज आचार्य/काठमाडौं**

# सकिएन जीर्णोद्धार

**ऐतिहासिक पृष्ठभूमि** बोकेको नेपाल संस्कृत छात्रावास अहिले कठिन अवस्थाबाट गुज्रिरहेको छ । दुई वर्षअघि सुरु गरिएको जीर्णोद्धार कार्य पूरा हुन नसक्दा छात्रावासका विद्यार्थीको पढाइमा समेत असर परेको छ । त्यहाँ बसेर आचार्य तहमा अध्ययनरत आनन्द घिमिरे भन्छन्, 'मूर्धन्य व्यक्तिहरूले अध्ययन गरेको छात्रावासको अवस्था नाजुक छ, कसैले पनि सुधारको लागि सोचेको देखिँदैन ।'

नेपाल संस्कृत छात्रावासको सुधारको कुरा धेरै पहिलेदेखि उठे पनि व्यवहारमा लागू भएको छैन । छात्रावास भन्नेबित्तिकै व्यवस्थित अध्ययनकोठा, भान्साकोठा, शौचालय, खानेपानी लगायत सुविधा हुन्छ, तर संस्कृत छात्रावास यी सुविधाबाट वञ्चित छ । विद्यार्थी घिमिरे भन्छन्, 'बर्खाको बेलामा त तपतप पानी चुहिएर कोठामा बसिनसक्नु हुन्छ ।'

राजधानीको मुटु रानीपोखरी नजिकै अवस्थित यो छात्रावासमा बस्ने विद्यार्थीहरू रानीपोखरी संस्कृत विद्यालय र वाल्मीकि विद्यापीठमा शिक्षा हासिल गरिरहेका छन् । राणाकालमा स्थापित संस्कृत छात्रावासको व्यवस्थापन प्रदर्शनी मार्गस्थित वाल्मीकि विद्यापीठले हेरिरहेको छ । तर, विगत ९ महिनादेखि नेपाल संस्कृत विश्वविद्यालयमा उपकुलपति, शिक्षाध्यक्ष र कुलसचिव (रजिस्ट्रार) नियुक्ति हुन नसक्दा योजनाको काममा दूरगामी असर परेको छ । वाल्मीकि क्याम्पसका एक प्राध्यापक भन्छन्, 'नेपाल संस्कृत विश्वविद्यालय पदाधिकारीविहीन भएकाले गर्दा पनि संस्कृत छात्रावासले दुर्दशा भोगिरहनु परेको छ ।'

मुलुकको प्रजातान्त्रिक आन्दोलनसँग प्रत्यक्ष जोडिएको संस्कृत छात्रावासको सुधारतर्फ वर्तमान सरकारले कुनै चासो नदेखाएकोमा विद्यार्थीहरू असन्तुष्टि व्यक्त गर्छन् । उनीहरूको भनाइ छ, 'राणाशासनविरुद्ध चलेको 'जयतु संस्कृतम्'देखि पञ्चायत व्यवस्था र निरंकुश राजतन्त्रविरुद्धको आन्दोलनसम्ममा छात्रावासमा अध्ययनरत विद्यार्थीको महत्त्वपूर्ण योगदान छ । तर, वर्तमान सरकारले यसलाई कुनै महत्त्व दिएन ।' राजा ज्ञानेन्द्रको निरंकुश शासनकालमा प्रहरी बल लगाएर छात्रावासका ६६ विद्यार्थीलाई निष्काशन गरिएको थियो ।

■ **पविता खड्गी/काठमाडौं**







NLL/900256A/07




# गुरुङ चेलीबेटीको पर्व

**पश्चिम नेपालको** गण्डकी प्रदेशको आदिवासी गुरुङ जातिमा आफ्ना चेलीबेटीहरूलाई खुसी पार्ने र मानसम्मान गर्ने रमाइलो पर्व रि च्हमी भव्यताका साथ मनाइएको छ। विक्रम संवत्को पुस पन्ध्र गते यो जातिको नयाँ वर्ष पर्छ। ल्हो अर्थात् वर्ग फेरिने दिन भएकाले अर्को वर्षको सुरुवातको रुपमा नयाँ वर्ष उत्सव गरिने यो पर्व हो, ल्होछार। ल्होछार लगत्तै मनाइन्छ रि च्हमी खुवाउने पर्व।

आफ्ना चेलीबेटीहरूलाई खुसी पार्ने र मानसम्मान गर्ने चलनलाई रि च्हमी खुवाउने भनिन्छ। संस्कृतिकर्मी वृद्ध क्याप्टेन मीनबहादुर गुरुङ भन्छन्, 'क्षेत्रीबाहुनले तीजमा आफ्ना चेलीबेटी मानेजस्तै मान्ने पर्व हो गुरुङहरूको रि च्हमी।'

तीजमा हिन्दु नेपालीहरूले आफ्ना चेलीबेटीहरूलाई तीजमा माइतीमा आउन निम्तो दिने चलन भएझैं गुरुङ चेलीबेटीहरूलाई पनि रि च्हमी खुवाउने बेला त्यसैगरी निम्तो दिइन्छ, तर रि च्हमी खुवाउनका लागि निश्चित दिन भने छैन। संस्कृतिकर्मी क्याप्टेन मीनबहादुर भन्छन्, 'पुसेपन्ध्रपछि माघ महिनाभित्र जुन दिन खुवाए पनि हुन्छ।' पछिल्लो समयमा ल्होछारको निकै प्रचार प्रसार हुने गरेको छ, तर गुरुङ जाति आफैंले यति महत्त्वको साथ ल्होछार मनाउन थालेको धेरै दशक बितेको छैन। हिमालका फेदीमा बस्दै आएको यो जाति समथर पोखरा सहरतिर बाक्लिँदै जाँदा ल्होछारले महत्त्व पाउन थालेको हो, तर रि च्हमी खुवाउने परम्परा भने गाउँमा सुस्त सुस्त रूपमा भए पनि जीवित थियो।

आफ्ना चेलीबेटीलाई घरमा डाकेर मीठो मसिनो खुवाउनु नै यो पर्वको विशेषता हो। 'पहिले पहिले एक मानो चामल र दक्षिणा दिइने चलन थियो', गुरुङ युथ फोरमका सदस्य रतन गुरुङ भन्छन्, 'तर हिजो त्यो चलन हराउन थालेको छ।' 'गाउँघरमा छँदा नजिक भए चामल पठाइन्थ्यो। टाढा भएमा घलेक जस्ता सामान कोसेली पठाउने चलन थियो', संस्कृतिकर्मी मीनबहादुर सम्झन्छन्।

समयसँगै संस्कृतिमा फेरबदल आउनु त स्वभाविकै हो। गाउँघरतिर छँदा र सहर झरेपछि यो पर्व मनाउने शैलीमा पनि परिवर्तन आएको छ। 'गाउँतिर घरमा परिवार-परिवारले मात्रै मनाउने चलन थियो', युवा रतन भन्छन्, 'तर आजकल भने सहरमा समाजघरहरूमा सामूहिक रुपमा मनाइन्छ।' अचेल आ-आफ्नो खलकका चेलबेटी जम्मा गरेर रि च्हमी खुवाइने चलन बढेको छ। रि च्हमीमा माइतीले खुवाएपछि माइतीलाई गुरुङ पुरुषहरूले लगाउने भांग्रा अनि ढाका टोपी दिने चलन पनि हुन्छ। यो चलन पनि आजकल कतै कतै भेटिन्छ।

'गुरुङ जातिमा महिला विशेष पर्व रि च्हमी मात्रै होइन भन्छन्', संस्कृतिकर्मी क्याप्टेन मीनबहादुर। उनकै भनाइमा 'ङि चोलो' त्यस्तो अर्को पर्व हो। यो पर्व ७ वर्षदेखिका १५ वर्षभित्रका तमुस्योहरूको पर्व हो। ७ वर्षदेखि १५ वर्षभित्रको उमेरकी गुरुङसेनी युवतीलाई आमाले अब तिमी ठूलो भयौ भनेर जिम्मेवारी दिइन्छ। अब ठूलो भइस् छोरी भनेर गुन्युँचोलो दिनाले यो पर्वको नाम नै ङि चोलो भएको हो। रि च्हमी पुसेपन्ध्रदेखि माघ महिनाभित्र परिवार परिवारको अनुकूलतामा मनाइन्छ भने ङि चोलोका लागि केही परम्परागत मान्यता छन्।

लामा, झाँक्री वा घ्याब्रीबाट शुभ दिन हेरेर मात्रै यो कर्म पूरा गरिन्छ। पूजापाठ पनि लगाइन्छ। गाउँघरमा एक्लाएक्लै परिवारहरूले गर्दै आएको यो कर्म पनि पोखरातिर भने सामूहिक रुपमै हुन थालेको छ। यसो गर्दा कम खर्चिलो हुने बताउँछन्, मीनबहादुर। खर्चसँगको सम्बन्ध रि च्हमीसँग पनि उस्तै छ। गुरुङ युथ फोरमकी सदस्य सपना गुरुङका अनुसार अघिअघि वर्षभरिका संक्रान्तिहरूमा आफ्ना खलकका दाजुभाइकहाँ खानपिन गर्न जाने चलन थियो, तर केही वर्षयता खलकभरिका चेलीबेटी एकै ठाउँ जम्मा गरेर एकै दिन खुवाउने चलन चल्न थालेको हो। वर्षभरिका संक्रान्तिमा हुने खर्च सबैले एकै ठाउँमा जम्मा गरेर बैंकमा राख्दा त्यसैको ब्याजले पनि खर्च पुग्ने अनुभव सुनाउँछिन्, सपना।

■ **केशव लामिछाने/पोखरा** (तस्बिर: राम गुरुङ)


## मकालु यातायातको बस सेवा

**कलङ्कीबाट छुट्ने : मुख्य कार्यालय, फोन नं. ४२७७५५२, ४२८१९७२, ४२८७३०६**

### काठमाडौंबाट जाने

| | | | |
|---|---|---|---|
| काकडभिट्टा | बिहान ५.०० बजे | पोखरा | बिहान ७.३० बजे |
| भद्रपुर | बिहान ५.१० बजे | वीरगञ्ज रात्रि | बेलुकी ८.१५ बजे |
| मधुमल्ला | बिहान ५.२० बजे | कलैया | बिहान १०.१५ बजे |
| धरान | बिहान ६.०५ बजे | भरतपुर | बिहान ११.४५ र दिउँसो १२.१५ बजे |
| विराटनगर | बिहान ५.४५ बजे र ६ ४५ बजे | शिवनगर | दिउँसो १२.३० बजे |
| राजविराज | बिहान ६.०० बजे | टाँडी पर्सा | दिउँसो १.०० बजे |
| सिरहा/माडर | बिहान ६.१५ बजे | टाँडी-खोलेसिमल | दिउँसो १.४५ बजे |
| मलङ्वा | बिहान ६.३५ बजे | पर्सा-कपिया | दिउँसो २.२० बजे |
| जनकपुर | बिहान ७.२० बजे | पर्साढाप-मेघौली | दिउँसो ४.४५ बजे |
| गौर | बिहान ६.५५ बजे | गीतानगर-जगतपुर | दिउँसो ४.१५ बजे |
| वीरगञ्ज | बिहान ७.०५, १०.१५ र ११.०० बजे | वरथवा | बिहान ७.४० बजे |

### काठमाडौंमा टिकट पाइने स्थानहरू

| कलङ्की | सुन्धारा | गौशाला | लगनखेल |
|---|---|---|---|
| २७३९१२/२८१७०४ | २५३१४२ | ४९३५५७/४९७१३७ | ५५२१६६६ |


### काठमाडौंतर्फ आउने

| | | | |
|---|---|---|---|
| काकडभिट्टाबाट | बिहान ५.०० बजे | वीरगञ्जबाट | बेलुका ८.३० बजे |
| भद्रपुरबाट | बिहान ४.५० बजे | कलैयाबाट | बिहान ८.०० बजे |
| मधुमल्लाबाट | बिहान ४.५० बजे | भरतपुरबाट | बिहान ५.३० बजे |
| धरानबाट | बिहान ४.२० बजे | पर्साबाट | बिहान ५.४५ बजे |
| इटहरीबाट | बिहान ५.००, ५.२०, ६.३० र ७.०० बजे | खोलेसिमलबाट | बिहान १०.३० बजे |
| विराटनगरबाट | बिहान ४.३० बजे | पर्सा-कपियाबाट | बिहान ६.३० बजे |
| राजविराजबाट | बिहान ५.३० बजे | मेघौलीबाट | बिहान ८.४५ बजे |
| सिरहा/माडरबाट | बिहान ५.१५ बजे | जगतपुरबाट | बिहान ८.१५ बजे |
| लहानबाट | बिहान ६.१५, ७.००, ७.१५ र ९.०० बजे | वीरगन्ज रात्रि | बिहान ६.४५ बजे |
| मलङ्वाबाट | बिहान ५.१५ बजे | नारायणगढबाट | बिहान ६.१५, ६.४५, ७.००, ७.४०, ८.००, ८.१५, ८.४५ र दिउँसो ३.०० बजे |
| जनकपुरबाट | बिहान ८.१५ बजे | | |
| गौरबाट | बिहान ५.३० बजे | पार्वतीपुरबाट | दिउँसो १२.०० बजे |
| वीरगञ्जबाट | बिहान ९.००, ११.०० र ११.३० बजे | | |

अन्य स्थानहरू : काँकडभिट्टा र भद्रपुरमा मेची संघको काउन्टर, धरानमा बसपार्क (०२५)२०३७२, विराटनगरबाट बसपार्क नजिकै (०२१) ३०७२७, इटहरीमा पश्चिमचोक, राजविराजमा (०३१) २००९, लाहानमा (०३३) ६०३६६, सिराहामा (०३३) २०२३३, सिराहा/माडरमा (०३३) २०१३१, जनकपुरमा भानुचोक र रामानन्द चोक, मलङ्वामा (०४६) २००४२, वीरगन्जमा (०५१) २१५२६, हेटौडामा भानुचोकमा (०५७) २०५३५, नारायणगढमा पुल्चोक बसपार्क (०५६) २४२०८।

*यात्रुहरूको सुविधाका लागि गौशाला र सुन्धाराबाट नि:शुल्क मिनिबस सेवा उपलब्ध गराइएको छ।*

# नागरिकतामा उभयलिंगी




**नागरिकताबाट विमुख** रहँदै आएका नेपाली नागरिकहरूलाई नागरिकता वितरण गर्न गएको नागरिकता वितरण टोलीले बाँकेको खासकारकाँडा-९ का एकजनालाई लिंगको स्थानमा पहिलोपटक दुवै उल्लेख गरेर उभयलिंगीलाई सरकारी मान्यता प्रदान गरेको छ ।

पहिचानका लागि लामो समयदेखि संघर्ष गर्दै आएका उभयलिंगीहरूले आफ्नो पहिचानको आधारमा नागरिकता पाउनु पर्ने माग गर्दै आइरहेका थिए । जिल्ला प्रशासन कार्यालय बाँकेको नागरिकता वितरण टोलीले बाँकेको खासकारकाँडा-९ का चन्दा रानी (मुसलमान)लाई उभयलिंगीका रुपमा पहिलो पटक नेपाली नागरिकता वितरण गरेको हो ।

विक्रम संवत् २०१५ सालमा चन्दा पुरुषका रुपमा जन्मिएका चन्दाले महिलाको हाउभाउ देखाउँदै आएका थिए । उभयलिंगी तथा समलिंगीहरूको अधिकारका लागि युद्ध लड्दै आएको नीलहीरक समाजले लामो समयदेखि लिंगका आधारमा नागरिकता वितरण गरेर उभयलिंगीहरूको पहिचानलाई महत्त्व नदिएको बताउँदै आएको थियो ।

चन्दा रानीलाई वितरण गरिएको नागरिकताले उभयलिंगीहरूको सही पहिचान बाहिर ल्यान मद्दत पुऱ्याउने हुनाले नेपालमा रहेका सबै उभयलिंगीहरूलाई लिंग नछुट्याएर नागरिकता वितरण गर्न मागसमेत गरेको छ ।

'नेपालमा मात्र नभई संसारमै पहिलो चोटि उभयलिंगीलाई नागरिकता वितरण गरिएको हो । यसले समलिंगीहरूको अधिकारका लागि लड्दै आएका हामी जस्तालाई खुसी बनाएको छ । नेपाल सरकारको यो उदारतालाई हामी कदर गर्छौं', नीलहीरक समाजका अध्यक्ष सुनिलबाबु पन्त भन्छन् ।

मुसलमान परिवारमा जन्मिएका चन्दा मुसलमानले नागरिकता पाएको खुसीमा भनेका थिए, '४८ वर्षको उमेरमा आफ्नो सही पहिचान भएको नागरिकता पाएकोमा खुसी लागेको छ ।' उनलाई वितरण गरिएको नागरिकतामा महिला र पुरुषको पहिचान खुलाउनु पर्ने ठाउँमा नागरिकता वितरण टोलीले 'दुवै' भनेर उनको लिंग तोकेको छ ।

उनलाई विरतण गरिएको पहिलो नागरिकता नं. ६६३०२९/९ रहेको छ भने हाल उनी नीलहीरक समाज नेपालगन्जका साथी शिक्षकका रुपमा कार्यरत छन् ।

■ ज्योति देवकोटा/काठमाडौं




एक्काइसौं शताब्दीमा नेपाल र नेपालीको समुन्नत भविष्य निर्माणको जिम्मा हामी नेपालीकै हातमा छ । त्यसैले हामीमा भएको अपार क्षमतालाई खेर नफालौं ।

नेपाल सरकार
सूचना तथा सञ्चार मन्त्रालय
सूचना विभाग



शिबिरमा शरणार्थी महिलाहरू

# बन्दुक बोक्ने तयारी

■ **ओमआस्था राई/झापा** (तस्बिर पनि)

'शरणार्थी युवाहरू निरास हुँदै गएका छन्, स्वदेश फिर्तीका लागि उनीहरूले हतियार उठाउँदैनन् भन्न सकिन्न', भुटानी मानवअधिकारवादी नेता टेकनाथ रिजालले केही समयअघि झापाका सञ्चारकर्मीहरूसँग कुरा गर्दै भनेका थिए। रिजालले भुटानलाई दबाब दिनमात्रै यस्तो अभिव्यक्ति दिएको हुनसक्छ, तर त्यसलाई सत्य सावित गर्दै 'ड्रयागनको देश'मा सशस्त्र युद्ध गर्ने तयारी सुरु भइसकेको छ।

लेनिन दिवसको अवसर पारेर सन् २००३ को २२ अप्रिलमा अस्तित्वमा आएको भुटान कम्युनिष्ट पार्टी (मालेमा)ले भुटानकै केही पहाडी जिल्लामा सैन्य प्रशिक्षण सञ्चालन गर्दै आएको दाबी गरेको छ। भुकपा (मालेमा)ले आफ्नो भातृ संस्थाको रुपमा सर्भाङ, साम्चीलगायत ६ जिल्लामा विभिन्न संगठन पनि बनाउँदै छ। अहिलेसम्म किसान, विद्यार्थी, शिक्षक र महिला संगठन स्थापना भइसकेका छन्। सांगठनिक र फौजी रुपले बलियो भएपछि सशस्त्र युद्ध सुरु गरिने भुकपा (मालेमा)ले जनाएको छ।

भुकपा (मालेमा)की जिल्ला नेतृ 'कला'को भनाइमा भुटानमा सुरु हुन लागेको 'जनयुद्ध'ले त्यहाँको राजतन्त्रलाई उखेलेर प्रजातन्त्र र मानवअधिकार बहाल गर्नेछ। 'भुटानको राजतन्त्रले शान्तिपूर्ण संघर्षलाई टेर्दैन', कला भन्छिन्, 'त्यसैले जनयुद्धको विकल्प छैन।' भुकपा (मालेमा)ले सुरु गर्न लागेको सशस्त्र युद्धमा पूर्वी नेपालको झापा र मोरङमा बसोवास गर्दै आएका भुटानी शरणार्थीको पनि साथ र सहयोग रहने कला बताउँछिन्।

'युद्ध त हामी भुटानभित्रै लड्छौं', कला भन्छिन्, 'तर शरणार्थी शिविर हाम्रा लागि लडाकु उत्पादन गर्ने क्षेत्र हो।' कला माघ दोस्रो साता सशस्त्र संघर्षका लागि शरणार्थीको समर्थन जुटाउन झापाको बेलडाँगी आएकी थिइन्। उनले शरणार्थीसँग भुकपा (मालेमा)ले आर्थिक सहयोग पनि उठाउँदै आएको बताइन्। 'प्रतिक्रियावादीका लागि यो चन्दा आतंक हुन सक्छ', कला भन्छिन्, 'तर यो एउटा राजनीतिक अभियान नै हो।'

कलाको भनाइमा भुकपा (मालेमा)ले १६ वर्षदेखि कचल्टिएको भुटानी शरणार्थी समस्यालाई वर्गीय विभेदसँग जोडेर हेरेको छ। 'धेरैलाई लाग्छ, शरणार्थीहरू नेपाली मूलका भएकै कारण भुटानबाट लखेटिएका हुन्', कला भन्छिन्, 'तर टिमाई र खुदुनाबारी जानुहोस्, त्यहाँ भुटानी मूलकै सार्छोपहरूलाई पनि शरणार्थी जीवन बिताइरहेको देख्न सकिन्छ।' खासमा भुटानको हुनेखाने वर्गले गरी खाने वर्गलाई देशबाट धपाएको कला बताउँछिन्। 'भुटानमा राजतन्त्र अन्त्य नभएसम्म शरणार्थी बनेका हाम्रा दाजुभाइ स्वदेश फर्किन पाउँदैनन्', कला भन्छिन्। यसैले भुटानी शरणार्थीलाई सशस्त्र युद्धका लागि भौतिक र मानसिक रुपले



बेलडाँगी शिविरमा शरणार्थी युवा भेला गर्दै

तयार पार्ने प्रयास भइरहेको कला बताउँछिन् ।

## युद्धको झिल्को

मिति नतोकिएको 'जनयुद्ध'को झिल्को भुटानमा देखिन सुरु गरिसकेको छ, जसले त्यहाँको राजतन्त्र पनि त्रस्त छ । यसैले भुटानले बेलाबेलामा पूर्वी नेपालमा बसोवास गर्दै आएका शरणार्थीलाई 'आतंककारी'को आरोप लाउँदै आएको छ ।

एक महिनाअघि मात्रै भुटानका प्रधानमन्त्री खाण्डु वाङचुकले त्यहाँको संसद्मा बोल्दै सबै भुटानी शरणार्थी आतंककारी गतिविधिमा संलग्न रहेको गम्भीर आरोप लाएका थिए, जसको खण्डनका लागि नेपालका उपप्रधानमन्त्री केपी ओली नै अघि सर्नुपरेको थियो । त्यसैगरी गत वर्ष भारतीय स्वतन्त्रता दिवस मनाउन आयोजित समारोहमा निम्त्याइएका तत्कालीन भुटानी राजा जिग्मे सिग्मे वाङचुकले पनि यस्तै अभिव्यक्ति दिएका थिए ।

भुटानी सतर्कता राजा र प्रधानमन्त्रीको वक्तव्यमा मात्रै सीमित छैन । गत माघ ९ गते भुटान प्रवेश गरेका एक शरणार्थीलाई त्यहाँको प्रहरीले आतंककारी गतिविधिमा संलग्न रहेको आरोपमा पक्राउ गरेको थियो । झापाको बेलडाँगी-२ का २० वर्षीय शान्तिराम आचार्य भुकपा (मालेमा) सम्बद्ध रहेको र उनलाई भुटानको चुखा जोङखाग क्षेत्रमा पर्ने ताला परियोजनामा विस्फोटका लागि त्यहाँको सुरक्षाव्यवस्था अध्ययन गर्न पठाइएको दाबी भुटानी प्रहरीको छ । यद्यपि, भुकपा (मालेमा)ले एक प्रेस विज्ञप्ति प्रकाशित गर्दै आचार्य आफ्नो पार्टीमा संलग्न नरहेको बताएको छ ।

भुटान सरकारको मुखपत्र 'क्युन्सेल'को अनलाइन संस्करणले जनाएअनुसार आचार्यसँगै उनका सहयोगीहरू अमर ढकाल, दीपेश मगर, राम मगर र प्रवीण मगरलाई पनि पक्राउ गरिएको छ । आचार्यमाथि सन् २००६ को डिसेम्बर-२ मा भारतको जयगाउँसँग जोडिएको भुटानी सहर फुन्चोलिङमा बम विस्फोट गराएको अभियोग पनि लगाइएको छ । उक्त विस्फोटमा चारजना घाइते भएका थिए ।

तर, भुकपा (मालेमा)ले फुन्चोलिङमा भएको विस्फोटलाई युद्धको सुरुवात मानेको छैन । स्रोतका अनुसार भुटानलाई भारतको सहयोग रहेकोले सशस्त्र युद्धका लागि हतार गर्न नहुने निष्कर्ष भुकपा (मालेमा)को छ । यसैले सन् २००१ को नोभेम्बर ७ मा गठित भुकपा (मालेमा)लाई दुई वर्षपछि मात्रै प्रचारमा ल्याइएको थियो ।

## नेपालसँग नाता

भुटानमा हुने सशस्त्र युद्धसँग पूर्वी नेपालमा बसोवास गर्दै आएका १ लाखभन्दा बढी शरणार्थीको प्रत्यक्ष सरोकार रहने त छँदै छ, नेपाली माओवादी पनि त्यसप्रति उदासीन रहन सक्दैन । भुटान सरकारले बेलाबेलामा भुकपा (मालेमा)लाई नेपालका माओवादीले सघाएको आरोप लाउँदै आएको छ ।

क्युन्सेलको दाबीअनुसार सन् २००६ को जनवरीमा नेकपा (माओवादी)ले इलामको दानाबारी जंगलमा भुकपा (मालेमा)का केही लडाकुलाई सैन्य तालिम दिएको थियो । भुटानमा हालै पक्राउ परेका शान्तिराम आचार्यले पनि त्यो तालिम लिएको दाबी क्युन्सेलको छ । तर, भुकपा (मालेमा)ले नेकपा (माओवादी)सँगको सम्बन्धलाई औपचारिक रुपले स्वीकार गरेको छैन ।

यद्यपि, नेकपा (माओवादी)का अन्तर्राष्ट्रिय कमान्ड इन्चार्ज सिपी गजुरेलद्वारा गत जनवरी १५ मा जारी एक प्रेस विज्ञप्तिले नेपाल र भुटानका माओवादीबीचको सम्बन्ध देखाउँछ । विज्ञप्तिमा हालै सम्पन्न '२१ औं शताब्दीमा साम्राज्यवाद र सर्वहारा क्रान्ति' विषयक अन्तर्राष्ट्रिय गोष्ठीमा सहभागी विश्वका चौधवटा माओवादी पार्टीको नाम उल्लेख छ । जहाँ नेकपा (माओवादी) र भुकपा (मालेमा)दुवै छुटेका छैनन् । ■



# खतराको संकेत

**जनआन्दोलन–२ को सफलतासँगै शान्ति आएपछि जाजरकोटका जंगलमा सिकारीहरूको चहलपहल बढ्न थालेको छ । गाउँमै बनेको दुई हजार रुपैयाँको बन्दुक बोकेर हिंड्ने सिकारीहरूको भीडमा व्यवसायिक चोरी सिकारीहरू पनि मिसिन थाल्नुले भने नेपालका दुर्लभ वन्यजन्तुलाई थप संकट आउन लागेको संकेत दिएको छ ।**

■ **छत्र कार्की/जाजरकोट**

**जाजरकोट खलंगाका** मोतीबहादुर विश्वकर्मा अहिले सिकार खेल्न जाने तयारीमा छन् । विश्वकर्मा कुनै पेसेवर सिकारी होइनन्, तर गाउँका अरू साथीहरूसँगै रमाइलोका लागि सिकार जान लागेका हुन् । उनी भन्छन्, 'अहिले घरतिर काम छैन, यसो १०-१२ दिन सिकार गइयो भने साथीहरूसँग बेग्लै रमाइलो पनि हुन्छ, साथै मासु पनि ल्याइन्छ ।

मोतीबहादुर मात्र होइन, यति बेला जाजरकोट जिल्लाका लहँ, नायकपाडा, ढिमे, गर्खाकोट, सीम लगायत विभिन्न गाउँका बासिन्दा हुल बाँधेर विविध वन्यजन्तुको सिकार गर्न लेकतिर जाने योजना बुनिरहेका छन् । माघ सकिनेबित्तिकै जिल्लाको उत्तरी क्षेत्रमा पर्ने नहकुली, फूलबारी, कुसेमुसे, लुहाक, ठूला पाटन लगायत ठाउँमा फैलिएको जंगली भागमा प्रस्थान गर्न आतुर स्थानीय बासिन्दाहरूको लर्को नै देख्न सकिन्छ । खलंगा, कालेगाउँका रमेश डाँगी भन्छन्, 'असार, साउन र भदौ बाहेक अरू महिना त उक्त क्षेत्रमा सिकार गर्न जाने गाउँलेहरूको धुइरो लाग्ने गर्छ ।'

पाँच छजनादेखि दसबाह्रजनासम्मको समूह बनाएर सिकारको लागि उक्त क्षेत्रमा जाने स्थानीय बासिन्दाहरू कहिलेकाहीं त त्यहाँ एक साताभन्दा बढी समय बिताउने गर्छन् । त्यस अवधिको लागि चाहिने खाजासामलको जोहो उनीहरू आफैंले गर्छन् । त्यहाँ जंगली जनावरको सिकार गर्न सफल भएपछि मारेको जनावरको मासु लिएर घर फर्कन्छन् । त्यसपछि सिकारमा संलग्न परिवारबीच दामासाहीले मासु बाँड्ने प्रचलन छ । खासगरी बडादसैं, चैतेदसैं, माघेसंक्रान्ति लगायत चाडपर्वमा सकेसम्म त्यहाँका मानिसले जंगली जनावरको मासुको परिकारको स्वाद लिने प्रयास गर्छन् । जैविक विविधताले भरिपूर्ण उक्त सिकार क्षेत्रमा कस्तूरी, रतुवा बँनेल, चितुवा, थार, घोर लगायत जनावरको सिकार हुने गरेको छ । त्यस अतिरिक्त डाँफे, कालिज जस्ता चराचुरुंगीमा पनि सिकारीको आँखा लाग्ने गरेको छ । सिकारमा गएको समूह एक पटकमा ३-४वटासम्म जनावर मार्न सफल हुने बताइन्छ । अधिकांश सिकारमा जाने गाउँलेहरूले बेच्नभन्दा पनि आफैं खानको लागि सिकारमा गएर वन्यजन्तु मार्ने गरेका छन् । सिकार गर्ने प्रचलन पहिलेदेखि चलिआएको र यो यहाँका मानिसको सांस्कृतिक पक्षसँग पनि सम्बन्धित रहेको धेरैको भनाइ छ । नेपाल कम्युनिष्ट पार्टी (एमाले)बाट प्रतिनिधित्व गर्ने जाजरकोट-२, का सांसद रत्नप्रसाद शर्मा यो भन्छन्, 'चाडपर्वमा मासुको लागि जंगली जनावर मार्ने चलन पुरानो हो, यो मनोरञ्जनसँग पनि जोडिएको छ ।

परम्परा धान्ने नाममा गाउँलेहरूले सिकार गर्ने क्रमले अहिले तीव्रता पाएको छ र त्यहाँ मनोरञ्जन र खानका लागि भन्दा पनि व्यवसायिक चोर सिकारीहरूको संख्या पनि ह्वात्तै बढेको स्थानीय बासिन्दाहरू बताउँछन् । विशेषतः चोर सिकारीले मूल्यवान् 'वीना प्राप्त गर्नको लागि कस्तूरीको सिकारलाई प्राथमिकता दिने गरेको पाइन्छ । कस्तुरीको 'वीनाको मूल्य उच्च भएकाले यसको सिकार गर्न उनीहरू महिनौं दिन लगाएर भए पनि पछि नपरेको देखिन्छ । जंगली जनावरको लागि सिकार गर्न स्थानीयस्तरमा बनाइएको भरुवा बन्दुक प्रयोग गरिएको पाइन्छ । स्थानीय बासिन्दाहरूका अनुसार हलुका काठ र फलामको

पाइपबाट बन्दुक बनाइन्छ। त्यसको लागि चाहिने बारुद चाहिने 'भकिम्लो' नामक काठबाट आउने कोइलाको धुलोमा सोडा र गन्धक मिसाएर तयार गरिन्छ भने त्यसमा सलाईको काँटीमा रहेको मसला पनि उपयोग गरिन्छ। नायकपाडाका पत्रकार महेन्द शाह भन्छन्, 'सिकार जानुअघि नै गाउँलेहरूले सबै सरसामान जुटाएर गाउँमै बन्दुक बनाउन लगाउँछन्। एउटा बन्दुक बनाएको एक हजार रुपैयाँदेखि दुई हजार रुपैयाँसम्म लाग्ने गर्छ।'

प्रतिकूल असर

गाउँलेहरू र पेसेवर सिकारीले भटाभट वन्यजन्तु र पक्षीहरू मार्न थालेपछि यसको प्रतिकूल असर परेको छ। खुलमखुला गोलीगठ्ठा सहित सिकार प्रयोजनको लागि अनियन्त्रित तवरबाट विभिन्न व्यक्तिहरूको जंगल प्रवेशले वन्यजन्तुको संख्यामा कमी आएको छ। माओवादी जनयुद्धका कारण ती क्षेत्रबाट विस्थापित वन कार्यालय नौ महिना बितिसक्दा पनि स्थापना हुन सकेका छैनन्। जंगलमा सिकार गर्ने प्रचलनले उक्त क्षेत्रमा वातावरणीय र सामाजिक असर परेको छ। कार्कीगाउँ-२, का प्रेमबहादुर रोकाया भन्छन्, 'जंगलमा पाएर बन्दुक पड्काएर सिकार गर्दा त्यहाँको वातावरण अशान्त हुन्छ, जसको परिणामस्वरूप त्यहाँ रहेको अरू जनावरलाई समेत प्रत्यक्ष असर पर्छ। रोकायका अनुसार अनियन्त्रित रुपमा सिकार गर्ने परिपाटीले वातावरणीय चक्रमा खलल पुगी त्यस क्षेत्रमा प्रतिकूल प्रभाव देखिन थालेका छन्।

अनियन्त्रित सिकारको शृंखला यही गतिमा बढ्दै जाने हो भने केही वर्षभित्रै यसको प्रभाव जिल्लाका सबै भागमा पर्ने देखिन्छ। यस्तो दूरगामी असरबारे एमाले, कांग्रेस लगायत राजनीतिक दलहरू सचेत भएको भेटिँदैन। खलंगास्थित जिल्ला वन कार्यालयले पनि ती क्षेत्रमा पाइला टेक्न सकेको छैन। सुरुका दिनमा माओवादीले आफूलाई संरक्षणप्रेमीका रुपमा उभ्याउन कोसिस नगरेको होइन, तर उसले यो कामलाई निरन्तरता दिन सकेन। माओवादीले २०५२ सालमा सशस्त्र जनयुद्ध सुरु गरेपछि सुरुका ६ वर्ष सिकार गर्ने क्रममा रोकिएको थियो। माओवादी लडाकु र नेपाली सेनाको दोहोरो भिडन्तमा पर्ने डरले पनि गाउँलेहरू त्यस अवधिमा सिकारको लागि जंगल नगएकाले वन्यजन्तुहरूको संख्या उल्लेखनीय रुपमा बढेको थियो। तर, पाँच वर्षअघि माओवादीले एकलौटीरुपमा सिकार गरिरहेको कुरा प्रकाशमा आएपछि फेरि लुकीछिपी रातारात सिकार गर्ने क्रम सुरु भयो। झन् जनआन्दोलन-२ को सफलतासँगै माओवादी शान्तिपूर्ण राजनीतिमा आएपछि फेरि अनियन्त्रित सिकारको पुनरावृत्ति भएकोमा चिन्ता व्यक्त गर्नेहरूको संख्या ठूलो छ। रोकाया भन्छन्, 'यसलाई समयमै नियन्त्रण नगरेमा पछि विकराल समस्या आउने निश्चित छ।

सिकार गर्ने परिपाटीलाई निरुत्साहित पार्न जनचेतना जगाउनु पर्ने कुरा पनि उठिरहेको छ। नेपाल कम्युनिष्ट पार्टी (एमाले) जिल्ला सचिव डम्बर सिंह भन्छन्, 'यसका लागि सरकारको भूमिका नै प्रभावकारी हुन्छ। ■

# वार्डेन उपाध्याय निलम्बित



दुर्लभ वन्यजन्तु गैंडाको बीसवटा खाग नेपालबाट विदेशमा बेचेको स्विकार्ने याक्चे भन्ने पेम्वा लामालाई कम सजाय गरेको आरोपमा चितवन राष्ट्रिय निकुञ्जका प्रमुख संरक्षण अधिकृत (चिफ वार्डेन) गोपालप्रसाद उपाध्यायलाई सरकारले निलम्बन गरेको छ। फैसलाको विरोधमा जिल्लाका राजनीतिक दल, नागरिक समाज र निकुञ्जकै कर्मचारीले अभियान सुरु गरेपछि सरकारले माघ २१ गते उनलाई दुई महिनाको लागि निलम्बन गरेको हो।

वार्डेन उपाध्यायले गरेको फैसलाको फाइल झिकाएर अख्तियार दुरुपयोग अनुसन्धान आयोगले अनुसन्धान गर्ने भएको छ। याक्चेलाई वार्डेन उपाध्यायले एक लाख रुपैयाँ जरिवाना र पाँच वर्ष कैद सजाय गरेका थिए। ऐनअनुसार वार्डेनले गरेको जरिवाना अत्यधिक भए पनि कैद न्यूनतम हो। याक्चेले निकुञ्जमा बयान दिँदा नै बीसवटा खाग विदेशीलाई बेचेको बताएका थिए। यस्ता व्यक्तिलाई जरिवानासहित कैद पनि अत्यधिक अर्थात् १५ वर्ष हुनु पर्नेमा कम भएपछि विरोध भएको हो।

निर्णयको विरोधमा सबैभन्दा पहिला सौराहाका होटल व्यवसायी र पूर्वी चितवनको मृगकुञ्ज मध्यवर्ती उपभोक्ता समिति निस्किएका हुन्। माघ ८ गते भरतपुरमा कार्यक्रम गरेर यी दुईले फैसलाको विरोधमा वातावरण बनाए। जिल्लाका राजनीतिक दल, पर्यटन व्यवसायी र सामुदायिक वनका उपभोक्ताहरूले १९ सदस्यीय गैंडा बचाउ दबाब समूह गठन गरी निकुञ्जमा तालासमेत लगाएका थिए। अभियान तीव्र हुँदै गएपछि सरकार कारबाही प्रक्रिया सुरु गर्न बाध्य भएको हो।

वन तथा भूसंरक्षण मन्त्रालयले माघ ८ गते नै द्वि-सदस्यीय छानबिन समिति बनाएको थियो। मन्त्रालयको कानुन शाखाका उपसचिव फणीन्द्रराज गौतम संयोजक र मन्त्रालयकै सहायक संरक्षण अधिकृत झमकबहादुर कार्की सदस्य रहेका उक्त समितिले प्रतिवेदन तयार गरेर मन्त्रालयमा बुझाएको छ। त्यो प्रतिवेदन भने अझै सार्वजनिक भएको छैन। फैसलाको विरोधमा निकुञ्जकै रेन्जरहरू पनि रहेका छन्। माघ ९ गते बसेको रेन्जरहरूको बैठकले वार्डेन उपाध्यायको निर्णयविरुद्ध सरकारी वकिलसँग परामर्श गरी पुनरावेदन गर्ने निर्णय गरेको थियो।

वार्डेन उपाध्यायले पुस २६ गते उक्त मुद्दाको फैसला गरेको थिए, तर निकुञ्जका अन्य कर्मचारीले यो कुरा माघ ७ गते पत्रपत्रिकामा समाचार आएपछि थाहा पाएको सहायक संरक्षण अधिकृत करुण पण्डित बताउँछन्। त्यसै दिन भएको नारायणगढका गोकुल पन्तको फैसला पनि विवादास्पद छ। खाग व्यवसायमा संलग्न भनिएका पन्तलाई उपाध्यायले एक लाख रुपैयाँ जरिवाना मात्र गरेका छन्। अर्को मुद्दा पनि भएकाले पन्त त्यस दिन नछुटेका हुन्। चितवन निकुञ्जका गैंडा तस्करहरूले धमाधम मारिरहँदा ठूला तस्करहरूलाई सहुलियतपूर्ण सजाय दिन थालेपछि तीव्र विरोध भएको हो।

याक्चेलाई २०६२ साल असारमा निकुञ्जले समातेको हो। उनले यति बेला कम सजाय पाउनुका साथै बिरामीको बहाना बनाएर भरतपुर कारागारमा नभई गत वर्षदेखि काठमाडौंमा बस्दै आएका छन्। कारागार आउनासाथ मानसिक रोगी भनेर उनी निस्कने सुरमा थिए। मानसिक रोग अस्पतालका वरिष्ठ चिकित्सकको सिफारिससहित उनले पुनरावेदनमा मुद्दा पनि दिएका थिए, तर अदालतले कारागार छाड्ने आदेश दिएन।

त्यसपछि उनी लिभरको रोगी भन्ने भरतपुर अस्पतालको सामान्य सिफारिसको आधारमा काठमाडौं जान पाएका हुन्। उपाध्यायको विरोधमा अभियान चलाएकाहरूले यो काण्डको पनि छानबिन हुनु पर्ने र याक्चेलाई तत्काल भरतपुर कारागार ल्याउनु पर्ने माग गरेका छन्।

■ **रमेशकुमार पौडेल/चितवन**




भास्कर ओझा

# पुराना नारा, नयाँ योजना

**माओवादीले देशव्यापी अभियानमार्फत संगठन र धाक पुनःस्थापित गर्ने योजना बनाएको छ भने मधेसी आन्दोलनकर्मीबाट तराईका धेरै ठाउँमा खेदिएको माओवादीले आफ्नो अन्तिम अस्त्र अध्यक्ष प्रचण्डलाई पहिलो पटक वक्ताको रुपमा प्रस्तुत गर्दै छ।**

■ **सुवास देवकोटा/काठमाडौं**

**तराईको आन्दोलनका** कारण त्यहाँ कमजोर देखिएको र मुलुकभरि नै रक्षात्मक बनेको नेपाल कम्युनिष्ट पार्टी (माओवादी)ले देशव्यापी अभियानमार्फत संगठन र धाक पुनःस्थापित गर्ने योजना बनाएको छ। मधेसी आन्दोलनकर्मीबाट तराईका धेरै ठाउँमा खेदिएको माओवादीले यो अभियानमा आफ्नो अन्तिम अस्त्र अध्यक्ष प्रचण्डलाई पहिलो पटक वक्ताको रुपमा प्रस्तुत गर्दै छ। प्रचण्डलगायत वरिष्ठ नेताहरूको उपस्थितिले कार्यकर्ता पंक्ति उत्साहित हुने तथा मधेसी आन्दोलनकर्मीसँग भिड्न सकिने माओवादी नेताहरूको विश्लेषण छ। माओवादी केन्द्रीय सदस्य तथा विधायक दीनानाथ शर्मा भन्छन्, 'राजनीतिक कार्यक्रम लिएर जनताको बीचमा जान पार्टीलाई कसैले रोक्न सक्दैन र कतै समस्या पर्छ भन्ने पनि मलाई लाग्दैन।' बाह्र वर्षअघि 'जनयुद्ध' थालेकै दिन फागुन १ गतेदेखि सुरु हुने माओवादीका आमसभाहरूको यो अभियान विराटनगर, जनकपुर, वीरगन्ज, बुटवल, नेपालगन्ज, घोराही, धनगढी, पोखरा हुँदै फागुन २३ गते जुम्लामा समाप्त हुँदै छ।

मधेसी आन्दोलनका कारण विगतदेखि आफूले उठाउँदै आएका राजनीतिक नाराहरू खोसिएकोमा चिन्तित माओवादीले आमसभा अभियानमा लगाउने राजनीतिक नारा पनि निश्चित गरेको छ। तेह्रबुँदे ती नारामध्ये धेरै शान्ति सम्झौता र अन्तरिम संविधान निर्माणका क्रममा माओवादीले त्यागेको थियो। सरकारसँगको सम्झौताका बेला त्यागेका नारा माओवादीले किन पुनः उठायो त? गत साता पत्रकारहरूसँग माओवादी अध्यक्ष प्रचण्डले भनेका थिए, 'दसौं हजारको रगतको मूल्यमा हामीले स्थापित गरेका राजनीतिक नारा हामीबाट खोस्ने षड्यन्त्र भएकाले हामीले आफ्ना धारणा पुनः सार्वजनिक गर्न आवश्यक ठानेका हौं।' अहिले तराईको आन्दोलनको माग बनेका 'संघीय लोकतान्त्रिक गणतन्त्र, समानुपातिक तथा समावेशी निर्वाचन प्रणाली तथा आत्मनिर्णयको अधिकारसहितको जातीय तथा क्षेत्रीय स्वायत्तता' माओवादीले लामो समयदेखि उठाउँदै आएको थियो।

सम्झौताका क्रममा छाडेका नाराहरू पुनः उठाउँदा सरकारसँगको सम्झौता संकटमा पर्ने सम्भावना रहे पनि माओवादी नेताहरू भने त्यस्तो सम्भावना अस्वीकार गर्छन्। 'सरकारसँगको सम्झौताबाट हामी पछि हटेका होइनौं, हामीले हाम्रा धारणा मात्र सार्वजनिक गरेका हौं', माओवादी केन्द्रीय सदस्य शर्मा भन्छन्, 'हामीले अहिले यी माग उठाउनु भनेको हाम्रो राजनीतिक स्थान स्पष्ट पार्नु मात्र हो।' माओवादीले उठाएका १३ मागमा अन्तरिम सरकार छिटै बन्नुपर्ने, संविधानसभा निर्वाचनको मिति तत्काल घोषणा गर्नुपर्ने, 'जनमुक्ति सेना'को भरणपोषणको व्यवस्था गर्नुपर्ने, रायमाझी आयोगको प्रतिवेदन कार्यान्वयन गर्नुपर्ने, राजा र राजपरिवारको सम्पत्ति राष्ट्रियकरण गर्नुपर्ने लगायतका छन्। आफ्ना मागहरू पूरा नभए तथा आगामी जेठमा संविधानसभाको निर्वाचन नगराए यिनै मागका आधारमा शान्तिपूर्ण आन्दोलन गर्ने पनि माओवादी नेताहरूले बताएका छन्।

## माओवादीका मागहरू

१. बृहत् शान्ति-सम्झौता पूर्ण रुपले कार्यान्वयन गर
२. संघीय लोकतान्त्रिक गणतन्त्र तुरुन्त घोषणा गर
३. संयुक्त अन्तरिम सरकार अविलम्ब निर्माण गर
४. संविधानसभा निर्वाचनको मिति तुरुन्त घोषणा गर
५. समानुपातिक तथा समावेशी निर्वाचन प्रणाली लागू गर
६. आत्मनिर्णयको अधिकार र जातीय तथा क्षेत्रीय स्वायत्तताको ग्यारेन्टी गर
७. किसान, मजदुर, महिला, दलित लगायत जनवर्गका जायज मागहरू पूरा गर
८. जनमुक्ति सेनाको भरणपोषणको उचित व्यवस्था गर
९. सहिद परिवार, बपत्ता र राजबन्दीहरूका समस्या समाधान गर
१०. रायमाझी आयोगको प्रतिवेदन सार्वजनिक गर
११. जनयुद्ध र जनआन्दोलनका दमनकारीहरूलाई सख्त कारबाही गर
१२. राजा र राजपरिवारको सम्पत्ति तुरुन्त राष्ट्रियकरण गर
१३. भौगोलिक अखण्डता, स्वाधीनता र सार्वभौमिकताको रक्षा गर

### जनपरिषद् पुनर्गठन

अन्तरिम संविधान जारी हुनुअघि समानान्तर सरकारका रुपमा सक्रिय रहेको 'संयुक्त क्रान्तिकारी जनपरिषद्'लाई माओवादीले पुनर्गठन गरेर पुनः सक्रिय बनाएको छ । माओवादी केन्द्रीय सदस्य तथा परिषद्का सदस्य शर्माका अनुसार नयाँ परिस्थितिमा परिषद्लाई जनवर्गीय तथा जातीय संगठनहरूको मोर्चा बनाउने योजना माओवादीको छ । परिषद्का संयोजक वरिष्ठ नेता डा. बाबुराम भट्टराईलाई पुनः बनाइएको छ र सदस्य सचिवमा पनि देव गुरुङलाई पुनः राखिएको छ । अध्यक्ष प्रचण्डको उपस्थितिमा माघ १६ र १७ गते काठमाडौंमा भएको बैठकले पुनर्गठन गरेको परिषद्को सचिवालय सदस्यहरूमा कृष्णबहादुर महरा, दीनानाथ शर्मा, मातृका यादव, नन्दकिशोर पुन, लेखराज भट्ट, खड्गबहादुर विक, शिवराज गौतम, तीलक परियार र जयपुरी घर्ती छन् । ३३ सदस्यीय परिषद्लाई संघर्षको माध्यम बनाउने पार्टीको योजना रहेको शर्मा बताउँछन् ।

राजनीतिक प्रतिस्पर्धामा अब्बल हुन विभिन्न उपाय अपनाउने क्रममा माओवादीले 'योङ कम्युनिष्ट लिग' नामको नयाँ संगठनलाई क्रियाशील बनाएको छ । केही महिनाअघि गठित लिगको माघ १९ र २० गते काठमाडौंमा भएको पहिलो भेलाले गणेशमान पुन मगरलाई नै पुनः अध्यक्ष बनाएको छ । अध्यक्ष पुन यसअघि माओवादी सैन्यको डिभिजन कमान्डर थिए । माओवादी नेताहरूका अनुसार लिगलाई लडाकु संगठन बनाइनेछ । लिगको भेलामा माओवादी सैन्य नेता नन्दकिशोर पुनले भने पनि, 'यो संगठनले सेनाको भ्रूणका रुपमा विकास गर्ने क्रममा जनमुक्ति सेना हुँदै क्रमभंगतामा युवा लिग निर्माण भएको हो ।' कार्यक्रममा वरिष्ठ नेता बादलले लिगलाई लडाकु संगठन बनाउन लागेको पुष्टि गर्दै भने, 'षड्यन्त्रहरू भएमा लिगले निर्णायक विद्रोहको निम्ति महत्त्वपूर्ण भूमिका निर्वाह गर्नुपर्नेछ र गर्नेछ ।' माओवादी सम्बद्ध सबै संगठनका पदाधिकारी र सदस्यहरूको नाम र परिचय सार्वजनिक भइसक्दा पनि ४५ सदस्यीय नवगठित लिगको अध्यक्ष बाहेक सदस्यहरूको परिचय खुलाइएको छैन । सदस्यमा निर्वाचित सबैको छद्म नाम मात्र सार्वजनिक गरिएको छ ।

माओवादी नेताहरूबाट बारम्बार 'षड्यन्त्र भए विद्रोह हुने' उल्लेख भइरहेका बेला गठित यो संगठनको निर्माणले माओवादी सहरी विद्रोहको तयारीमा रहेको आरोपलाई नै बलियो बनाएको छ । गत साता भारतको राजधानी दिल्लीमा वरिष्ठ माओवादी नेता सिपी गजुरेलले माओवादी सहरी विद्रोह गर्ने योजनामा रहेको खुलासा गरेको समाचार सञ्चारमाध्यमहरूमा प्रकाशित भएको थियो । यद्यपि, गजुरेलले वक्तव्यमार्फत उक्त समाचारको खण्डन गरिसकेका छन् भने अन्य माओवादी नेताहरू संचारमाध्यमहरूले आफ्नो पार्टीलाई बदनाम गराउन सहरी विद्रोहको रणनीतिमा माओवादी रहेको प्रचार गरेको बताउँछन् ।








विदेशमा जोखिमपूर्ण काम गर्ने नेपालीहरूको संख्या ठूलो छ

## फेरि आत्महत्या

दोहामा कार्यरत दिलेन्द्र राईले तनावका कारण माघ २२ गते आत्महत्या गरेको कतारबाट प्रकाशित विभिन्न स्थानीय पत्रिकाहरूले जनाएका छन्। विगत तीन वर्षदेखि दोहाको कपाल काट्ने पसलमा कार्यरत राई आफ्नै कोठामा झुन्डिएको अवस्थामा फेला परेको ती पत्रिकाहरूले जनाएका छन्। उनी मर्दाखेरि उनको हातमा पाँच महिनाअगाडि विवाह भएकी पत्नीको चिठी थियो। 'उनको कुनै समस्या नै थिएन, समयमा नै तलब पाइरहेका थिए। के भयो कुन्नि ?' उनीसँगै काम गर्ने एक नेपालीले भने।

दोहामा विगत २ वर्षमा १० जना नेपालीले आत्महत्या गरिसकेका छन् भने गत वर्ष १ सय ४३ जना नेपाली विविध कारणले मरिसकेका छन्।

# न सास, न लास

■ **ज्योति देवकोटा/काठमाडौं**

धन कमाउने आसमा विदेश पलायन भएका नेपालीहरूको मृत्युमा पछि उनीहरूको लास स्वदेशको माटो पर्खिरहेको छ। ऋण काढेर विदेशिएका आफ्ना सन्तानको जिउँदो मुख देख्नु त कता हो, मृत लास पनि देख्न नपाइने हो कि भन्ने पिरलोले अहिले आफन्तलाई सताउन थालेको छ। सरकार र विभिन्न अधिकारवादीको ढोका ढकढकाउँदा पनि साउदी अरेबियामा मृत्यु भएका आफन्तहरूको लास ल्याउन नसकिएपछि अहिले साउदी अरेबियामा मृत्यु भएका एक दर्जन आफन्तहरू पीडाले रन्थनिएका छन्।

विगतका केही वर्षदेखि बेरोजगार युवाहरूका लागि खाडी मुलुक प्रमुख गन्तव्यस्थल बन्दै आएका छन्, तर कामको सिलसिलामा त्यहाँ पुगेका कामदाहरूको मृत्यु हुँदा लास झिकाउने जस्तो संवेदनशील कुरामा सरकारले खासै पहल गर्न सकेको छैन। आफन्तको मृत्युबाट रन्थनिएका परिवारलाई सरकारले समेत ठाडो जवाफ दिन थालेपछि उनीहरूको घाउमा नुनचुक छरेजस्तै भएको छ। सरकार आफ्नो उत्तरदायित्वबाट पन्छिन खोजेपछि नेपालमा रहेका आफन्तहरू अहिले मानवअधिकारवादी, राजनीतिक दल र संघसंस्थामा लास झिकाउनको लागि सरकारसँग पहल गरिदिनका लागि धाउन थालेका छन्।

कामका लागि साउदी पुगेका नेपालीहरूको संरक्षणमा खासै चासो नदेखाएको नेपाल सरकारले त्यहाँका अस्पतालहरूमा मृत अवस्थामा रहेका नेपालीको लास झिकाएर आफन्तको जिम्मा लगाउने जस्तो संवेदनशील कुरामा पनि जिम्मेवार बनेको छैन। अहिले साउदी अरेबियामा मृत्यु भएका एक दर्जन लास नेपाल ल्याउने प्रक्रियामा नेपाल सरकारको परराष्ट्र मन्त्रालय गैरजिम्मेवार बनेको कारण मृत्यु भएको महिनौं बितिसक्दा पनि आफन्तहरूले काजकिरियासम्म गर्न पाएका छैनन्।

कामको सिलसिलामा साउदी अरेबिया पुगेका बाह्रजना नेपालीका लास अहिले साउदी अरेबियाको अल अमसामी रियाद, अल इमान रियाद, अल जुवाई लगायतका अस्पतालमा अलपत्र रहेका छन्। साउदी जदिद सनैयामा तीन महिनाअघि भएको सडक दुर्घटनामा मृत्यु भएका झापा लखनपुरका राजकुमार राई, सिख-३ म्याग्दीका हेमपुन मगर, शनिश्चरे-३ मोरङका रामबहादुर राई, याङसिला-५ सुनरीका गोमबहादुर मगर, मजुवा-४ कास्कीका रामबहादुर परियार, भैरहवाका सुरेश गुरुङलगायत नाम नखुलेका बाह्रजना नेपालीका लास अहिले अलपत्र परेका छन्।

मुस्लिम कानुनअनुसार लासलाई ५ महिनाभन्दा बढी राख्न मिल्दैन र गैरमुस्लिमहरूको दाहसंस्कार पनि गर्न नमिल्ने हुँदा अस्पतालको चिस्यान केन्द्रमा नेपाली लास थन्काइएका छन्। 'हामी परराष्ट्र मन्त्रालयको ढोका धाउँदै थाकिसक्यौं, वैदेशिक कामदारका लागि जाने नेपालीले भित्र्याएको रेमिट्यान्सको ख्याल गरेर भए पनि त्यहाँ रहेका लासहरू नेपाल ल्याइदिन पहल गरिदेओस् भन्ने सरकारसँग हाम्रो आग्रह छ', आफन्त रनसिंह राई बताउँछन्। तर, नेपाल सरकारले ठाडै गैरजिम्मेवार जवाफ दिएको उनको दुखेसो छ।

अहिले कामदारका रुपमा खाडी मुलुकमा झन्डै दुई लाख नेपाली रहेको अनुमान छ। 'लगभग ४० हजार गैरकानुनी रुपमा कार्यरत छन्', साउदी अरेबियाबाट भर्खरै नेपाल फर्केका प्रवेश वान्तवा बताउँछन्। 'सासका लागि कुनै पहल नभएको पनि लासका लागि त सरकारले पहल गरिदिनु पर्‍यो', सडक दुर्घटनामा ज्यान गुमाएका छोराको लास कुरिरहेका मृतक राजकुमार राईका बाबु पृथ्वी चाम्लिङ राईको भनाइ छ।

साउदीको दूतावासबाट चिठी आएको दुई महिनापछि परराष्ट्र मन्त्रालयले यसको लागि सरकारसँग खर्च नभएको ठाडो जवाफ दिएर पन्छिन खोजेको छ भने नेपालमा रहेका आफन्तहरूको कानमा मृत्यु भएको तितो खबर आइपुग्दा पनि लास ल्याउन लाग्ने कानुनी हर्जना र टिकटको लागि चाहिने खर्च व्यहोर्न नसक्ने र यसका लागि सरकारले पहल गरिदिनु पर्ने भन्दै सरकारी ढोका ढकढकाउँदै आएका छन्। 'कि नेपाल सरकारले नागरिक होइनन् भन्नु पर्‍यो कि लास ल्याउने पहल गर्नु पर्‍यो', मृतक रामबहादुर राईका ससुरा रनसिंह राई बताउँछन्।

साउदी अरेबियास्थित नेपाली राजदूतावासले पनि नेपालको परराष्ट्र मन्त्रालयले कुनै जवाफ नदिएकाले आफूले केही गर्न नसक्ने भनेर पन्छिँदै आएको बताउँछन्, चन्द्र चाम्लिङ। 'नेपालीको लास ल्याउर्न परराष्ट्रसँग कुनै बजेट नरहेको र त्यसका लागि आफन्तले आफैं व्यहोर्नु पर्ने' भनेर साउदीमा रहेको राजदूतावास पन्छिँदै आएको छ। ■

# मुसहरलाई मुस्किल



**त्यसो त यी मुसहरमाथि दाताहरूको दृष्टि नपरेको होइन, तर उनीहरूले गरेको सहयोगले मुसहरको मुस्किल कम भएको छैन । मुसहरको जीवनशैली र दाताहरूले गर्ने सहयोगको तालमेल मिलेको छैन ।**

**विश्वमै नाम** चलेको पर्यटकीय क्षेत्र पूर्वी चितवनको सौराहा छेउको मालपुर गाउँका २५ घर मुसहर परिवारलाई सौराहको चहलपहलले पटक्कै छुँदैन । उनीहरू त आधुनिक विश्व र विकाससँग बेखबर भएर आफ्नो जीवन बिताइरहेका छन् ।

देश विदेशबाट आउने पर्यटकहरू राप्ती र बूढी राप्तीमा डुंगा चढेर आनन्दित हुन्छन्, तर यिनै खोलामा माछा मारेर गुजारा चलाउने मुसहरले बारबन्देज सहनु परेको छ । माछा मार्न दिउँसोभन्दा राति उपयुक्त हुन्छ, तर राति माछा मार्न नपाइने नियम लगाइएको छ ।

बगडा माझी (मुसहर) गुनासो गर्छन्, 'रातमा दुवाली थापेर भुरा माछा पार्ने गर्थ्यौं, तर अचेल त्यसो गर्न नपाइने भएको छ ।' जंगली जनावरको चोरीसिकारी बढेपछि उनीहरूले यस्तो प्रतिबन्ध सहनु परेको हो । अरूले गलत काम गर्दा आफूहरूलाई मर्का परेको गुनासो गर्छन्, पाका मुसहर भेडाराम माझी ।

त्यसो त यी मुसहरमाथि दाताहरूको दृष्टि नपरेको होइन, तर उनीहरूले गरेको सहयोगले मुसहरको मुस्किल कम भएको छैन । मुसहरको जीवनशैली र दाताहरूले गर्ने सहयोगको तालमेल मिलेको छैन ।

दाताहरूकै सहयोगमा बनेको टिनको छानो र प्लास्टर गरेको इँटाको गारो भएको घरमा उनीहरू बस्ने गर्छन् । मुसहर ड्रप अर्गनाइजेसनले विदेशबाट सहयोग जुटाएर उनीहरूका लागि घर बनाइदिएको हो । राम्रा घरमा बस्न पाए पनि मुसहरहरू खुसी छैनन् । घर भएर के गर्नु छाक टार्ने समस्या ज्यूका त्यू छ । परिवार संख्या बढेकाले घर साँघुरो भएको छ ।

सानो ठाउँ ओगटेर बनाइएका २५ घरमा तीन सयभन्दा बढी बस्ने गर्छन् । एउटा मात्र कोठा भएको घरमा दुई तीनवटा विवाहित जोडी सहित १०-१५ जना बस्नु पर्ने बाध्यता उनीहरूलाई छ । त्यसैले पक्की घरमा बसे पनि उनीहरूले सुविस्ता महसुस नगरेका हुन् ।

ती घरमा नअटेकाहरूलाई छुट्टै राख्न भनेर दाताहरूको सहयोग आएपछि १५ कट्ठा जग्गा किन्ने काम पनि भइसकेको छ । घर बनाउन भने सुरु भएको छैन । मुसहरकै नाममा लालपुर्जा बनाई घर निर्माण गरिदिने योजना दाताको हो । तर मुसहरको नागरिकता नभएकाले यो काम अगाडि बढेको छैन । फागुन १४ गते गाउँमा नागरिकता दिन टोली आउँदै छ । त्यति बेला मुसहरले नागरिकता पाए भने एउटा समस्या हल हुन्छ ।

नागरिकता नभएर मुसहरहरूले अरू पनि समस्या भोग्नु परेको छ । माछा मारेर मात्र गुजारा गर्ने उनीहरूलाई ट्र्याक्टर चलाउने बनाउन ड्राइभिङको तलिम दिइयो । तालिम पाएर उनीहरू निपुण पनि भए, तर तालिम पाएका चारजनालाई चालक अनुमतिपत्र दिलाउन नागरिकता नभएकाले नसकेको मृगकुञ्ज मध्यवर्ती उपभोक्ता समितिका अध्यक्ष वासु ढुंगाना बताउँछन् ।

रैथाने भए पनि चाहिने आवश्यक कागज पत्र जुटाउन नसक्दा उनीहरूले नागरिकता नपाएको बछौली गाविसका सचिव तेजेन्द्र लामिछाने बताउँछन् । गत वर्ष जिल्ला प्रशासनमा पटकपटक आफू नै धाएको तर प्रमुख जिल्ला अधिकारी नागरिकता दिन तयार नभएको पनि लामिछानेले सुनाए । जन्म दर्ता नगर्नु र बाबुबराजुले पनि नागरिकता नलिएकाले यिनीहरूले झमेला व्यहोर्नु परेको हो ।

माझी मुसहर टोल विकास संस्थाका सचिव हरिविष्णु माझी भन्छन्, 'नागरिकता लिन पहिला वास्ता नगरी बसियो, बच्चाको जन्म दर्ता गराइएन । अहिले समस्या भयो ।' बासमती माझीका ८८ वर्षीय हजुरबुवाकै नागरिकता छैन । अरूले आफूहरूलाई इन्डियन भन्ने गरेको दुखेसो उनले पोखिन् ।

यी कुराले मालपुरका मुसहरहरू राज्यबाट पाउनु पर्ने आधारभूत अधिकारबाट वञ्चित रहेको देखाउँछ । नयाँ काम गर्नलाई पनि नागरिकता चाहियो त्यस्तो कामबाट कमाइ भयो भने सुरक्षित तरिकाले बैंकमा राख्न पनि नागरिकता नै पेस गर्नु पर्ने हुन्छ । नागरिकता नभएपछि नयाँ काम गर्न र कमाएर बचत गर्न उनीहरूले पाएका छैनन् । जसले गर्दा दिनभरि माछा बेचेर भएको कमाइ साँझ सक्ने प्रवृत्ति कायमै छ ।

नयाँ कामप्रति जागरुक नहुनु र कमाएको बचत गर्ने बानी नपरेकाले उनीहरूको जीवन नबदलिएको तर्क गर्छन्, सौराहाका पर्यटन व्यवसायी गिरिधारी चौधरी । मालपुरका मुसहरलाई नजिकैबाट नियालिरहेका उनले भने, 'बाहिरबाट आएको सहयोगले मात्र हुने होइन । त्यस्तो सहयोग त प्रशस्त आएको छ, तर उनीहरू जस्ताका तस्तै छन् ।' जीवनस्तर सुधार्नका लागि आफैंले केही गर्नु पर्छ भन्ने भावना उनीहरूमा जगाउनु पर्ने बताउँछन्, चौधरी ।

संस्थाहरूले मुसहरलाई बोकाबाख्रा पनि नदिएको होइन, तर ती त्यसै नासिए । मृगकुञ्ज मध्यवर्ती उपभोक्ता समितिले गत वर्ष मुसहर ताल बनाएको छ । यस वर्ष पनि एउटा ताल थप्ने योजना समितिको छ । तालमा माछा पालन गर्ने र ती माछा मुसहरलाई मार्न दिने समितिका अध्यक्ष वासु ढुंगाना बताउँछन् । एउटा तालबाट वर्षमा एक लाख रुपैयाँ आम्दानी हुने उनले बताए । मुसहरले गर्दै आएको पेसा भएकाले यसले फलदायी परिणाम ल्याउने उनले आशा गरेका छन् ।

■ **रमेशकुमार पौडेल/सौराहा** (तस्वीर पनि)



डोटी सदरमुकाम सिलगढी



# छुट्टै टीका

शैलेश्वरी मन्दिर

**शैलेश्वरी मन्दिर प्रवेश घटनामा दलितहरू पिटिएको पुगनपुग पाँच महिनामा सिलगढी शान्त छ, तर दलितहरू आफ्नो आवाज दबाइएको र मन्दिरमा दलितका लागि छुट्टै टीका र प्रसादको व्यवस्था गरेर अझै पनि भेदभाव गरिएको बताउँदै छन् ।**

■ श्याम भट्ट/सिलगढी, डोटी (तस्बिर पनि)

**क्षेत्रीय दलित** सञ्जालका अध्यक्ष कुमार टेलर पाँच महिनाअगाडि भएको शैलेश्वरी मन्दिर प्रवेशलाई पूर्णताविना टुंग्याइएको अनुभव गर्दै छन् । दलितहरूलाई पिट्नेमध्येका १८ जना दोषीहरू कोही पहुँचवाला कोही नेता, कोही कर्मचारी र संघ संस्थासँग आबद्ध व्यक्ति भएकाले उनीहरूलाई कुनै कारबाही हुन सकेको छैन । घटनाको मुख्य उपलब्धि भने दलितहरूले मन्दिरभित्र प्रवेश पाएका छन्, जुन घटना हुनुअघि नै वार्ताद्वारा समाधान भइसकेको थियो । जसले आन्दोलनका लागि संघर्ष गरेका हुन्, उनीहरूले केही पनि पाएनन् । किनकि अझै पनि शैलेश्वरी मन्दिरभित्र दलितहरूका लागि छुट्टै टीका र प्रसादको थाल छुट्याइएको छ ।

टेलर भन्छन्, 'आन्दोलन हामीले गर्दा भएको भनेर दलितका सम्बन्धमा काम गर्ने गैरसरकारी संस्थाहरूले रिपोर्ट बनाई आफ्ना दातृ निकायलाई बुझाए । जसका कारण उनीहरूले व्यक्तिगत फाइदा मात्र लिए, पीडितहरू हेरेको हेर्‍यै छन् । आर्थिक उपार्जनका लागि उनीहरूले शैलेश्वरी घटनालाई स्वअनुकूल बनाउने प्रयास गरेका छन् ।'

सिलगढीमा दलितका लागि काम गर्ने आधा दर्जन गैरसरकारी संघसंस्थाहरू रहे पनि उनीहरूबीच एकापसमा खिचातानी रहेको टेलरको कथनले समेत पुष्टि गर्छ । जुन विडम्बनाको विषय पनि हो । नेपाली कांग्रेस प्रजातान्त्रिकका कार्यवाहक सभापति रामप्रसाद उपाध्यायका अनुसार पनि दलितहरूले आफ्ना अधिकारका लागि स्वभाविक लडाइँ लडे पनि भनेजस्तो नभएको तर पाउनु पर्ने चाहिँ पाएको मूल्यांकन गर्छन् । शैलेश्वरी आन्दोलनका कारण कुनै समुदाय, संघसंस्था वा व्यक्ति नभएको र राजनीतिक दल र नागरिक समाजको अगुवाइमा यहाँका स्थानीय बासिन्दाले लडाइँ लडेको बताउँदै उपाध्याय भन्छन्, 'एक्काइसौं शताब्दीमा पनि उही पुरानो संस्कार हावी भएकाले सिलगढी घटना भएको हो ।'

वास्तवमा कुनै बेला सम्पूर्ण डोटी प्रदेशको राजधानी रहेको सिलगढी अहिले एकान्तमा परको छ । सिलगढीका सहायक प्रमुख जिल्ला अधिकारी रमेश गौतम यहाँ पुगेको तीन महिना भयो । आफ्नो यो बसाइमा उनले सकेजति सिलगढीलाई बुझ्ने प्रयास गरेका छन् । आफूले सोचेभन्दा भिन्न यहाँको सामाजिक परिवेश पाएकोमा उनी खुसी छन् । सञ्चारमाध्यमद्वारा फैलिएका समाचारबाट उनको सिलगढी बुझाइ बेग्लै भएको थियो, सिलगढी सम्झिँदा उनी शैलेश्वरी पनि सम्झन्थे । उनी सिलगढीलाई अत्यन्त सामाजिक भेदभाव रहेको जिल्लाका रुपमा चिन्दथे । गौतम भन्छन्, 'सामाजिक विभेद नभएको होइन, तर न्यून भइरहेको मैले महसुस गरेको छु ।' सानो सिलगढी मिलेरै बसेको थियो । त्यसको निरन्तरताको खाँचो छ ।

सदरमुकाममा परम्परादेखि नेवार समुदायको बाहुल्यता छ । दोस्रो बाहुल्यता दलितको नै हो । यसपछि मात्र अन्य जाति यहाँ बस्दै आएका छन् । राणा शासनकालमा उनीहरूसँगै नेवार समुदाय सिलगढी आएर बस्न थालेको मानिन्छ । झन्डै आधा दशकअघि सुरु भएको मन्दिर प्रवेश



छ, सबै मिलेर यसको समाधान खोज्नतर्फ लाग्नु पर्छ ।

पाँच वर्षअघि सदरमुकाममा आयोजित दलित महिलाको एउटा कार्यक्रमबाट शैलेश्वरी प्रवेश गर्ने मुद्दा उठेको थियो । कार्यक्रममा पूर्वसभामुख दमननाथ ढुंगानाको समेत उपस्थिति थियो । त्यसै बेला युवराज दीपेन्द्रले मन्दिरमा पूजाआजा गर्दा २ घन्टा ढिलो भएपछि अभियान रोकिएको बताउँछन्, कार्यक्रममा उपस्थित स्थानीय पत्रकार शंकर थापा । डोटी जिल्लामा छुवाछुत ठूलो समस्या हो । ग्रामीण भेगमा अझै पनि यसले जरो गाडेको छ, तर सदरमुकाममा भने यो समस्या कम हुँदै गइरहेको थियो । मन्दिर प्रवेश आन्दोलन चर्काउनुभन्दा गाउँबस्तीमा गएर दलितका पीडा बुझ्नेतर्फ कसैको ध्यान गएको पाइँदैन सबैले सदरमुकामलाई नै केन्द्र बनाउने गरेकाले यो समाजिक अपराध निमिट्यान्न हुन नसकेको बताउँदै थापा भन्छन्, 'दलित अधिकारका कार्यक्रम गाउँ पस्न जरुरी छ ।'

भन्नका लागि सम्पूर्ण क्षेत्रको सदरमुकाम रहेको डोटीले आफू यति ठूलो क्षेत्र रहेछु भन्ने महसुस गर्न सकेको छैन । सेतीको पानी खेर गएझैं डोटेली सपना अहिलेसम्म खेर गएका छन् । क्षेत्रको भौगोलिक परिवेश हेर्दा पनि कसरी क्षेत्रीय सदरमुकाम छानिएको होला अचम्मै लाग्छ । क्षेत्रका नाममा प्राविधिक शिक्षालय, रेडियो नेपालबाहेक डोटीले अहिलेसम्म केही पाएको लाग्दैन स्थानीय बासिन्दालाई । ५० गाविस रहेको डोटीका आधाभन्दा धेरै गाविसबाट सदरमुकाम पुग्न तीन दिन लाग्छ । अधिकांश गाविसलाई सडकको रेखाले छुनसम्म सकेको छैन । नेपाल एकीकरण हुनुअघिको बृहत् डोटेली राज्य सिंगो नेपालभित्र समाहित भएपछि आफ्नो गौरवशाली राजनीतिक उपस्थितिका कारण इतिहासमा चर्चामा नै रहेको पाइन्छ । डा. के आई सिंहकै पालाभन्दा अघिदेखि आफ्नो राजनीतिक उपस्थिति देखाए पनि डोटीको शैक्षिकस्तरमा कछुवा गतिमा भएको परिवर्तनलाई उनीहरूले आत्मसात गर्नुबाहेक विकल्प छैन । यही चेतनास्तरका कारण यहाँ लगायत सम्पूर्ण क्षेत्रमा यो सामाजिक कुसंस्कारले जरो गाडेको हो । अधिकांश ग्रामीण क्षेत्रका बासिन्दाले आफ्नो घर चलाउन भारतमा भर पर्नु पर्ने नियति छ ।

प्रकृतिको अनुपम उपहारका रुपमा रहेको खप्तड राष्ट्रिय निकुञ्ज जाने द्वारका रुपमा रहेर पनि सिलगढीले कोल्टे नफेर्नु विडम्बनाका रुपमा स्थानीय बासीन्दाले लिएका छन् । कवि राजेन्द्र थापाका शब्दमा सुदूरपश्चिमको विकासका लागि खप्तडको विकास गरे पुग्छ । युरोप, अमेरिका, एसियाका थुप्रै देश भ्रमण गरेका थापाका अनुभवमा खप्तडजस्तो भूस्वर्ग कहीं छैन । स्विजरल्यान्ड राम्रो भौतिक विकासले नै विकसित भएको हो, यहाँ पनि त्यस्तै गर्न बाँकी छ । कैलाली, डोटी, अछाम र बझाङसँग जोडिएको यस जिल्लालाई अझै पनि विकटताको सूचीमा राख्दा अनुपयुक्त हुँदैन । सामाजिक कुसंस्कार त हुने नै भयो । ■

आन्दोलनले गत भदौमा पूर्णता पाएको थियो । आफ्नो विजयोत्सवमा झन्डै एक सयजनाले मन्दिर प्रवेश गरेपछि सदरमुकाममै रहेको अर्को राधाकृष्ण मन्दिर प्रवेश गर्न आँट्दा भएको भनिएको झडपका कारण फेरि शैलेश्वरी नै राष्ट्रिय समाचारको शीर्षक बन्न पुग्यो । घटनाका कारण दलित र गैरदलितबीच भएको विवादका कारण केही दलित परिवार र संचारकर्मीले समेत सिलगढी छोड्नु परेको थियो । विवाद राधाकृष्ण मन्दिरबाट सुरु भए पनि शैलेश्वरी प्रवेश गरेको झोकमा गैरदलितहरूले आफूहरूमाथि आक्रमण गरेको पीडित दलितहरू बताउँछन् । मुलुक अग्रगमनको दिशामा गइरहेका बेला भएको यो सामाजिक किचलोका कारण केन्द्र नै सक्रिय भएपछि अठारजनालाई घटनाका दोषी मानियो । अहिलेसम्म यससम्बन्धी मुद्दा चलिरहेको छ । आज शैलेश्वरी घटना भएको पुगनपुग पाँच महिना हुँदा सिलगढी शान्त छ, प्रमुख जिल्ला अधिकारी बलदेवप्रसाद भट्टका अनुसार घटनामा दलितहरूले आफ्ना पाँच दर्जन व्यक्ति घाइते भएको बताए पनि अहिलेसम्म क्षतिपूर्तिका लागि रीतपूर्वक दाबी गर्न कोही आएको छैन ।

घटनापछि सामाजिक सम्बन्धमा आएको चिसो यद्यपि सिलगढीमा रहेको भुक्तभोगीहरू बताउँछन् । मुख्यतया दलितहरूलाई होच्याएर बोल्ने काम अहिलेसम्म पनि निरन्तर छ । समाजमा दलितहरू र गैरदलितबीच सद्भाव कायम गराउन गैरदलितहरू नै अघि बढ्नु पर्ने अनिमात्र सामाजिक सम्बन्धमा सुधार आउने विषयमा केही साताअघि पाँच दल सम्मिलित बैठकमा आफूले कुरा राखेको बताउँदै टेलर भन्छन्, 'क्षतिपूर्तिका लागि जिल्लाबाट नहुन सक्दा गृह मन्त्रालयलाई अनुरोध गर्नु पर्ने भएको छ ।'

दलित अधिकारका लागि काम गर्दै आएको नेपाल राष्ट्रिय समाज कल्याण संघका अध्यक्ष असोक जैरुका अनुसार काम नगरेर पनि आफूलाई ठूलो देखाउने प्रवृत्ति हावी भएको छ, यो दुःखद कुरो हो । शैलेश्वरी प्रकरण अधुरै

# थामियो आन्दोलन

■ सुवास देवकोटा/काठमाडौं
तस्वीरहरू : भास्वर ओझा



प्रधानमन्त्री गिरिजाप्रसाद कोइराला बालुवाटारमा तराइ आन्दोलनका मागहरूमाथि सम्बोधन गर्दै

**प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाको दोस्रो सम्बोधनले तराईको हिंसात्मक आन्दोलन मत्थर हुने देखिएको छ । मधेसी नेताहरू समेत प्रधानमन्त्रीबाट मधेसीको माग सम्बोधन भएकोमा उत्साहित देखिएका छन् ।**



**सत्तारुढ सात दल** र माओवादीको समर्थनमा प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले राष्ट्रवासीको नाममा सम्बोधन गरेपछि तीन सातादेखि तराईमा चलिरहेको हिंसात्मक प्रदर्शनको सिलसिला मत्थर हुने निश्चित देखिएको छ । माघ २४ गते राति प्रधानमन्त्री निवास बालुवाटारबाट प्रधानमन्त्रीले सम्बोधन गरेलगत्तै त्यहाँ उपस्थित राजनीतिक दलका मधेसी नेताहरूले मधेसी जनताको माग पूरा भएको बताएका थिए । समानुपातिक निर्वाचन र संघीय राज्यप्रणाली सरकारले नस्विकारे आठ दल गठबन्धनबाट अलग्गिने चेतावनी दिँदै आएको सद्भावना आनन्ददेवीका शीर्षस्थ नेताहरूले पनि प्रधानमन्त्रीको सम्बोधनबाट सन्तुष्ट रहेको बताए ।

आठ दल र तिनका मधेसी नेताहरू प्रधानमन्त्रीको सम्बोधनबाट मधेसको समस्या समाधान भएको निष्कर्षमा पुगे पनि चालू आन्दोलनको नेतृत्वकर्ता मधेसी जनअधिकार फोरमको प्रतिक्रिया यो समाचार तयार पार्दासम्म प्राप्त भएको छैन । यसैगरी तराईमा हिंसात्मक गतिविधि संचालन गर्दै आएका जयकृष्ण गोइतको जनतान्त्रिक मुक्तिमोर्चा र ज्वाला सिंहको जनतान्त्रिक तराई मुक्तिमोर्चाले प्रधानमन्त्रीको सम्बोधनलाई कसरी लिने हुन् भन्ने पनि अझै स्पष्ट छैन । तर, प्रधानमन्त्रीको सम्बोधनमा 'सबै आन्दोलनरत पक्षसँग आन्दोलन फिर्ता लिन तथा शान्तिपूर्ण वातावरणमा वार्ता र संवादको माध्यमबाट आफ्ना माग एवं समस्याहरूको समाधान खोज्न' अपिल गरिएकाले ती समूहहरू पनि वार्तामा आउने र समस्याको शान्तिपूर्ण समाधान हुनेमा विश्वास गर्नेहरू धेरै छन् । गत साता सरकारले कृषिमन्त्री महन्थ ठाकुरको संयोजकत्वमा गठन गरेको वार्ताटोलीबाट पत्र प्राप्त भएको आधारमै उपेन्द्र यादवको नेतृत्वमा रहेको फोरमले सकारात्मक प्रतिक्रिया दिइसकेको सरकारी वार्ताटोलीका सदस्य तथा स्थानीय विकासमन्त्री राजेन्द्र पाण्डे बताउँछन् । उनका अनुसार गोइत र ज्वाला सिंह समूहसँग भने सरकारी वार्ताटोलीको अझै औपचारिक सम्पर्क हुन सकेको छैन र उनीहरूलाई पत्र पनि पठाइएको छैन ।

पूर्वी र मध्य तराईको जनजीवन अस्तव्यस्त बनाएको तथा २७ जनाको ज्यान लिएको आन्दोलन कसको नेतृत्व र नियन्त्रणमा छ भन्ने अन्योल रहेको अवस्थामा आठ दलका मधेसी नेता, सद्भावना (आनन्ददेवी) र फोरमको सकारात्मक प्रतिक्रियाले मात्र आन्दोलन मत्थर हुनेमा शंका गर्नेहरू पनि धेरै छन् । तर, राजनीतिक दलका मधेसी नेताहरूलाई भने प्रधानमन्त्रीको सम्बोधनले मधेसको समस्या सम्बोधन गरेकाले आन्दोलनले निरन्तरता पाउनेमा विश्वास छैन । नेपाली कांग्रेस केन्द्रीय सदस्य रामवरण यादव भन्छन्, 'मधेसको समस्या र त्यहाँका जनताको माग सम्बोधन भएको छ, अब समस्या समाधान हुन्छ ।' एमाले केन्द्रीय सदस्य रामचन्द्र झाको विचार पनि यादवको भन्दा भिन्न छैन । 'प्रधानमन्त्रीको सम्बोधनले मधेसको समस्या मूलरुपमा सम्बोधन भएको छ, बाँकी समस्या वार्ताबाट समाधान गर्न सकिन्छ', झा भन्छन् । सद्भावना आनन्ददेवीका महामन्त्री राजेन्द्र महतोको उत्साह यादव र झाकोभन्दा बेसी देखिन्छ । महतोको विचार छ 'मधेसको माग यही हो नि, अब किन आन्दोलन हुन्छ ।'

### के फरक छ अघिल्लोभन्दा ?

आठ दलका शीर्षस्थ नेताहरूले अनेकौं पटक माथापच्ची गरेर तयार गरेको प्रधानमन्त्रीको सम्बोधनमा 'समान जनसंख्या र भौगोलिक अनुकूलता तथा विशिष्टताका आधारमा निर्वाचन क्षेत्र निर्धारण गरिनेछ' भनिएको छ । 'मधेसको जनसंख्याको प्रतिशतको आधारमा निर्वाचन क्षेत्र बढाइने' प्रतिबद्धता पनि प्रधानमन्त्रीको सम्बोधनले गरेको छ । सम्बोधनमा निर्वाचन क्षेत्र जति नै समानुपातिक निर्वाचन प्रणालीबाट प्रतिनिधित्व हुने संख्या बढाइने पनि उल्लेछ । पछिल्लो सम्बोधनले संघीय लोकतान्त्रिक राज्यप्रणाली निर्माण गरी शासन प्रणालीमा मधेसी, दलित, आदिवासी, जनजाति, महिला, पिछडिएको क्षेत्र र वर्ग लगायत सबै जनताको सहभागिता गराइने पनि बताएको छ ।

प्रधानमन्त्रीको पछिल्लो सम्बोधनमा उल्लिखित विषयहरू गत साताको प्रधानमन्त्रीको सम्बोधनमै आएको भए पनि 'अविलम्ब अन्तरिम संविधानमा संशोधन गरी आवश्यक व्यवस्था मिलाइनेछ' भन्ने प्रतिबद्धता नयाँ सम्बोधनमा थप भएको छ । वार्तामा संलग्न नेताहरूका अनुसार प्रधानमन्त्रीको सम्बोधनले भौगोलिक विशिष्टताका आधारमा एक निर्वाचन क्षेत्र भएका जिल्लाको निर्वाचन क्षेत्र नघट्ने गरी अन्य जिल्लामा बढेको जनसंख्याका आधारमा निर्वाचन क्षेत्र थप्ने व्यवस्था गरेको छ । यो व्यवस्थाले अन्तरिम संविधानमा उल्लेख भएको २ सय ५ निर्वाचन क्षेत्र अब बढ्नेछ भने त्यसैअनुसार संविधानसभामा ४ सय २५ सदस्यको यसअघिको

# पृतनापति राणामाथि कारबाहीको माग

दल, माओवादी आन्दोलन र सञ्चार क्षेत्रविरुद्ध सार्वजनिक रूपमा अभिव्यक्ति दिएका नेपाली सेना पश्चिम पृतना पोखराका कायममुकायम पृतनापति दिलीपविक्रम राणाविरुद्ध कडा कारबाही गर्न आठ दलले प्रधानमन्त्रीसमक्ष माग गरेका छन् ।

पोखरामा सोमवार आयोजित पृतना सम्मेलनमा राणाले आफ्नो १३ पृष्ठ लामो भाषणमा तराई आन्दोलनविरुद्ध परिचालित हुन तयार रहन आफू मातहतका सैनिकहरूलाई निर्देशन दिनुका साथै जुनसुकै बेला मधेसी आन्दोलनविरुद्ध सेना परिचालन हुनेसमेत बताएका थिए । उनले संयुक्त राष्ट्रसंघ, सरकार र माओवादीसँग तराईमा सेना परिचालन गर्नेबारे सल्लाह भइसकेको पनि उल्लेख गरेका थिए ।

राजधानीमा सैनिक प्रवक्ता अनन्तकुमार थेवेले राणाको विचार व्यक्तिगत भएकाले त्यसको जिम्मेवारी उनी आफैंले लिनुपर्ने बताएका छन् । सभामुख सुवासचन्द्र नेम्वाङले मंगलवार संसद्मा प्रधानसेनापति रुक्मांगत कटवालसँग यसबारे स्पष्टीकरण मागेका थिए । स्पष्टीकरण दिँदै कटवालले राणाको भनाइ सेनाको आधिकारिक भनाइ नभएको उल्लेख गर्दै सेना जनताको भएको र यो सरकारको खटनबाट मात्र चल्ने बताएका छन् । माओवादी र सरकारबीच भएको शान्ति सम्झौताअनुसार ब्यारेकमा रहेको सेना तराई आन्दोलनविरुद्ध खटाउनेबारे मन्त्रिपरिषद्मा अनौपचारिक रूपमा छलफल भए पनि पनि शान्ति प्रक्रियामा बाधा पुग्ला भनी नखटाउने निर्णय भएको हो । कारबाहीका लागि राणालाई सैनिक मुख्यालय बोलाइसकिएको जानकारी दिँदै कटवालले उनीमाथि उचित कारबाही प्रक्रिया सुरु गरिने जानकारी दिएका छन् ।

काठमाडौंस्थित युद्धभैरव गणमा बाहिनीपति रहेका राणा तीन महिनाअघि पोखरा सरुवा भएका थिए ।



आठ दलको बैठक सकिएर तराइ आन्दोलनबारे प्रधानमन्त्रीले सम्बोधन गरेपछि सामूहिक तस्वीर खिचाउँदै नेताहरू

# जेठमै चुनाव गर्ने प्रतिवद्धता

मधेसी, जनजाति, आदिवासी, दलित, पिछडिएको समुदायको मागलाई सम्बोधन गर्ने क्रममा प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले माघ २४ गते पुन: जेठभित्र संविधानसभाको निर्वाचन गर्ने प्रतिवद्वता दोहोर्‍याएका छन ।

तर निर्वाचनको तयारीका लागि पूर्व शर्त मानिने ऐन/नियमको अभावमा विद्यमान गतिरोधले जेठमा संविधान सभा सम्पन्न गर्न निकै कठिन देखिएको छ । अर्को तर्फ आयोगको कार्यक्रम अनुसार मतदाता नामावली संकलन धाँधलीपूर्ण भएको भन्दै माओवादीले उपत्यकाका केहि गाविसको सुचि गायव गरेपछि चुनावी वातावरणको झर्न खलवलिएको छ ।

माओवादीको त्यस्तो व्यवहारप्रति प्रमुख निर्वाचन आयुक्त भोजराज पोखरेलले पत्रकार सम्मेलन आयोजना गरि २५ गते असन्तुष्टि व्यक्त गरेका छन । हिमाली क्षेत्रका ५८ गाविसमा मतदाता नामावली संकलन सुरु नहुनु र तराईका १० जिल्लाको कार्यक्रम आन्दोलनका मारमा पर्नुले जेठको साइत झनै अनिश्चित बनेको छ ।

'मतदाता नामावली संकलन छिटफुट बाहेक कार्यक्रम अनुसार नै भएको छ,' आयोगका प्रवक्ता लक्ष्मण भट्टराई भन्छन्- 'तर पनि आवश्यक ऐन/नियम जति चाँडो बन्छ त्यही अनुसार निर्वाचन घोषित तिथिमा सम्पन्न गर्न सहज हुन्छ ।'

संविधान सभा निर्वाचनका लागि आवश्यक आधा दर्जन ऐन, नियमावली र दुई दर्जन निर्देशिका मध्ये मतदाता नमावली सम्वन्धि ऐन मात्र बनेकोले काम खासै अघि बढ्न सकेको छैन । नामावली संकलन सम्वन्धि तालिका अनुसार २७ गतेदेखि दावी विरोध र फागुन १४ गते अन्तिम नामावली प्रकाशित गरिने भनेपनि तराईका आधा भागमा फागुनभरीमा नाम संकलन हुने सम्भावना समेत देखिएको छैन ।

निर्वाचन आयोग, दल दर्ता सम्वन्धि, निर्वाचन अदालत, संविधान सभा सम्वन्धि र निर्वाचन अपराध सम्वन्धि ऐन जरुरी भएपनि अन्तरिम संसदको प्राथमिकतामा परेको छैन । माघ भरिमा यी कानून नआए संविधान सभा सम्पन्न नहुने चेतावनी प्रमुख आयुक्तले पटक पटक दिएपनि मधेशको आन्दोलनले गर्दा विधायिका संसद यसमा प्रवेश गर्न पाएको छैन । ■

व्यवस्था पनि परिवर्तन हुनेछ । निर्वाचन क्षेत्र परिवर्तन र विभाजनका निम्ति छिट्टै सरकारले एक आयोग बनाउने र त्यसैले निर्वाचन क्षेत्र निर्धारणसम्बन्धी सिफारिस सरकारलाई बुझाउने स्रोत बताउँछ । तराईको समस्या समाधान भए पनि दलित, आदिवासी, जनजातिले पुन: आफ्नो माग राख्दै आन्दोलन गर्ने सम्भावनालाई विचार गर्दै प्रधानमन्त्रीको सम्बोधनले 'मुलुकको राज्य संरचनाका सबै अंगहरूमा मधेसी, दलित, आदिवासी, जनजाति, महिला, मजदुर, किसान, पिछडिएका वर्ग र क्षेत्र सबैलाई समानुपातिक समावेसी आधारमा सहभागी गराइने' पनि प्रतिबद्धता व्यक्त गरेको छ । मधेसी, जनजाति र आदिवासीले प्रमुख माग बनाएको संघीय राज्यप्रणालीलाई पनि प्रधानमन्त्रीको सम्बोधनमा समेटिएको छ । मधेसीले वर्षौंदेखि आफ्नो प्रमुख समस्या बताउँदै आएको नागरिकता वितरणलाई पनि संविधानसभाको निर्वाचनअघि नै पूरा गर्ने प्रतिबद्धता सम्बोधनले व्यक्त गरेको छ ।

यी सबै विषय प्रधानमन्त्रीको अघिल्लो सम्बोधनमै उल्लेख भए पनि गत सम्बोधनभन्दा फरक नयाँ सम्बोधन आठ दलको सहमतिमा आएको छ । यसैगरी प्रधानमन्त्रीको नयाँ सम्बोधनमा मधेसी आन्दोलनकारीलाई प्रतिगमनकारी षड्यन्त्रको गोटी नभनेर आन्दोलनकारीकै रुपमा सम्बोधन गरिएको छ तथा आन्दोलनका क्रममा मारिएकालाई सहिदको दर्जा दिइएको छ । प्रधानमन्त्रीबाट सम्बोधनमा आन्दोलनका क्रममा घाइते भएकालाई उपचार गर्ने, जीउधनको नोक्सानी र क्षति भएका परिवारलाई उचित राहत दिने प्रतिबद्धता पनि व्यक्त गरिएको छ ।

प्रधानमन्त्रीको गत साता र अहिलेको सम्बोधनलाई राजा ज्ञानेन्द्रको गत वर्षको वैशाख ८ र ११ को सम्बोधनसँग पनि केहीले दाँजेका छन् । उनीहरूका अनुसार राजा ज्ञानेन्द्र र प्रधानमन्त्री कोइरालाका दुई सम्बोधनबीच धेरै विषयमा समानता भए पनि दोस्रो सम्बोधन गर्दा राजा ज्ञानेन्द्रले मुलुकमा लोकप्रियता र सत्ता गुमाएका थिए भने वैदेशिक समर्थन पनि उनीसँग थिएन, तर प्रधानमन्त्री कोइरालासँग अझै मुलुकमा लोकप्रियता र सत्ता छ तथा वैदेशिक समर्थन कायमै छ ।

यसअघि अमेरिकी राजदूत जेम्स एफ मोरियार्टीले अमेरिका तराई आन्दोलनको शान्तिपूर्ण समाधानको पक्षमा रहेको दोहोर्‍याउँदै यसबारे प्रधानमन्त्रीसँग चासो व्यक्त गरेका थिए । भारत, बेलायतलगायतका अन्तर्राष्ट्रिय समुदायले तराई आन्दोलनमा उठेका मागहरू जायज भएको ठहर्‍याउँदै शान्तिपूर्ण तवरले यसको समाधान खोजिनुपर्ने बताउँदै आएका थिए ।


प्रधानमन्त्रीसँग भएको भेटका क्रममा माओवादीले असली हतियार शिविरमा राखे/नराखेको तथा उसका अन्य गतिविधिबारे मोरियार्टीले चासो व्यक्त गरेका थिए । संविधानसभाको चुनाव समयमा हुने/नहुनेबारे समेत अमेरिकी चासो व्यक्त गर्दै राजदूतले माओवादी अझै उनीहरूको आतंकवादी-सूचीमा भए पनि वासिङ्टनले युएसएडका नेपालमा चलिरहेका कार्यक्रमहरू सुचारु राख्न स्वीकृति दिएको जानकारी प्रधानमन्त्रीलाई दिएका थिए ।

## असहमतिबीचको सहमति

प्रधानमन्त्रीको सम्बोधनलाई समर्थन गरेका आठ दल गठबन्धनका नेताहरूले आफ्नो फरक अडान भए पनि जेठभित्रै संविधानसभाको निर्वाचन गराउन प्रधानमन्त्रीको सम्बोधनमा सहमति जनाएको बताएका छन् । प्रधानमन्त्रीले वक्तव्य सार्वजनिक गरेपछि संचारकर्मीसँग कुरा गर्दै एमाले महासचिव माधवकुमार नेपालले भने, 'आफ्ना फरक अडान भए पनि जेठमा संविधानसभाको निर्वाचन गर्न हामीले सहमति गरेका हौं ।' एमालेले केही पहिलेदेखि संविधानसभाको निर्वाचनमा समानुपातिक निर्वाचन पद्धति अपनाउनु पर्ने अडान राख्दैआएको थियो । सत्तारुढ सात राजनीतिक दल र माओवादीबीच गत कात्तिक २२ गते राजनीतिक सहमति हुँदा पनि एमालेले समानुपातिक निर्वाचन पद्धति र राजतन्त्रबारे जनमत संग्रह हुनु पर्ने आफ्नो फरक मत राखेको थियो ।

आफ्नो राजनीतिक मुद्दा अन्य राजनीतिक शक्तिहरूले खोसेकोमा गुनासो गर्दै आएको माओवादीले पनि पछिल्लो समयमा समानुपातिक निर्वाचन पद्धतिको वकालत गर्न थालेको थियो तथा तिनै मागलाई आधार बनाएर आन्दोलन गर्ने समेत बताएको थियो । यद्यपि, अन्तरिम संविधान निर्माणमै मिश्रित निर्वाचन पद्धतिमा सहमति जनाइसकेको माओवादीले समानुपातिकको पक्षमा अडान राख्ने स्थिति थिएन । माघ ५ गते लाहानमा रमेशकुमार महतोलाई गोली हानी हत्या गरेपछि तराईमा कमजोर बनेको माओवादी पनि प्रधानमन्त्रीको सम्बोधनपछि तराई समस्या समाधान हुने तथा पुन: तराई प्रवेश गर्न सहज हुने विश्वासमा छ । प्रधानमन्त्रीको सम्बोधनपछि संचारकर्मीहरूको प्रश्नको उत्तर दिँदै माओवादी अध्यक्ष प्रचण्डले भने, 'अब तराईको समस्या समाधान हुन्छ, हामी सबै ठाउँमा जान्छौं ।'

समानुपातिक निर्वाचन पद्धतिको विपक्षमा नेपाली कांग्रेसको एक्लो अडान प्रधानमन्त्रीको सम्बोधनमा पनि पुन: लागू भएको छ । प्रधानमन्त्रीको सम्बोधनले पनि अन्तरिम संविधानले व्यवस्था गरेजस्तै संविधानसभाको निर्वाचनमा मिश्रित निर्वाचन प्रणाली नै अपनाउने निश्चित गरेपछि नेपाली कांग्रेसको अडान विजयी भएको हो । प्रधानमन्त्रीको सम्बोधनपछि नेपाली कांग्रेस केन्द्रीय सदस्य अर्जुननरसिंह केसीले भने, 'तराईको समस्या सम्बोधन भएकाले अब समस्या बाँकी रहँदैन, सबै राजनीतिक दलहरू तराई गएपछि समस्या बाँकी रहँदैन ।' ■



मध्यपूर्वी तराइका अधिकांश सहरबजारमा झण्डै तीन सातासम्म यस्तो दृश्य नौलो रहेन

# कर्ताको पकडबाहिर

■ **ओमआस्था राई/इनरुवा** (तस्वीर पनि)

'यो हाम्रा केन्द्रीय अध्यक्षज्यूको गृहजिल्ला हो', माघ १७ गते इनरुवामा पत्रकारहरूसँग कुरा गर्दै मधेसी जनअधिकार फोरमका सुनसरी अध्यक्ष सत्यनारायण मेहताले भनेका थिए, 'यसकारण हामी यहाँ सकेसम्म संयम र अनुशासन कायम राख्न चाहन्छौं।'

तर, भोलिपल्ट नै त्यो संयम र अनुशासन तोडियो। माघ १८ गते विद्युत् प्राधिकरणको इनरुवा उपशाखामा भएको आगजनीको तस्बिर खिचिरहेका मधेसी मिडिया मिसनका देवनारायण मेहता पक्राउ परेपछि झन् उत्तेजनामा आएका प्रदर्शनकारीले प्रहरीमाथि ढुंगामुढा प्रहार गर्न थाले।

प्रहरी निरीक्षक चक्र बस्नेतले हत्तपत्त अध्यक्ष मेहतालाई मोबाइल सम्पर्क गरी प्रदर्शनकारीलाई संयममा नराखे ठूलो धनजनको क्षति हुनसक्नेतर्फ सचेत गराए। मेहताले प्रत्युत्तर दिए, 'तपाईंहरू सडकमा रहन्जेल साथीहरूको रिस मर्दैन, त्यसैले यहाँबाट फर्किहाल्नूस्, स्थिति आफैं सामान्य हुँदै जान्छ।'

तर, सडकको दुवैतिर हजारौं प्रदर्शनकारी रहेकाले प्रहरी टोली अल्मलियो। मेहताले अलि अगाडि बढेर बीचको सानो गल्लीबाट फर्किन सकिने उपाय देखाइदिए। तर, त्यो गल्ली छिर्ने ठाउँसम्म पुग्दा प्रदर्शनकारीको आक्रोशको सिकार भइने डर प्रहरीलाई थियो। त्यसैले निरीक्षक बस्नेतले सोधे, 'हामी गल्ली छिर्दासम्म तपाईं प्रदर्शनकारीलाई रोक्न सक्नुहुन्छ त ?'

मेहताले वचन दिएपछि प्रहरी टोली अलि अगाडि बढेको मात्रै के थियो, प्रदर्शनकारीहरू आँधीको गतिमा इँटा, ढुंगामुढा, माटो, बालुवा बर्साउँदै आए। 'केहीले उनीहरूलाई रोक्न खोज्दै थिए', प्रहरी निरीक्षक बस्नेतले भने, 'तर रोक्ने खोज्नेहरूको केही जोर चलेन, हेर्दाहेर्दै हामीमाथि ढुंगा र इँटा बर्सिन थाले।'

भाग्ने ठाउँ नै नपाएपछि प्रहरीले गोली चलाउन थाल्यो। गोली लागेर बबियाका १८ वर्षीय श्यामसुन्दर मेहताले घटनास्थलमै प्राण त्यागे। इनरुवाका १९ वर्षीय हरि मेहता उपचारका लागि धरान पुऱ्याइए पनि बाँचेनन्। अरू झन्डै आधा दर्जन प्रदर्शनकारी घाइते भए। उनीहरूको धरानमा उपचार भइरहेको छ।

आन्दोलनकर्ता भनिएको मधेसी जनअधिकार फोरमका जिल्ला अध्यक्षले रोक्दारोक्दै प्रदर्शनकारीहरू कसको उक्साहटमा र केका लागि ज्यानको माया मारेर प्रहरीमाथि जाइलागे ? इनरुवा घटनापछि तीन सातादेखि पूर्वी-मध्य तराईमा जारी मधेसी आन्दोलन कसको पकडमा छ भन्ने प्रश्न झन् टड्कारो बनेको छ।

प्रहरी निरीक्षक बस्नेतका अनुसार इनरुवामा भएको झडपमा प्रदर्शनकारीबाट गोली र तरबार पनि चलेको थियो। फोरमले शान्तिपूर्ण भन्दाभन्दै हतियारको प्रयोग हुनुले पनि यो आन्दोलन उसको पकडमा नरहेको प्रस्ट पार्छ। यसले सरकारले दाबी गरेको र अरूले पनि एक हदसम्म समर्थन जनाएको 'घुसपैठ'लाई प्रमाणित गर्छ।

हुनत लहानबाट सुरु भएको आन्दोलनले तराईका अन्य जिल्लामा फैलिँदा विद्रोहको स्वरुप लिएकाले निश्चित नारा नहुनु, अराजक शैलीमा सरकारी कार्यालय, अन्य दलका नेताहरूको सालिक तोडफोड गरिनु, नेताले रोक्दारोक्दै प्रदर्शनकारीहरू



**मधेसी आन्दोलनकारीलाई उत्तेजित पार्न संदिग्ध व्यक्तिहरूको भूमिका देखिएको छ। गत माघ १७ गते राति सुनसरी कांग्रेसको कार्यालयमा भएको आगजनीको जिम्मा लिन मधेसी जनअधिकार फोरमले अस्वीकार गर्‍यो। कसले लगायो त आगो ?**

हिंस्रक हुनुजस्ता घटनालाई स्वभाविक मान्न सकिन्छ। तर, यतिले मात्र मधेसी आन्दोलनपछाडिको चलखेललाई छोप्न सक्दैन।

गत माघ २१ गते दुहबीमा तीनवटा एम्बुलेन्स तोडफोड गरियो। यसअघि कुनै पनि बन्द, चक्काजाममा एम्बुलेन्स तोडफोड गरिएको थिएन। मानवीय सेवामा संलग्न भएकाले निर्बाध चल्न दिइने गरेको एम्बुलेन्सलाई पनि प्रदर्शनकारीले तोडफोड गर्न बाँकी नराख्नुले मधेसी आन्दोलन 'लिक'बाहिर गएको देखाउँछ।

आखिर जनअधिकार फोरमका कार्यकर्ताको हुलमा मिसिएर कसले हिंसा भड्काउँदै छ ? कसले सञ्चारकर्मी, एम्बुलेन्स र पहाडेमूलका मानिसलाई आक्रमण गरी आन्दोलनलाई अराजक हिंसाको रुप दिँदै छ ? विभिन्न घटनाले यस्ता अराजक गतिविधिका पछाडि स्पष्टसँग दुईवटा तत्त्वको चलखेल देखाउँछ। पहिलो जनतान्त्रिक तराई मुक्तिमोर्चा र अर्को राजतन्त्र पक्षधरहरू।

## मौकामा चौका

'स्वतन्त्र तराई'को सपना देख्दै खासगरी सप्तरी र सिरहामा सशस्त्र गतिविधि गर्दै आएको जनतान्त्रिक तराई मुक्तिमोर्चाका जयकृष्ण गोइत हुन् वा ज्वाला सिंह समूह, कसैले पनि तराईका कुनै प्रहरीचौकीमाथि आक्रमण गर्न सकेको थिएन।

तर, मधेसमा जारी आन्दोलनको फाइदा उठाउँदै मोर्चाको ज्वाला सिंह समूहले एक साताभित्रै तीन प्रहरी चौकीमाथि आक्रमण गरेको छ। गत माघ १७ गते आन्दोलनकारीको रुपमा आएका मोर्चाका कार्यकर्ताले मोरडको दक्षिणी भेगमा रहेको बुधनगर प्रहरीचौकीमा आक्रमण गरे। उनीहरूले प्रहरी नायब निरीक्षक नरेशजंग कार्कीलाई समातेर अलि पर लगी धनुषकाँडले हानेर मारे।

सुरुमा आन्दोलनकारीबाटै त्यस्तो निर्ममता प्रदर्शन भएको मान्न सबै बाध्य थिए, तर भोलिपल्टै मोर्चाका केन्द्रीय सदस्य विवश विद्रोहीले कार्कीको हत्या र बुधनगर प्रहरीचौकी आक्रमणको जिम्मा लिए। यसैगरी मोर्चाका सशस्त्र कार्यकर्ताले माघ २० गते सप्तरीको पत्थरगढा र माघ २२ गते सिरहाको लब्धिगनिया प्रहरीचौकी कब्जा गरे। सप्तरी र सिरहामा प्रहरीले प्रतिकार नगरेकोले मानवीय क्षति भएन।

स्रोतका अनुसार जनतान्त्रिक मोर्चाले मधेसमा आन्दोलन जारी रहेकै बेला मोरडदेखि पर्सासम्मका प्रहरीचौकीमाथि आक्रमण गर्ने योजना बनाएको छ। आन्दोलनपछि पनि आफूलाई सशस्त्र गतिविधि गर्न सजिलो पर्ने गरी मोर्चाले यस्तो योजना बनाएको हो। मोर्चाको यो योजना सजिलै सफल हुने देखिएको छ। किनभने एक ठाउँमा आक्रमण हुनासाथ छेउछाउका अरू 'असुरक्षित' प्रहरीचौकीहरू सुरक्षित स्थानतर्फ विस्थापित हुने गरेका छन्।

माओवादी द्वन्द्वका कारण सदरमुकाम केन्द्रित प्रहरी विस्तारै गाउँ पस्न थालेको थियो, तर पूर्वी तराईमा फेरि प्रहरीचौकी विस्थापनको क्रम सुरु भएको छ। मोरडको बुधनगरमा आक्रमण भएपछि सुनसरीका १ इलाका र ४ प्रहरी चौकी खाली भएका छन्। सुनसरी प्रहरीका उपरीक्षक यादवराज खनालका अनुसार दक्षिणी ग्रामीण क्षेत्रका अरू चौकी पनि उठ्न सक्छन्। 'थोरै प्रहरी रहेको चौकीलाई धेरै प्रहरी भएको स्थानतिर सार्छौं', खनाल भन्छन्।

माघ १८ गते साँझ मधेसी आन्दोलनकारीको हुलमा मिसिएर जनतान्त्रिक मोर्चाका सशस्त्र कार्यकर्ताहरू अगाडि बढ्दै छन् भन्ने सुइँको पाएपछि इलाका प्रहरी कार्यालय, लौकहीमा कार्यरत १९ जना प्रहरी भागेका थिए। उनीहरू दौडिएर रातारात प्रकाशपुर चौकी पुगे। प्रकाशपुरमा लौकहीमा भन्दा कम प्रहरी रहे पनि पहाडेमूलका मानिसको बाहुल्य रहेकाले उनीहरूले त्यसलाई सुरक्षित ठानेका थिए।

त्यही रात भोक्राहा र मधुवन चौकीका प्रहरी पनि प्रकाशपुर पुगे। रातारात भागेका उनीहरूले भोलिपल्ट माघ १९ गतेमात्रै जिल्ला प्रहरी कार्यालयमा सम्पर्क गरेका थिए। जिल्लाको दक्षिणी भेगका दुई चौकी पनि विस्थापित भएका छन्। कप्तानगञ्ज र साहेबगञ्ज चौकीमा कार्यरत प्रहरीलाई नजिकैको देवानगञ्ज इलाका प्रहरी कार्यालयमा पुर्‍याइएको छ। यसैगरी मोरडको डाँगीहाट, सिक्टी र महादेवालगायत ६ गाविसमा रहेका चौकीका प्रहरीलाई इलाका प्रहरी कार्यालय, रंगेली पुर्‍याइएको छ।

अर्कोतिर मधेसी आन्दोलनकारीलाई उत्तेजित पार्न संदिग्ध व्यक्तिहरूको भूमिका देखिएको छ। गत माघ १७ गते राति सुनसरी कांग्रेसको कार्यालयमा भएको आगजनीको जिम्मा लिन मधेसी जनअधिकार फोरमले अस्वीकार गर्‍यो। कसले लगायो त आगो ? सुनसरी कांग्रेसका सभापति रामबहादुर बस्नेत पूर्व गृहमन्त्री दिलबहादुर श्रेष्ठले आगो लाएको दाबी गर्छन्। पञ्चायतकालका गृहमन्त्री श्रेष्ठ इनरुवा निवासी हुन्।

मधेसी जनअधिकार फोरमकै नेताहरू पनि आफ्नो आन्दोलनमा घुसपैठको सम्भावनालाई सोझै नकार्न सक्दैनन्। मधेसी बुद्धिजीवी फ्रन्टका केन्द्रीय सदस्य नारायण मेहताको भनाइमा घुसपैठ भएको हुनसक्छ, तर त्यो गौण विषय हो। 'घुसपैठ भयो भनेर सरकारले हाम्रा जायज मागहरूलाई पन्छाउँदै छ', मेहता भन्छन्। अन्तरिम संविधानले नै संघीय राज्य सुनिश्चित गर्नुपर्ने र संविधानसभाको चुनावका लागि जनसंख्याको आधारमा समानुपातिक प्रणाली अपनाइनुपर्ने माग पूरा भइसकेपछि कोही सडकमा नउत्रिने मेहता बताउँछन्। 'जो उत्रन्छन्, ऊ स्वतः घुसपैठिया सावित हुन्छ', उनी भन्छन्। ■

**दुवै प्रहरीको दरबन्दी थपिएपछि मुलुकमा सशस्त्र बलको संख्या (करिब)**

| | |
|---|---|
| सशस्त्र प्रहरी | २५,००० |
| जनपद प्रहरी | ५२,००० |
| नेपाली सेना | १,००,००० |
| माओवादी सेना | ३७,००० |

# थपिने भयो सुरक्षा बल



■ किरण भण्डारी/काठमाडौं

तराईमा चर्किएको आन्दोलनबाट अत्तालिएर सरकारले ८ हजार सशस्त्र र जनपद प्रहरी थप गर्ने भएको छ। अन्तरिम संविधान जारी भएपछि त्यसको विरोधमा माघ ५ गतेदेखि लाहान र जनकपुरमा हिंसा भड्किएलगत्तै सरकारले दरबन्दी स्वीकृत गरेअनुसार दुवै प्रहरीले भर्ना प्रक्रिया सुरु गरेका छन्।

सशस्त्र र जनपद प्रहरी निरिक्षक, नायव निरिक्षक (प्राविधिक), सहायक निरिक्षकदेखि जवान भर्नाका लागि माघ चौथो सातादेखि धमाधम दरखास्त आह्वान भइरहेको छ। गृह मन्त्रालयका प्रवक्ता वामनप्रसाद न्यौपानेका अनुसार सशस्त्र ३,८५० र जनपद ४,१५० गरी ८ हजार प्रहरी थप्न भर्ना प्रक्रिया सुरु भएको हो।

संविधानसभाको निर्वाचनमा सुरक्षा प्रदान गर्न प्रहरी संख्या थप्न आवश्यक भन्दै जुटिरहेको गृह मन्त्रालयले मधेसी जनअधिकार फोरमको अगुवाइमा आन्दोलन चर्केलगत्तै निर्णय गरेको थियो। जिल्लामा उपन्न हुने सुरक्षाको जस्तोसुकै चुनौतीसँग जुध्न सक्ने शक्ति तैनाथ गर्ने योजनामा गृह रहेको स्रोतहरूले दाबी गरेका छन्।

गृहले दरबन्दी थपका लागि अर्थ मन्त्रालयसँग छलफलका क्रममा एक जिल्लामा सेना बाहेक औसत हजार सशस्त्र बल तैनाथ गर्न आवश्यक ठानेको बताएको थियो। लाहान घटनादेखि तराईका सबै जिल्लामा शान्ति सुरक्षा कायम गराउन असमर्थ हुनुमा प्रहरी संख्या न्यून भएको तर्क अघि सार्दै गृह प्रहरी थप्न लागी परेको छ।

लाहान, जनकपुरमा प्रहरी अपुग भएर खोटाङ, ओखलढुंगा, सिन्धुलीबाट समेत ओराल्नु परेको तथ्य उजागर गर्दै गृह मन्त्रालयका एक अधिकारी भन्छन्, 'संविधानसभाको निर्वाचन र अघिपछि पनि एउटा जिल्लामा औसत एक हजार प्रहरी तैनाथ गर्नुपर्ने देखिएको छ।' अहिले थप भएको दरबन्दीमा भर्ना गरेपछि प्रहरी संख्या ६९ बाट ७७ हजार पुग्नेछ।

सुरक्षाकर्मीको संख्या बढाउँदा साधारण खर्चको स्थायी भार ह्वात्तै बढ्छ भन्दै सुरुमा नकारात्मक देखिएका अर्थमन्त्री रामशरण महतले केही दिनको छलफलपछि दरबन्दी बढाउन ससर्त स्वीकृति दिएका थिए।

माओवादी द्वन्द्वका क्रममा विस्थापित प्रहरीचौकीहरूलाई पुनःस्थापित गर्ने क्रममा दरबन्दी थपको कुनै माग नगर्ने सर्त गृह मन्त्रालयले सकारेपछि मात्र अर्थले दरबन्दी थपको स्वीकृति दिएको हो।

गृह मन्त्रालयले संविधानसभाको निर्वाचनका लागि सुरक्षाको वातावरण बनाउन १२ सय चौकी पुनःस्थापना गर्ने निर्णय गरेको छ। चौकी पुनःस्थापना र अन्य विभिन्न शीर्षकमा रकम अपुग भएको भन्दै प्रहरीले ८६ करोड रुपैयाँ मागेको छ।

संविधानसभाको निर्वाचनमा सेना परिचालन नगर्ने सात दल र माओवादीबीचको सहमतिले प्रहरी संख्या बढाउने आधार तयार गरिदिएकोमा मधेसको आन्दोलनले त्यसलाई जरुरी भनी दबाब दिने काम गऱ्यो।

गृह र प्रभावशाली मन्त्रीहरू निर्वाचनमा चलखेलको हतियार बनाउने अभिप्रायले प्रहरी थप्न आतुर भएको आरोप पनि लागेको छ। निर्वाचन घोषणा गरेपछि थप प्रहरी भर्ना गर्न नपाइने हुनाले हतार हतार प्रक्रिया अघि बढाइएको छ।

प्रजातन्त्रकालमा सेनाले निर्वाचनलाई धाँधलीरहित बनाउन मद्दत गरेको साखलाई बिर्सँदै



भास्कर ओझा

भूमिकाविहीन बनाउने डिजाइनअन्तर्गत त्यस्तो सहमति भएका मान्छेहरूको संख्या पनि ठूलो छ। उनीहरू प्रहरीको संख्या थप र सेनाको संख्या तथा भूमिका कटौतीलाई राजनीतिक रुपमा राज्यले सेनाप्रति दर्शाएको सौतेनी व्यवहार भन्न रुचाउँछन्।

२०४६ सालमा जस्तै जनआन्दोलन-२ को सफलतापश्चात् नै सरकारले प्रजातन्त्रका लागि सधैं ऐजेरु भएको भन्दै सेनाको संख्या कटौतीको रणनीति बनाएको थियो। त्यस्तो रणनीति अर्थमन्त्री डा. रामशरण महतले श्वेतपत्र र बजेट भाषणमार्फत सार्वजनिक गरेका थिए।

सरकारको घोषित नीतिविपरीत सेनाको व्यवहारले ऊ आफ्नो आकार खुम्चिन नदिन सतर्क रहेको पुष्टि भएको छ। महतले सेनाको संख्या घटाउन अनिवार्य अवकाशबाट रिक्त हुन आउने पद स्वतः खारेज हुने घोषणा गरेको भए पनि त्यसको महिनौंसम्म कार्यान्वयन भएन।

सेनामा विभिन्न ओहदा गरी औसत वार्षिक १५ सय स्थान रिक्त हुने गरेको छ। घोषणाअनुसार ती पद खारेज हुनुपर्ने भए पनि सेनाले भर्ना प्रक्रियालाई आठ महिनासम्म सुचारु राखेको थियो।

अर्थ मन्त्रालयले पटक पटक लेखेको पत्र सेनाले अटेर गरे पनि आगामी वर्षदेखि त्यसो नगर्ने प्रतिबद्धता व्यक्त गरेका छन्। सेनाका उच्च अधिकारीहरूले प्रधानमन्त्रीसँग कुरा भइसकेको भन्दै सरकारको निर्णय कुल्चँदै भर्ना गरेका थिए।

'प्रधानमन्त्रीलाई सोधेर पदपूर्ति गरेको हो', सैनिक जर्नेलहरूलाई उद्धृत गर्दै रक्षा मन्त्रालयका अधिकारी भन्छन्, 'पहिला राजाको हवाला दिएजस्तै अहिले प्रधानमन्त्रीको आडमा जथाभावी गर्न उक्सेका छन्।'

तराईको हिंसा र आसन्न संविधानसभाको निर्वाचनका नाममा थपिन लागेको प्रहरीका लागि सरकारले प्रतिवर्ष १ अर्ब १० करोड खर्चनु पर्छ। पहिलो वर्ष हतियार, तालिम र अन्य खर्चका लागि थप ५० करोड खर्च हुन्छ।

जनपद र सशस्त्र प्रहरीले हतार हतार गरेको विज्ञापनले परीक्षा प्रक्रियामा प्रचलित नियमहरूलाई कुल्चेको छ। सरकारी र अर्धसरकारी संस्थामा खुला परीक्षाको दरखास्त बुझाउने म्याद कम्तीमा ३० दिन हुने गरेकोमा प्रहरीले १५ दिन मात्र दिएको छ। 'जतिसक्यो चाँडो गर्न पाइयोस् भनेर भर्ना प्रक्रियालाई समेत साविकको भन्दा छोटो बनाइएको हो', न्यौपाने भन्छन्।

प्रहरीमा यसअघि अन्यत्र जस्तै दरखास्त बुझाउने म्याद ३५ दिन र दोब्बर दस्तुरको अर्को एक साता हुने गरेकोमा १५ दिनमात्र दिनु सरासर अनियमित भएको सशस्त्र प्रहरी प्रधान कार्यालय स्रोतले दाबी गरेको छ।

'छोटो सूचना निकालेर धमाधम भर्ना गर्न खोज्नु रासन ठेक्कामा भएको चलखेल जस्तै हो', सशस्त्र प्रहरीका उच्च अधिकारी भन्छन्, 'यसमा सम्बन्धित निकाय सतर्क हुनुपर्छ।'

सशस्त्रको ७५ जिल्लामा एकाइ गठन गर्ने योजान सिद्धान्ततः गल्ती मान्नेहरू पनि धेरै छन्। अर्थ मन्त्रालयले यस विषयमा प्रश्न गरे पनि गृहले सन्तोषजनक जवाफ दिन सकेको छैन। 'अर्ध सैनिक बललाई जताततै छर्ने भए जनपद र सशस्त्र प्रहरीमा के फरक छ', अर्थका एक अधिकारी भन्छन्, 'प्रहरी बढाउनै परे जनपद मात्र थप्न मिल्दैन र।'

निर्वाचन आयोगले संविधानसभामा १५ हजार मतदान केन्द्र हुने निर्णय गरिसकेको अवस्थामा प्रहरी नथपी सरकारले उपस्थिति जनाउन समेत सक्तैन भन्नेहरू पनि छन्। महानगरीय र नियमित प्रकृतिका अन्य कामबाट सबैलाई अलग गर्न नसकिने हुँदा पनि प्रहरीको संख्या थप्नु जरुरी भएको गृहको जिरह छ।

## प्रहरीको जाँचमा लोकसेवा

गृह मन्त्रालय वा प्रहरीले परीक्षा सञ्चालन गर्दा चौतर्फी दबाब पर्ने र विश्वसनीयता समेत कम हुने निष्कर्ष निकाल्दै खुला परीक्षामा लोकसेवा आयोगको संलग्नतालाई बढावा दिइएको छ। लोकसेवा पूर्ण रूपमा सम्मिलित भएर परीक्षणको रुपमा गरिएको सहायक निरिक्षक र निरिक्षकको लिखित परीक्षाको नतिजा विवादमुक्त भएकाले सरकारले त्यसलाई निरन्तरता दिने भएको छ।

सबैले विश्वास जाहेर गरेको र पदपूर्ति समितिले अनावश्यक दबाब समेत झेल्नु नपरेकाले लोकसेवाको पूर्ण संलग्नतालाई निन्तरता दिइने भएको छ। स्वास्थ्य परीक्षण र अब्स्ट्रेकल परीक्षा भने प्रहरीले नै सञ्चालन गर्नेछ।

'प्रश्नपत्र बनाउने, परीक्षा लिने, परीक्षण गर्ने र नतिजा प्रकाशनमा समेत आयोगलाई जिम्मा लाउँदा असाध्यै निष्पक्ष भएको अनुभव हाम्रो छ', गृह मन्त्रालयका प्रहरी हेर्ने सहसचिव विश्वप्रकाश पण्डित भन्छन्, 'आयोगले परीक्षा लिने भनेपछि मन्त्रीदेखि कर्मचारीसम्मलाई पनि कसैको दबाब नआउने रहेछ।'

प्रहरी नियमावली २०४९ को दफा १५ (१) अनुसार प्रहरी निरिक्षक नियुक्तिका लागि सिफारिस गर्न लोकसेवा आयोगका सदस्य अध्यक्ष, गृहसचिव, आइजिपी र एआइजी सदस्य रहेको चारसदस्यीय समिति गठन हुन्छ। सोही नियमको उनियम (२) ले प्रहरी सहायक निरिक्षकका लागि गृह मन्त्रालयका सहसचिव अध्यक्ष, लोकसेवाका प्रतिनिधि, डिआइजी र एसपी सदस्य रहेको समिति गठन गरेको छ।




तराइ आन्दोलनका क्रममा पत्रकारहरूमाथि ज्यादति भएपछि राजधानीमा विरोध गर्दै पत्रकारहरू

भास्कर ओझा

# संकटमा पत्रकारिता

**नेपाल पत्रकार महासंघका सभापति विष्णु निष्ठुरी तराईको आन्दोलनका कारण पत्रकारहरू एकातिर मधेसी आक्रोसको सिकार बन्न पुगेको र अर्कातिर उनीहरू विभिन्न आपराधिक समूहको तारो बनेको बताउँछन् ।**

तीन सातादेखि तराईमा जारी तनावका कारण पूर्वाञ्चलका आधा दर्जनभन्दा बढी दैनिक पत्रिका बन्द भएका छन् । झापाका विभिन्न स्थानबाट प्रकाशित हुने दैनिक पत्रिकाहरू जनसंसद्, पूर्व सन्देश, विवेचना, पूर्वाञ्चल र न्यू मेची टाइम्स माघ २२ गतेदेखि बन्द हुन पुगेका छन् । विराटनगरका दुई दैनिक पत्रिका माघ १७ गते नै बन्द भएका थिए ।

मधेसी आन्दोलनकारीले पत्रकारलाई कुट्ने, तिनका मोटरसाइकल जलाइदिने, पत्रिका छाप्ने कागज ढुवानी गर्न नदिने र कार्यालयमै आक्रमणको धम्की दिने गरेकाले पूर्वाञ्चलका दैनिक पत्रिकाहरू बन्द भएका हुन् । तनाव अरू लम्बिए धरानका दैनिक पत्रिका पनि बन्द हुने स्थितिमा छन् ।

आन्दोलनकारीले गत माघ २२ गते मोरङको टंकीसिनबारीमा आयोजित सद्भाव र्‍यालीको समाचार संकलन गर्न गएका पाँचजना पत्रकारलाई कुटेका थिए । उनीहरूले 'प्रेस' लेखेको ज्याकेट लाएका पत्रकारलाई झन् खेदेरै बाँसका भाटाले हानेका थिए । 'मैले प्रेस लेखेको ज्याकेट लाएको थिइनँ', असुरक्षाका कारण बन्द हुन पुगेको उद्घोष दैनिकका समाचार संयोजक विक्रम लुइँटेल भन्छन्, 'त्यसैले धेरै कुटाई खाइनँ, तर मेरो मोटरसाइकलमा तोडफोड भयो ।'

आन्दोलनकारीबाट असुरक्षित बन्न पुगेका पत्रकारलाई प्रहरी प्रशासनले पनि सुरक्षाको प्रत्याभूति नदिएको लुइँटेल बताउँछन् । 'हामीलाई कुट्ने केही प्रदर्शनकारीको नाम नै प्रहरीलाई बताएका थियौं', लुइँटेल भन्छन्, 'तर तिनलाई सोधपुछका लागि पनि समातिएको छैन ।' लुइँटेलसँगै पत्रकारहरू विनोद भण्डारी, शम्भु भण्डारी, विजय पाठक र मोहन मानन्धरलाई कुटपिट गरिएको थियो । त्यसअघि विराटनगरमै पत्रकार भीम घिमिरे र टंक खनालको मोटरसाइकल जलाइएको थियो ।

उपचारका लागि विराटनगर गएका पत्रकार वेदराज पौडेल आन्दोलनकारीले फोन गरी धम्की दिएपछि कार्यक्षेत्र इनरुवा फर्किन सकेका छैनन् । यसअघि बारा र पर्साका पत्रकारहरूले पनि जिल्ला छाड्नुपरेको थियो । तीन दशकदेखि पत्रकारितामा संलग्न हर्ष सुब्बा भन्छन्, 'पत्रकारितामाथि यस्तो संकट कहिल्यै आएको थिएन, न पञ्चायतकालमा न त राजा ज्ञानेन्द्रको शासनमा ।'

नेपाल पत्रकार महासंघका सभापति विष्णु निष्ठुरी तराईको आन्दोलनका कारण पत्रकारहरू एकातिर मधेसी आक्रोसको सिकार बन्न पुगेको र अर्कातिर उनीहरू विभिन्न आपराधिक समूहको तारो बनेको बताउँछन् । 'त्रास, दबाब र धम्कीबीच पत्रकारहरूले ज्यान जोखिममा पारेर काम गर्नुपरेको छ,' निष्ठुरीले राजधानीमा समयसँग भने । तराई आन्दोलनकर्मीहरूले आफ्नो आन्दोलनका बारेमा लेख्न दबाब दिने र पत्रकारहरूमाथि भएको आक्रमणको आन्दोलनकर्मीले जिम्मेवारी नलिंदा आफूमाथि प्रहार गर्ने समूहबारे परिचय खुल्न नसकेको उनको भनाइ छ । आन्दोलनले थुप्रै पत्रकारहरूलाई विस्थापितमात्र गरेको नभई पत्रिका प्रकाशन र वितरणमा समेत अप्ठ्यारो परेको निष्ठुरी बताउँछन् ।

माघ १९को शाही घोषणाले घाँटी निमोठेको नेपाली पत्रकारिता जनआन्दोलनको सफलतासँगै फस्टाउन थालेको थियो । मधेसी आन्दोलनका कारण खासगरी मोफसलको पत्रकारिता फेरि मुर्झाएको छ । मधेसी जनअधिकार फोरमका अध्यक्ष उपेन्द्र यादवको पत्रकार र तिनका सवारीसाधन तथा कार्यालयमा आक्रमण नगर्ने प्रतिबद्धतापछि पनि सञ्चारक्षेत्र ढुक्क हुन सकेको छैन ।

■ **ओमआस्था राई/धरान**




भास्वर ओझा

रायमाझी आयोगको प्रतिवेदन लागू गर्न माग गर्दै सडकमा उत्रेका पत्रकारहरू

# कारबाहीको माग

■ गोविन्द परियार/काठमाडौं

**जनआन्दोलनमा भएको** दमनको सत्य तथ्य छानबिन गर्न गठित उच्चस्तरीय छानबिन आयोगको प्रतिवेदन कार्यान्वयन गर्न बनेको मन्त्रिस्तरीय कार्यदलले दोषी ठहरिएकामध्ये पाँचजनालाई तत्काल कारबाही गर्न प्रधानमन्त्रीलाई सिफारिस गरेको छ। स्रोतका अनुसार जनआन्दोलनमा रायमाझी आयोगले दोषी ठह्याएका ५२ जनालाई कारबाही गर्न उपप्रधानमन्त्री केपी ओलीको संयोजकत्वमा गठित समितिले निर्णय गरेको छ। रायमाझी आयोगले दोषी ठह-याएका अन्य दोषीहरूका बारेमा भने अध्ययन भइरहेको कार्यदलले बताएको छ। आयोगको सिफारिस कार्यान्वयन नगरेका कारण तराईमा भएको आन्दोलनमा जनआन्दोलनमा दोषी ठहरिएकाहरूले समेत घुसपैठ गरेको आशंका गर्दै तत्काल दोषी ठहरिएकालाई कारबाही गर्नुपर्ने अधिकारवादीहरूले बताएका छन्।

मन्त्रिस्तरीय रायमाझी आयोगको प्रतिवेदन कार्यान्वयन कार्यदलले कार्यान्वयन अध्ययनको क्रममा पूर्वाग्रही भएको आरोप लाग्न थालेको छ। स्रोतका अनुसार दोषी ठहरिएकामध्ये सशस्त्र प्रहरीबलका पूर्व महानिरीक्षक सहवीर थापाले संयोजक केपी ओलीको निर्देशन र कारबाही नहुने शर्तमा राजीनामा दिएका छन्। रायमाझी आयोगले दोषी ठहर गरी निलम्बित प्रहरी अधिकृतहरूलाई कारबाही गराउन गरेको सिफारिस अपर्याप्त र पूर्वाग्रही भएको आरोप यसअघि लाग्दै आएको थियो। यसैको विरोधमा आयोगका सदस्यद्वय रामकुमार श्रेष्ठ र किरण श्रेष्ठले समान कसुरमा असमान सजायको सिफारिस लगायतका बुँदामा असहमति भएको भन्दै छुट्टै प्रतिवेदन प्रधानमन्त्रीलाई बुझाएका थिए। तराईमा भएको आन्दोलनका कारण आयोगको प्रतिवेदन अध्ययन कार्य अहिले केही समयका लागि स्थगित गरिएको स्रोतले बताएको छ। राष्ट्रसंघीय मानवअधिकारसम्बन्धी उच्चायुक्तको कार्यालयले र ायमाझी आयोगको प्रतिवेदन अवलोकनका लागि माग्दै आए पनि सरकारले दिएको छैन।

शान्तिपूर्ण जनआन्दोलनमा भएको जनधनको क्षति, राष्ट्रिय ढुकुटी दुरुपयोग, सत्ता दुरुपयोग र मानवअधिकार उल्लंघनका दोषी किटान गरी सजाय सिफारिस गर्न सरकारले गत वैशाख २२ मा सर्वोच्च अदालतका पूर्वन्यायाधीश कृष्णजंग रायमाझीको अध्यक्षतामा पाँच सदस्यीय छानबिन आयोग गठन गरेको थियो। ६ महिनापछि गत मंसिर १ मा आयोगले राजाको प्रत्यक्ष शासनकालमा मानवअधिकार हनन, पद, सत्ता र शक्तिको दुरुपयोग र भ्रष्टाचारको अभियोग सहित २ सय २ जनालाई दोषी ठहर गरी कारबाही गर्न सिफारिससहितको प्रतिवेदन सरकारलाई बुझाएको थियो। आयोगले प्रतिवेदनमा तत्कालीन मन्त्रिपरिषद्का अध्यक्षसहित बहालवाला मन्त्रीहरू, सल्लाहकार, सचिव, प्रशासक, सुरक्षानिकायका प्रमुख र अन्य आन्दोलन दबाउन सक्रिय भूमिका खेलेकाहरूको सूची र दोषीहरूलाई कारबाहीको प्रकृतिसहितको सिफारिस गरेको थियो।

आयोगले प्रतिवेदन बुझाएदेखि नै सरकारलाई प्रतिवेदन सार्वजनिक गर्न चौतर्फी दबाब परे पनि अझैसम्म प्रतिवेदन सार्वजनिक गरिएको छैन। सरकारले प्रतिवेदन बुझेपछि मंसिर ११ मा आयोगको प्रतिवेदन कार्यान्वयन गर्न गठित कार्यदलले समेत लामो समयसम्म कारबाहीको प्रक्रिया अगाडि बढाएको थिएन। आयोगको प्रतिवेदन सार्वजनिक गर्न माग गर्दै सर्वोच्च अदालतमा परेको रिटको फैसलामा सर्वोच्चले प्रतिवेदन सार्वजनिक नगर्नुको कारणसहित सरकारका नाममा कारण देखाउ आदेश जारी गरेको छ। अधिवक्ता चन्द्रकान्त ज्ञवाली, हरिप्रसाद उप्रेती र राजुप्रसाद चापागाईले रायमाझी आयोगको प्रतिवेदन सार्वजनिक गर्न सर्वोच्चमा रिट दायर गरेका थिए। रायमाझी आयोगका सदस्य रहेका अधिवक्ता रामकुमार श्रेष्ठ भन्छन्, 'छानबिन आयोगले दिएको प्रतिवेदन सार्वजनिक गर्दा असर हुने देखेमा गोप्य राखेर पनि कारबाहीका प्रक्रिया अगाडि बढाउन सकिने अधिकार सरकारलाई हुन्छ, तर यो प्रतिवेदन सार्वजनिक गर्दा त्यस्तो कुनै असर नपुग्ने भएकाले दोषी ठहरिएकालाई कारबाही गर्न नसके पनि सार्वजनिक भने गर्नु पर्छ।' सरकारले रायमाझी आयोगको प्रतिवेदन सार्वजनिक नगर्दा तत्कालीन अवस्थामा राज्यसत्ताको दुरुपयोग गरेकाहरू समेत कुनै सजायको भागिदार मात्रै होइन, दोषीसमेत ठहरिएका छैनन्। श्रेष्ठ भन्छन्, 'सरकारले आयोगले दोषी ठहर गरेकाहरूलाई कारबाही गर्न नसके पनि प्रतिवेदन सार्वजनिक गरेर जनतासामु दोषीहरूको नाम सार्वजनिक गर्नु पर्छ।' २०४६ सालको जनआन्दोलनमा भएको मानवीय क्षतिको छानबिन गर्न बनेको मल्लिक आयोगको सिफारिस कार्यान्वयन नभएका कारण त्यस बेला दोषी ठहरिएकाहरू रायमाझी आयोगको प्रतिवेदनमा पनि दोहोरिएका छन्। मुलुकमा दण्डहीनताको अवस्था अन्त्य गरी कानुनी शासन स्थापनाको लागि सरकारले तत्काल दोषीहरूलाई कारबाही गनुपर्ने चौतर्फीरुपमा दबाब आएको छ। ■

**प्रचण्डले एक उच्च सैनिक अधिकृतमार्फत राजा ज्ञानेन्द्रसँग सम्पर्क बढाए। प्रचण्डले देशमा भारतीय विस्तारवादको फौजी हस्तक्षेप हुन लागेकाले त्यसविरुद्ध राष्ट्रिय मुक्तियुक्त लड्न राजा र प्रचण्डबीच सत्ता बाँडफाँड गरी संयुक्त कमान्ड, संयुक्त सत्ता र संयुक्त मोर्चा बनाउने प्रस्ताव पठाए र राजाको गोप्य 'दर्शनभेट' माग गरे।**

# प्रचण्ड र दरबारबीचका गोप्य सम्बन्धहरू



रवीन्द्र श्रेष्ठ

**प्रचण्डले मधेसको** न्यायपूर्ण जनविद्रोहलाई दरबारिया षड्यन्त्र आदि भन्दै बदनाम गरेर दमन गरी तह लगाउन दुवै थरी सेना प्रयोग गर्नुपर्नेजस्ता निरंकुश जंगेविचार प्रवाह गरे। खुसीको कुरा के हो भने प्रचण्डको जनविरोधी अवसरवादी चरित्र (जुन गत केही वर्षदेखि तीव्र विकास हुँदै थियो) त्यसको भन्डाफोर उनी आफैंले गरेका छन्। हामीले गत साल प्रचण्डमा विकास हुँदै गरेको जनविरोधी चरित्र र वैचारिक पतनका विरुद्ध विद्रोहको झन्डा उठाएर ठिकै गरेका थियौं भन्ने प्रमाणित हुँदै छ।

विगत इतिहास भइसकेको छ, तर त्यसबाट शिक्षा लिन सकिएन भने वर्तमान र भविष्यलाई सही दिशामा नेतृत्व गर्न असम्भव हुन्छ। नेकपा (माओवादी)को केन्द्रीय समितिमा रहेर तथा प्रचण्ड, किरण, बाबुराम, बादल लगायतका नेताहरूसँगै २०४६ सालको आन्दोलन, जनयुद्धको तयारी र दसवर्षे जनयुद्धको भीषण आँधीबेहरीहरूमा होमिएका हामी सबै अहिले जनताको खुला अदालतको कठघरामा उभिएका छौं।

गत जनआन्दोलन र जनयुद्ध दुवै अधुरो रहेको मधेसको विद्रोहले पनि स्पष्ट गरिसकेको छ। कांग्रेस र एमाले लगायतका नेताहरू तथा दरबारियाहरूले जनतालाई दिएको धोकाको इतिहास नयाँ होइन। उनीहरूले बारम्बार देश र जनतालाई धोका दिँदै आएका छन्, तर यसपटकको नयाँ इतिहास प्रचण्डजस्ता नेताहरूले दिएको धोका हो। आखिर उनमा आएको विचलनको स्वरुप कस्तो थियो ? यस्तो कसरी भयो ? के उनको पलायन र अवसरवाद रोक्न सकिन्नथ्यो ? यस्ता असंख्य प्रश्नहरू जनताले उठाइरहेका छन्।

मधेसका उत्पीडित जनताको विद्रोहलाई दरबारद्वारा प्रायोजित भन्ने प्रचण्डको दरबारसँगको सम्बन्ध कस्तो थियो त ? यो धेरै गम्भीर प्रश्न हो र यो नेपाली जनताको वर्तमान र भविष्यलाई आमूल परिवर्तनको बाटोमा लाने वा नलाने भन्ने निर्णय गर्ने प्रश्न बनेको छ।

२०६१ साल माघ महिनाको कुरा हो। प्रचण्डले पोलिटब्युरोको बैठक बोलाए। प्रचण्डले बाबुरामका विरुद्ध उनमा 'व्यक्तिवादी अराजकतावाद, बुर्जुवा आदर्शवाद, दक्षिणपन्थी आत्मसमर्पणवाद र विसर्जनवाद' (दस्तावेजहरू पेज ३०३) हावी भएको भन्दै कारबाहीको प्रस्ताव राखे र त्यो बहुमतद्वारा पारित भयो। त्यसपछि बाबुराम कडा सुरक्षा निगरानीमा अघोषित जेलमा परे। माघ १२ गते बिहान ९:४५ बजे रुकुमको लावाङ गाउँमा सुरु भएको बैठक माघ १९ गते समापन भयो। ज्ञानेन्द्रले सत्ता हत्याएको दिन नै सो बैठक समापन भयो।

औपचारिक रुपमा प्रचण्डले उपर्युक्त गम्भीर आरोपहरू लगाए पनि अनौपचारिक भेटघाट र बैठकहरूमा बाबुरामको भारतीय गुप्तचर संस्था 'र' ९च्ब्क्० सँग गोप्य सम्बन्ध भएको र भारतीय शासकहरूसँग मिलेर क. किरणलाई गिरफ्तार गराएको, पटनामा कयौं केन्द्रीय नेताहरू गिरफ्तार गराएको र दिल्लीमा झन्डै आफूलाई पनि गिरफ्तार गराउन खोजेको 'आशंका' छ भन्ने गर्थे। बाबुराम र भारतबीचको रहस्यमय सम्बध प्रचण्डको आक्षेपयुक्त टेपपछि सार्वजनिक नै भयो। तर प्रचण्ड र राजा ज्ञानेन्द्रबीचको गोप्य सम्बन्ध भने हामी पोलिटब्युरो सदस्यहरूलाई नै पनि थाहा थिएन।

दुईवटा कारणले गर्दा त्यो गोप्य सम्बन्ध हामी केही पोलिटब्युरो सदस्यहरूलाई थाहा दिन प्रचण्ड बाध्य भए। एउटा ज्ञानेन्द्र आफैं प्रचण्डलाई भेट्न रोल्पा थवाङ (बैठक स्थलसँगै जोडिएको गाउँ) अथवा ढोरपाटन (बागलुङ) आउने त्यहाँका जिम्मेवार साथीहरूमार्फत भए पनि हामीले थाहा पाइहाल्यौं। दोस्रो, बाबुरामलाई कारबाही गर्न प्रचण्डलाई बहुमत पुऱ्याउन गाह्रो थियो- दुई भोट मात्र फरक थियो। त्यसैले केही कुरा हामीलाई खोल्न प्रचण्ड बाध्य थिए, तर प्रचण्डको नियत सबै त्यो बेला स्पष्ट थिएन। उनीप्रति गम्भीर शंका त उब्जिहाल्यो तर बाबुराम र प्रचण्ड दुवैसँग त्यो बेला लडेर जित्न सकिन्नथ्यो। हामी केही साथीहरूले के सोच्यौं भने पहिला बाबुरामलाई पराजित गरौं त्यसपछि प्रचण्डलाई। केहीको सोचाइ रह्यो- पहिला प्रचण्डलाई, त्यसपछि बाबुरामलाई। हामीले युवाहरूमा तालमेल सन्तुलित बनाउन सकेनौं।

प्रचण्ड र ज्ञानेन्द्रका बीचमा गोप्य कुराकानीहरू धेरै अघि बढिसकेको रहेछ। बाबुरामले भारतको सहयोग लिएर प्रचण्डलाई पराजित गर्न खोजेको निष्कर्षमा पुगेका रहेछन्। त्यसको 'काउन्टर' गर्न प्रचण्डले ज्ञानेन्द्रसँग गठबन्धन गरेर बाबुराम र भारतसँग लड्ने रणनीति र कार्यनीति बनाएका रहेछन्। त्यसका लागि प्रचण्डले पहल सुरु गरेका रहेछन्। ज्ञानेन्द्रलाई विश्वासमा लिन पहिला 'नोकरसँग होइन मालिकसँगै वार्ता गर्ने' नीति घोषणा गर्दै गिरिजा, देउवा आदि संसदीय दलसँग नभएर राजासँग नै वार्ता गर्ने कार्यनीति बनाए। भारतसँग लड्न भनेर सीमानामा ट्रेन्चहरू खन्ने लाइन बनाए।

यतिले नपुगेपछि प्रचण्डले एक उच्च सैनिक अधिकृतमार्फत राजा ज्ञानेन्द्रसँग सम्पर्क बढाए। प्रचण्डले देशमा भारतीय विस्तारवादको फौजी हस्तक्षेप हुन लागेकाले त्यसविरुद्ध राष्ट्रिय मुक्तियुक्त लड्न राजा र प्रचण्डबीच सत्ता बाँडफाँड गरी संयुक्त कमान्ड, संयुक्त सत्ता र संयुक्त मोर्चा बनाउने प्रस्ताव पठाए र राजाको गोप्य 'दर्शनभेट' माग गरे। संसदीय दलका नेताहरूले देशलाई बरबाद गरेकाले 'देशभक्त' र वामपन्थीहरू मिलेर ती दलहरूलाई 'ठिक' गर्नुपर्ने प्रस्ताव पनि प्रचण्डले राजा कहाँ पठाए।

माघको पहिलो सातामा राजाले तिनै उच्च सैनिक अधिकृतमार्फत नै गम्भीर गोप्य प्रस्ताव प्रचण्ड कहाँ पठाए- राजालाई सिंहानुकजस्तै सम्मान दिनुपर्छ, प्रचण्डलाई प्रधानमन्त्री दिइनेछ, संसदीय दलहरूलाई ठिक पार्नुपर्छ।

प्रचण्ड त्यसपछि हतारिन थाले। प्रचण्डको हतारोपन सबैतिर अभिव्यक्त भइरहेको थियो। प्रचण्डको अहंकार पनि 'क्लाइमेक्स'मा गइरहेको थियो। प्रचण्डले राजालाई तुरुन्त भेट्ने खबर पठाए। बाबुरामलाई कारबाही गर्ने वा नगर्ने भन्नेबारे दोधार र अकर्मण्यतामा रहेका प्रचण्ड त्यसपछि कारबाही गर्ने पक्षमा उन्मुख भए। प्रचण्डले राजालाई थवाङमा भेट्ने खबर गरे।

तर, राजाले भने पहिला तिनै उच्च सैनिक अधिकृतलाई राजाको विशेष दूतको रुपमा प्रचण्डसँग भेट्न आधार क्षेत्रमा पठाउने र त्यसपछि मात्रै उच्चस्तरीय भेटघाट गर्ने प्रस्ताव पठाए। गोप्यता कायम राख्न थवाङमा होइन, बरु ढोरपाटन आरक्षणमा भेट्ने प्रस्ताव उताबाट आयो।

राजाले केही न केही गर्न लागेको हल्ला काठमाडौं र दिल्लीमा चल्न थालिसकेको थियो। प्रचण्डको प्रस्ताव र अपेक्षा आफ्नो र राजाबीच गोप्य भेटघाट र छलफलपछि दुवै पक्षको 'समझदारीमा' कदम चाल्ने भन्ने थियो। तर राजाले 'भेटघाटका लागि तयारी हुँदै छ, राष्ट्रिय अन्तर्राष्ट्रिय परिस्थिति मिलाउन लागिँदै छ' भन्ने सन्देश पठाउँदै भेटघाट भोलि भोलि भन्दै टाल्दै गरे।

पोलिटब्युरो बैठक सुरु भइसकेपछि पनि ज्ञानेन्द्रले 'पक्का भेटिन्छ र सल्लाअनुसार गरिन्छ तर भोलि वा पर्सि' भन्दै खबर पठाउँदै गरे। बैठक माघ १८ गते नै सकिएको थियो, तर काठमाडौंबाट खबर आयो- भोलि ज्ञानेन्द्रले बोल्दै छ, सायद 'कु' गर्दै छ। त्यसपछि भोलिपल्ट मात्रै बैठक समाप्त गर्ने टुंगो लाग्यो।

भोलिपल्ट ज्ञानेन्द्रले 'कु' गरे। त्यसलगत्तै खबर आयो प्रचण्डलाई राजाको विशेष सन्देश लिएर भेट्न तिनै सैनिक अधिकृत सम्पर्कसूत्र आउँदै छन्।

प्रचण्डको प्रस्तावविपरीत राजाले पहिला 'कदम' चालेर प्रधानमन्त्री र राजाबीचको सत्ता बाँडफाँडको प्रस्ताव अघि सारे। राजासँग गुहार माग्न र पुच्छर बन्न पुगेका प्रचण्डलाई ज्ञानेन्द्रले आफ्नो जालमा पारेर पछारे। माघ १९ गतेको 'कु'को खबर सुनेपछि प्रचण्ड कालोनीलो हुन थाले। अब ती सैनिक अधिकृत वा ज्ञानेन्द्रलाई भेट्नुको अर्थ उनको राजनीतिक मृत्यु

**भारत र बाबुरामसँग लड्न दरबारको पुच्छर लाग्ने र दरबारसँग लड्न भारतको र गिरिजाको पुच्छर लाग्ने गम्भीर विचलनले गर्दा सर्वहारा वर्गको स्वतन्त्र आत्मनिर्भर माओवादी धार कमजोर बन्न पुग्यो। प्रचण्ड कहिले दरबारका सहयोगी र कहिले भारत र गिरिजाका सहयोगी मात्रै बन्न पुगे, आफ्नो सर्वहारा क्रान्तिकारी धारको नेतृत्वमा आन्दोलनलाई नयाँ गणतान्त्रिक धारमा लाने माओवादी रणनीति र कार्यनीति परित्याग गरे, उनले।**

हुन्थ्यो। हामी सबैले 'कु'को तीव्र भन्डाफोर गरेर जनतालाई विद्रोहको अपिल गर्दै शाही फासीवादविरुद्ध कठोर युद्ध योजना बनाउन प्रचण्डसँग माग राख्न थाल्यौं। उनले बाध्य भएर ज्ञानेन्द्रका विरुद्ध वक्तव्य दिए। उच्च सैनिक अधिकृत र ज्ञानेन्द्रसँग अब नभेट्ने खबर पठाउन पनि बाध्य भए।

प्रचण्ड र ज्ञानेन्द्रबीच अरू के कति कुरा भएका थिए भन्ने उनीहरूलाई मात्रै थाहा छ। मन्त्रालयहरू र सांसद बाँडफाँडमा गिरिजासँग कुरा नमिल्दा प्रचण्डले योभन्दा ठूलो सत्ता भागबन्डाको प्रस्ताव त ज्ञानेन्द्रले गरेका थिए भनेका कुरा पत्रिकाहरूमा पनि आइसकेका छन्।

माथिका घटनाक्रमहरूले प्रचण्डमा जनयुद्धको पछिल्लो कालमा विकास भएको पुच्छरवादी संशोधनवाद स्पष्ट गर्दछ। भारत र बाबुरामसँग लड्न दरबारको पुच्छर लाग्ने र दरबारसँग लड्न भारतको र गिरिजाको पुच्छर लाग्ने गम्भीर विचलनले गर्दा सर्वहारा वर्गको स्वतन्त्र आत्मनिर्भर माओवादी धार कमजोर बन्न पुग्यो। प्रचण्ड कहिले दरबारका सहयोगी र कहिले भारत र गिरिजाका सहयोगी मात्रै बन्न पुगे, आफ्नो सर्वहारा क्रान्तिकारी धारको नेतृत्वमा आन्दोलनलाई नयाँ गणतान्त्रिक धारमा लाने माओवादी रणनीति र कार्यनीति परित्याग गरे, उनले। यसले जनयुद्ध र जनआन्दोलनलाई अधुरोमै सीमित गरी उल्टै जनताको न्यायिक आवाज दुई थरी बन्दुकले बन्द गराउने फासिस्ट विचारमा प्रचण्डले छलाङ लगाउन पुगे।

प्रचण्डको फासिस्ट विचार र पुच्छरवादलाई मधेसका जनताले पराजित गरेका छन्। यसले जनता नै नयाँ विचारका र इतिहासका निर्माता हुन् भन्ने पुनः प्रमाणित गरेको छ। ■






भास्वर ओझा

मुलुकको प्रशासनिक केन्द्र सिंहदरबार

# सानालाई ऐन, ठूलालाई चैन

निजामती सेवा ऐनको 'कुनै पनि पदमा ६ महिनाभन्दा बढी अवधि कायममुकायम (कामु) नियुक्ति गर्न नपाइने' दफा जीवित नरहेको विद्यमान अवस्थामा सरकारले आवश्यकताको सिद्धान्तअनुसार नियुक्ति गर्न पाउने राय महान्यायाधिवक्ताको कार्यालयले दिएपछि पन्ध्र सचिवको पद यथावत् रहने भएको छ।

विभिन्न मन्त्रालय, आयोगका सचिव र पाँच क्षेत्रीय प्रशासकको ओहदामा कामु नियुक्त भएको माघ २१ गते ६ महिना पुगे पनि महान्यायाधिवक्ताको रायअनुसार उनीहरू पदमा यथावत् बहाल छन्।

साउन २२ गतेको निर्णयले कामु भएका डेढ दर्जन सहसचिवमध्ये सेवामा बहाल पन्ध्र अधिकारीहरूको कामु यथावत् राखिएको निर्णय मन्त्रिपरिषद्ले पुनः गर्नु पर्ने-नपर्ने बारेमा भने सरकार द्विविधामा परेको छ।

कामु नियुक्तिमा ६ महिने हदबन्दी लगाउने ऐनको दफा निष्क्रिय भएको राय महान्यायाधिवक्ताले दिएपछि सरकारको तत्कालीन निर्णय लागू भइरहने दाबी कामु सचिवहरूमध्ये अधिकांशले मुख्य सचिव भोजराज घिमिरेसँग व्यक्त गरेका छन्।

मन्त्रिपरिषद् प्रशासन समितिमा रहेका केही मन्त्रीहरू भने महान्यायाधिवक्ताको रायमा टेकेर मन्त्रिपरिषद्ले कामु दिने निर्णय फेरि गर्नुपर्ने अडानमा भएको स्रोतहरूको दाबी छ। कामुमा पुनः नियुक्ति गर्नुपर्ने पक्षमा रहेका मन्त्रिपरिषद्का सदस्यहरू ती पदमध्ये केहीमा हेरफेर गर्नुपर्ने पक्षमा रहेका छन्।

'सरकारले हामीलाई दिएको पत्रमा अवधि तोकिएको छैन', एक कामु सचिव भन्छन्, '६ महिनाको अवधि तोक्ने दफा नै अस्तित्वमा नभएपछि हामी स्वतः बहाल छौं।' ऐनको २०५५ सालमा संशोधन भएदेखि २०६३ असारमा निजामती अध्यादेश निष्क्रिय हुनुअघिसम्म कुनै पनि पदमा ६ महिनाभन्दा बढी कामु गर्न नपाइने व्यवस्था थियो।

'हाम्रो नियुक्ति माघ २१ गते नै ६ महिना पुगे पनि कामु सचिवमा यथावत् रहिरहनुले पुनः नियुक्ति आवश्यक छैन भन्ने पुष्टि गर्दैन र ?', ती सचिव प्रश्न गर्छन्। निजामती प्रशासन अस्थिर र नेतृत्वविहीन नबनोस् र ६ महिनाभित्र 'कन्फर्म' नियुक्ति होस् भन्ने अभिप्रायले ऐनले एकपटक कामु भएको अधिकारी र सोही पदमा पुनः त्यस्तो व्यवस्था गर्न समेत प्रतिबन्ध लगाएको थियो।

साउनमा कामु भएका सत्र, त्यसपछि अवकाश पाएका योजना र निर्वाचन आयोगका सचिवद्वय गोविन्दप्रसाद पाण्डे तथा दोलखबहादुर गुरुङसहित रिक्त १९ पदमा सरकारले ऐनको अभावमा नै कन्फर्म नियुक्ति दिन सक्ने राय समेत महान्यायाधिवक्ताले दिएका छन्।

अन्तरिम संविधानले आवश्यकताको सिद्धान्तबमोजिम राज्य संचालन गर्ने अधिकार मन्त्रिपरिषद्लाई दिएको स्मरण गराउँदै महान्यायधिवक्ताले ऐन नभए पनि मन्त्रिपरिषद्ले बढुवा निर्णय गर्न सक्ने राय माघ तेस्रो साता दिएको छ।

'अर्को विकल्प नभएसम्म सरकारले चाहे कामु दिन सक्ने कानुनी राय प्राप्त भएको छ', सामान्य प्रशासन सचिव युवराज पाण्डे भन्छन्, 'ऐनका सम्बन्धित दफाहरू निष्क्रिय भए पनि आवश्यकताअनुसार कन्फर्म नियुक्ति गर्न समेत सरकारलाई बाटो खुलेको छ।'

मन्त्रिपरिषद् सचिवालय, विभिन्न मन्त्रालय, आयोग र अन्य निकाय गरी विशिष्ट श्रेणीका ३४ दरबन्दी रहेकोमा १९ रिक्त छ। निजामती सेवा ऐन संशोधन अध्यादेश असारमा निष्क्रिय भएदेखि नै सचिव पद पूर्ति गर्ने बाटोसमेत बन्द भएको मानिएको थियो।

अध्यादेश निष्क्रिय भएपछि उत्पन्न शून्यता अन्त्यका लागि सरकारले भदौ १४ गते प्रतिनिधिसभामा संशोधन विधेयक दर्ता गरे पनि ५ महिनासम्म पनि दफावार छलफलसमेत हुन सकेन। अन्तरिम संसद् विधायिकाको गठनपछि उक्त विधेयकको अस्तित्व के हुने भन्ने अन्योल थपिएको छ।

प्रस्तावित विधेयकमा हाल कार्यरत पदमा न्यूनतम योग्यता पुगेकालाई २० र माथिल्लो पदको योग्यता भएकालाई १६ वर्ष सेवा गरेपछि बढुवा गर्ने प्रस्ताव सर्वाधिक विवादास्पद बन्यो। 'स्वतः बढुवा' भनी आलोचित पद्धतिले योग्यताप्रणालीलाई ध्वस्त पार्ने र युवा स्नातकहरूका लागि ढोका बन्द हुने तर्क जोडदार रूपमा उठेपछि ऐन थाती बसेको हो।

महान्यायाधिवक्ताको रायले सरकारलाई निजामतीको उच्चपदमा मनखुसी कामु वा कन्फर्म नियुक्ति गर्ने बाटो मात्र खोलेको छैन, बढुवा प्रणालीमा लोकसेवा आयोगको भूमिकालाई समेत संकुचित बनाइदिएको छ।

उपल्लो ओहदाको पूर्तिका हकमा उदार बनेको महान्यायाधिवक्ताको कार्यालय निजामतीका अरू पदमा नियुक्ति र बढुवाको ढोका उघार्ने अनुदार बनेको छ। असारदेखि सबै पदमा नियुक्ति बढुवा बन्द भई उत्पन्न गतिरोध अन्त्य गर्न राय माग्दा महान्यायाधिवक्ताको कार्यालयले केही समयअघि 'यथाशक्य ऐन पारित गर्ने' भनी राय दिएको थियो। 'पियनदेखि सहसचिवसम्मका नयाँ भर्ना र बढुवा सुचारु गराउन पनि हामीले राय मागेका थियौं', सचिव पाण्डे भन्छन्, 'अन्य विकल्पभन्दा ऐन चाँडो ल्याउनु उपयुक्त हुन्छ भनी राय आएको थियो।'

असारमा अध्यादेशको म्याद समाप्तिपछि ऐनका केही दफाको निष्क्रियताले पियनदेखि सहसचिवसम्म नियुक्ति बढुवा ठप्प भएको छ। एकै प्रकृतिको कानुनी जटिलता चिर्न महान्यायाधिवक्ताको कार्यालयले सचिव वा क्षेत्रीय प्रशासकको हकमा र मातहतका अन्य दर्जाका हकमा पृथक् राय दिएको छ। सामान्य प्रशासन मन्त्रालय स्रोतका अनुसा असारदेखिको गतिरोधले निजामतीमा रिक्त पदसंख्या ८ हजारभन्दा बढी पुगेको छ।

ती पद पूर्ति हुन विधेयक पारित हुनुपर्ने र त्यसको पूर्वसर्त राजनीतिक स्थिरता भएकाले अवधि लम्बिने देखिएको छ। यसले गर्दा रोजगारी बजारमा सरकारले प्रवाह गर्ने सानो अंश समेत लामो समयका लागि कटौती हुने देखिएको छ।

■ **किरण भण्डारी/काठमाडौं**

बाँकेको अगैयास्थित निर्माणाधीन सिक्टा सिँचाइ आयोजना ।



# आशा त पलायो तर ...

■ रुद्र खड्का/नेपालगन्ज (तस्वीर पनि)

कयौं वर्षअघि निर्माण कार्य सम्पन्न भइसक्ने अपेक्षा गरिएको बाँकेको सिक्टा सिँचाइ आयोजना हालै पुनर्निर्माण गर्न थालिएपछि वर्षौंसम्म सिँचाइ सुविधाको पर्खाइमा रहेका कृषकहरू हर्षित भए पनि यो 'महत्त्वाकांक्षी' आयोजनाले पूर्णता पाउला भन्नेमा शंका गर्दै छन् ।

विसं २०३६ सालदेखि नै कार्यान्वयनमा ल्याउने प्रयास गरिएको सिक्टा सिँचाइ आयोजना भारतीय अवरोधका कारण असफल हुँदै आएको छ । राप्ती नदीको पानीलाई सिँचाइको रुपमा प्रयोग गर्न बाँकेको अगैयामा बाँध बनाउने सुरुको प्रयासलाई यसपालि पनि निरन्तरता दिँदै यतिखेर निर्माण कार्य धमाधम भइरहेको छ ।

नेपाली भू-भागबाट उत्पत्ति भएको राप्ती नदीको पानीलाई भारतले लक्ष्मणपुरमा बाँध बनाएर सिँचाइको रुपमा प्रयोग गर्दै आइरहेको छ भने लक्ष्मणपुर बाँधका कारण हरेक वर्षामा नेपाली भूमि डुबानमा पर्दै आइरहेको छ ।

विसं २०३६ सालदेखि सरकारले पटक-पटक सिक्टा सिँचाइ आयोजनाको लागि गरेको प्रयास मुख्यतया भारतीय पक्षको दबाब तथा भारतीय पक्षकै आग्रहमा दातृ राष्ट्रहरूले आयोजनालाई आर्थिक सहयोग उपलब्ध गराउन मानिरहेका छैनन् र अहिले सरकारले कुनै दातृनिकायको सहयोगविना आन्तरिक रकम संकलन गरेर ११ अर्ब रुपैयाँको योजना पूरा गर्ने लक्ष्यका साथ निर्माण कार्य अघि बढाएको छ ।

कयौं पटकका प्रयास विफल हुँदै आएको अवस्थामा सरकारले अहिले आएर उक्त आयोजना किन सञ्चालन गर्‍यो त ? हालै सिक्टा आयोजनाको शिलान्यास गरेका जलस्रोत राज्यमन्त्री ज्ञानेन्द्रबहादुर कार्की भन्छन्, 'विपन्न जनताको जीवनस्तर उकास्न सिक्टा सुरु गर्नु परेको हो ।' जनताको दयनीय अवस्थाबारे जानकारी दिएर भारतलाई मनाउने प्रयास गरिने कार्की बताउँछन् ।

एसियाली विकास बैंक र जर्मन परामर्श दातृ फर्मको सहयोगमा विसं २०३६ सालमा आयोजना कार्यान्वयनको लागि पूर्वाधार निर्माण कार्य सम्पन्न गरी ३ किलोमिटर लामो मूल नहरसमेत खन्ने काम भएको थियो । त्यसैगरी सोही योजना सम्पन्न गर्नको लागि विसं २०५९ सालमा युरोपेली संगठनको सहयोगमा पुनः सम्भाव्यता अध्ययन गरी खर्चको विवरण ७ अर्ब ४५ करोड लाग्ने अनुमान सार्वजनिक गरिएको थियो । नेपाल सरकारले आयोजना सम्पन्न गर्न चाहिने बजेटको लागि युरोपेली संगठन, साउदी फन्ड फर डेभलपमेन्ट, कुवेत फन्ड फर अरब इकोनोमिक डेभलपमेन्ट तथा ओपेक फन्डलाई अनुरोध गर्दा ती निकायहरूबाट सहयोगको लागि रुचि देखाएका बेला पुनः भारतीय पक्षको विरोधका कारण सिक्टाको लागि सहयोग संकलन हुन सकेको थिएन ।

कर्मचारीका अनुसार सरकारको क्रियाकलापले सिक्टा आयोजना सम्पन्न हुन्छ भन्ने कुरामा ढुक्क हुन सकिने अवस्था छैन । 'सरकारले पछि गएर यो आयोजना सम्पन्न गर्न नसक्ने हो भने बेलैमा सजग हुँदै हाल यसमा भइरहेको लगानीबारे सोच्न' कर्मचारीहरू सुझाव दिन्छन् । करोडौं रुपैयाँ लगानी गरेर सरकारले बीचमै आयोजना सम्पन्न गर्न नसक्ने अवस्था आयो भने त्यो देशको लागि ठूलो घाटा हुने धेरैको भनाइ छ । सिक्टा आयोजनाको लागि भनेर राष्ट्रिय वनका रूखहरू पनि काटिएका छन् । बाँकेको ३६ हजार हेक्टर जमिनमा सिँचाइ गर्ने लक्ष्य लिइएको सिक्टा आयोजनाको लागि आर्थिक वर्ष २०६३/६४ का लागि सरकारले ४० करोड ७३ लाख ६७ हजार बजेट छुट्याएको छ । जसमध्ये निर्माणको लागि ठेक्का लिएको चिनियाँ कम्पनी सिनोहाइड्रो-लुम्बिनी जेभीले चालू आवको अहिलेसम्म ३ करोड ४१ लाख ८७ हजार खर्च गरेको छ । हाल मूल नहरको हेडवर्क्स निर्माण गर्ने काम भइरहेको छ र ४२ महिनामा उक्त काम सम्पन्न गर्ने कर्मचारीहरू दाबी गर्छन् ।

निर्माण कार्यमा जुटेका प्राविधिकहरूका अनुसार सरकारले चाहिने बजेट उपलब्ध गराएमा र काममा कुनै अवरोध नपारिए निर्धारित समय आगामी आठ वर्षसम्म सिक्टा आयोजना पूरा हुनेछ । सिँचाइ विभागका कर्मचारीका अनुसार बाह्य निकायबाट अनुदान पाउन नसकेपछि बागमती सिँचाइ आयोजना जस्तै मूल बाँध आन्तरिक स्रोतबाट निर्माण गरी पानीको हक कायमपछि बाँकी मूल तथा शाखा नहर निर्माणको लागि दातृसंस्थाहरूले सहयोग गर्न सक्ने सम्भावना छ । एघारवर्षे हिंसात्मक आन्दोलनमा जर्जर भएको र हाल संविधानसभाको लागि तयारी गरिरहेको देशका लागि ठूलो रकम आन्तरिक रुपमा संकलन गर्न भने निश्चय पनि गाह्रो छ । स्थानीय बासिन्दाहरू अहिलेसम्म भारतप्रति स्पष्ट दृष्टिकोण बनाउन नसकेको सरकारले सिक्टा आयोजना सम्पन्न गर्ला भनेर पत्याउन सकिरहेका छैनन् । ■



तस्वीरहरू : भाष्कर ओझा

पेट्रोलका लागि लाम लागेका मोटरसाइकलहरू

# छैन उपभोग्य सामग्री

■ **मधुसूदन पौडेल/काठमाडौं**

मधेसी अधिकार खोज्न तराईमा सल्किएको आगो निभेको छैन । यसको प्रत्यक्ष असर मुलुकको अर्थतन्त्रमाथि परेको छ । राजस्व संकलनका मुख्य केन्द्र रहेका तराईका भन्सार नाकाहरू तीन सातादेखि बन्द छन् । तराईको आन्दोलनले राजधानीको जीवन कष्टकर बन्दै गएको मात्र छैन, आन्दोलन केही दिनभित्रै रोकिएन भने राजधानी संकटमा पर्ने निश्चित छ ।

भारतसँग सीमा जोडिएको तराई नेपालको अर्थतन्त्रका लागि रक्त संचार गराउने माध्यम हो । नेपालको अन्तर्राष्ट्रिय व्यापारको ढोका र नेपालीका लागि कृषिजन्य वस्तुको आपूर्तिकर्ता तराई आन्दोलनको भुमरीमा पर्दा त्यसको प्रत्यक्ष असर समग्र मुलुकले व्यहोर्नु परेको छ ।

करिब तीन साता आन्दोलनले राजधानी र अन्य सहरमा पनि पेट्रोलियम पदार्थको अभाव चर्को रुपमा बढिरहेको छ । सीमित दिनलाई मात्रै थाम्न सक्ने नेपाल आयल निगम (एनओसी)को 'स्टक' सकिएको छ । यसै पनि एनओसीसँग तेल किन्न पर्याप्त रकम नहुँदा तेलको 'स्टक' पर्याप्त थिएन । आन्दोलन चर्किएपछि भारतबाट तेल ल्याउन सम्भव भएको छैन । एनओसीका कार्यकारी निर्देशक विश्वनाथ गोयलका अनुसार मुख्य रुपमा पेट्रोलको संकट चुलिँदै गएको छ । डिजेल तथा मट्टितेलको माग पनि पूरा गर्न सक्ने अवस्था रहेको छैन । तेलको अभावका कारण राजधानीका सडकमा गुड्ने गाडीहरूको संख्या निकै पातलिएको छ । गोयल भन्छन्, 'अरू केही दिन यस्तै अवस्था रहेमा हामीले तेल दिन सक्ने अवस्था रहँदैन ।' तेलको संकटका कारण एनओसीले ठूला र साना गाडीका लागि निश्चित परिमाणमा तेल दिने नीति अपनाएको छ । केही दिन थाम्नका लागि अपनाइएको यो रणनीतिले धेरै दिन गुजार्न सम्भव छैन । अधिकारीहरूका अनुसार तराईको आन्दोलन अरू दुई साता मात्रै लम्बियो भने काठमाडौं लगायतका अन्य सहरहरूमा पूर्ण रुपमा तेल संकट हुनेछ । राजधानीका लागि अमलेखगन्जमा रहेको 'स्टक' उपयोग गरिएको भए पनि त्यहाँ पनि तेल सकिएको छ । नेपाल छिर्न नाकासम्म आइपुगेका तेलका ट्यांकरहरू भारतीय भूमिमै रोकिन बाध्य छन् । माघको तेस्रो सातासम्म भैरहवाबाट सानो परिमाणमा तेल ल्याउन सकिएको भए पनि पछिल्ला दिनहरूमा तराईको यातायात अवरोध बढेको छ ।

एनओसीले एलपी ग्याँस आपूर्तिको अवस्था त्यति नबिग्रिएको दाबी गरे पनि राजधानीमा कालोबजारीमा बिक्री भइरहेको छ र अभाव बढ्दै गएको छ । यसै साता ३८ ट्यांकर ग्याँस भित्र्याइएको र उपभोक्ताले अभाव व्यहोर्नु नपर्ने भनिए पनि उनीहरू हप्तौं लाइनमा बस्दा पनि ग्याँस पाउन सकिरहेका छैनन् ।

तराईका आन्दोलनकारीका लागि उनीहरूको आन्दोलन कति सशक्त बन्दै गएको छ भनेर राजधानीवासीलाई अनुभूति गराउने मुख्य माध्यम तेलको आपूर्तिमा आउने संकट नै बन्नेछ । किनभने राजधानीको जीवन रोकिएपछि सरकारमाथि पर्ने त्यसको प्रत्यक्ष र मनोवैज्ञानिक दबाब तराईको आन्दोलनका लागि निकै सहयोगी सावित हुनेछ । आन्दोलनकारीले यो कुरा राम्रोसँग बुझेका छन् र सकेसम्म राजधानीमा संकट निम्त्याउनु उनीहरूको रणनीतिक योजना हुनेछ, जुन काम यसअघि नेकपा (माओवादी) गर्दै आएको थियो । तेलको संकट गाडी चढ्नेहरूका लागि मात्रै होइन, सर्वसाधारण नागरिकको जीवनयापनसँग पनि सीधै जोडिएको छ ।

अन्तर्राष्ट्रिय व्यापारमा भारतमा आश्रित नेपालका लागि तराईका नाकाहरू बन्द हुनु भनेको अघोषित

**आन्दोलनका कारण सरकारले यो अवधिमा भन्सार, मूल्य अभिवृद्धि कर र अन्तःशुल्क लगायतका प्रत्यक्ष करहरूमा कम्तीमा ५ अर्ब रुपैयाँको राजस्व नोक्सानी व्यहोरिसकेको छ। अप्रत्यक्ष रुपमा अर्बौंको नोक्सानी पुगेको छ। नेपालको अन्तर्राष्ट्रिय व्यापारमा ६६ प्रतिशत अंश भारतसँगमात्रै रहेको छ।**



पेट्रोल भनेर मट्टितेल बेचेको प्रमाण देखाउँदै ग्राहक

रुपमा नाकाबन्दीमा पर्नु हो। किनभने दैनिक गुजाराका लागि अत्यावश्यक दाल, चामल र तरकारीमा पनि हामी भारतमै निर्भर रहेका छौं। अत्यावश्यक यी वस्तुहरूमा परनिर्भरता दिनदिनै बढिरहेको छ। यो मामिला मुलुकको अर्थतन्त्र संकटमा पर्नबाट जोगाउने उपाय सोच्नुभन्दा निकै पहिले नै सरकारका अगाडि उभिने संकट हो, जुन दिशातर्फ मुलुक केन्द्रित बनिरहेको छ। अहिलेसम्म राजधानी वा मुलुकका अन्य सहरले खाद्यान्नको संकट व्यहोरिसकेका त छैनन्, तर आन्दोलन नथामिएमा अबका दिनमा खाद्यान्न संकट पनि चर्को रुपमा अगाडि आउनेछ। किराना व्यापार संघका अधिकारीहरूका अनुसार राजधानीमा अहिले विद्यमान खाद्यान्नको 'स्टक'ले अरू आधा महिनासम्म थाम्न सक्छ। त्यो बेलासम्म आपूर्ति गर्न सकिएन भने खाद्यान्नमा आउने संकट अस्वभाविक रुपमा प्रकट हुनेछ र कालोबजारी स्वभाविक मानिनेछ। दैनिक उपभोग्य वस्तुमा अहिले नै मूल्यवृद्धि भने चर्को रुपमा भइरहेको छ। व्यापार संघका अधिकारीहरू यो अवधिमा चामल, तेल, दाल र अन्य अत्यावश्यक उपभोग्य वस्तुहरूमा १० प्रतिशतले मूल्य वृद्धि भइसकेको बताउँछन्। आन्दोलनका दिनहरू बढ्दै जाँदा अबका दिनहरूमा सोही अनुपातमा मूल्य वृद्धि हुँदै जानेछ।

आन्दोलनका कारण सरकारले यो अवधिमा भन्सार, मूल्य अभिवृद्धि कर र अन्तःशुल्क लगायतका प्रत्यक्ष करहरूमा कम्तीमा ५ अर्ब रुपैयाँको राजस्व नोक्सानी व्यहोरिसकेको छ। अप्रत्यक्ष रुपमा अर्बौंको नोक्सानी पुगेको छ। नेपालको अन्तर्राष्ट्रिय व्यापारमा ६६ प्रतिशत अंश भारतसँगमात्रै रहेको छ र ती व्यापारका केन्द्रहरू भारतीय सीमासँग जोडिएका तराईका नाकाहरू नै हुन्। आन्दोलनका कारण यो अवधिमा ती नाकाहरू पूर्ण रुपमा बन्द गर्नु परेको छ। दैनिक सबैभन्दा बढी राजस्व संकलन हुने वीरगन्ज आन्दोलनका सुरुका दिनहरूदेखि नै प्रभावित बनेको छ, जहाँ दैनिक ७ करोड रुपैयाँ राजस्व संकलन हुने गर्छ। विराटनगर, मेची जस्ता पूर्वी भन्सार नाकाहरू पनि यस अवधिमा ठप्प बनेका छन्। आन्दोलनको प्रत्यक्ष असर नभोगेको नेपालगन्जमा पछिल्ला दिनहरूमा सामान ल्याउन छाडिएको छ। अर्थमन्त्रालय अधिकारीहरूका अनुसार उक्त नाकाबाट सामान आयात नगर्न आन्दोलनकारी पक्षबाट धम्कीहरू आउन थालेपछि व्यापारीहरूले सामान नाकामा ल्याएर जोखिम मोल्न चाहेका छैनन्। तराई क्षेत्रका व्यापारिक नाकामध्ये हालसम्म तुलनात्मक रुपमा कम प्रभावित मानिएको भैरहवाबाट आउने नाकाबाट सामान्य दिनहरूमा जस्तो सामान आपूर्ति हुन सकेको छैन।

भन्सारबाट सामान नछुट्दा भन्सार राजस्व त गुम्छ नै, त्योभन्दा बढी भ्याट, अन्तःशुल्क र स्थानीय विकासशुल्क जस्ता करहरू गुम्छन्। किनभने ती सबै कर सामान भन्सारबाट छुटेपछि लगाइने कर हुन्। नेपालमा औसतमा भन्सार दर आठ प्रतिशत रहेको छ, तर भ्याट भने १३ प्रतिशत लगाइन्छ। यसले भन्सारबाट उठ्ने करभन्दा भ्याटबाट उठ्ने कर डेढ गुणा बढी हुन्छ भन्ने प्रस्ट हुन्छ। भन्सारबाट सामानहरू नआउँदा सरकारी आम्दानीका मुख्य स्रोतहरू पनि यसरी सुक्दै गएका छन्। सरकारले यो वर्ष ८५ अर्ब रुपैयाँ राजस्व संकलनको लक्ष्य लिएको छ। वैदेशिक व्यापारसँग सम्बन्धित यी करहरूमार्फत कम्तीमा ५० अर्ब रुपैयाँ उठाउनु पर्छ। जसका लागि प्रतिमहिना ७ अर्ब रुपैयाँभन्दा बढीको राजस्व संकलन गर्नुपर्छ। तर, माघ महिनामा यो कर न्यूनतम मात्रै उठ्ने निश्चित हुँदा सरकारी खर्च व्यवस्थापनमा समेत यसको सीधा असर पुग्ने विश्लेषण अर्थमन्त्रालयका अधिकारीहरूको छ। आयात व्यापारमा ७० प्रतिशत हिस्सा दैनिक उपभोग्य वस्तुको रहँदै आएको छ, अन्यको मात्रै ३० प्रतिशत। यो तथ्यांकले वस्तुको आयात रोकिँदा नेपालमा दैनिक उपभोग्य वस्तुको अभाव सिर्जना हुन लामो समय कुर्नु नपर्ने देखिन्छ।

सरकारी आम्दानी खुम्चिएको छ, तर खर्च भने थप बढिरहेको छ। आन्दोलनमा घरगाडी लगायतका भौतिक संरचना नष्ट पारिएका छन्, जसको क्षतिपूर्ति सरकारले दिनु पर्नेछ।

सामुद्रिक मार्ग भएर तेस्रो मुलुकहरूसँगको व्यापार पनि अन्ततः तराईसँग नै जोडिएको छ। वीरगन्जको सुख्खा बन्दरगाहसम्म आइपुगेका सामान छुटाउन सकिएको छैन भने यही अवस्थाका कारण थप सामानको आयात पनि रोकिएको छ। नेपालबाट हुने निकासी पनि यही रुपमा प्रभावित हुँदा नोक्सानीको हिसाब तथ्यमा नगरिएको भए पनि निजी क्षेत्रले अर्बौं रुपैयाँ नोक्सानी व्यहोर्नु परेको छ।

तराईमा फैलिएको आन्दोलनका कारण तंग्रिन थालेको मुलुकको पर्यटन व्यवसाय फेरि थला परेको छ। नेपालमा पुनः अशान्ति मच्चिएको समाचार अन्तर्राष्ट्रिय बजारमा पुगेको छ, जसका कारण महिनौं लगाएर सुधार्न लागिएको नेपालको छवि फेरि बिग्रिएको छ। राजधानीमै ओर्लिएका पर्यटकलाई समेत बाहिर भ्रमणमा लान नसकिएका कारण उनीहरू निरास बनेका छन्। पर्यटन व्यवसायीहरूका अनुसार यो आन्दोलनका कारण नेपाल आउन निश्चित गरिएका पर्यटक समूहले भ्रमण रद्द गरिरहेका छन्। तेलको अभावका कारण उनीहरूलाई पुऱ्याउन सकिने ठाउँमा पनि भ्रमण गराउन नसकिएको भन्दै पर्यटनसँग सम्बद्ध संस्थाहरूले सरकारको ध्यानाकर्षण गराउँदै आएका छन्। ■

**अन्तर्वार्ता** दीपप्रकाश पाण्डे

# 'हाम्रो हौसला वृद्धि भएको छ'

**शिखर इन्स्योरेन्स कम्पनी लिमिटेड सेयर कारोबारका लागि नेपाल स्टक एक्सचेन्जमा सूचीकृत भएको छ। दुई वर्षको छोटो अवधिमै सफल बिमा कम्पनीका रुपमा स्थापित यस कम्पनीको सेयर कारोबार प्रारम्भिक दिनहरूमा करिब दुई सय रुपैयाँसम्म हुने विश्वास राख्छन्, महाप्रबन्धक दीपप्रकाश पाण्डे। नेपालको बिमा व्यवसाय र शिखरका आगामी लक्ष्यहरूमा केन्द्रित रही *समय*ले महाप्रबन्धक पाण्डेसँग गरेको कुराकानी:**

**कस्तो छ, शिखर इन्स्योरेन्स कम्पनीको अवस्था ?**

कम्पनी स्थापना भएको दुई वर्षको अवधिमा नै हामीले ग्राहकको विश्वास आर्जन गर्न सफल भएका छौं र हाम्रो सबैभन्दा ठूलो सफलता पनि यही हो। बिमा रकम संकलनको हिसाबले हेर्ने हो भने पहिलो वर्ष १३ करोड २९ लाख र दोस्रो वर्ष २४ करोड ८० लाख रुपैयाँ संकलन भएको छ। शिखर इन्स्योरेन्सले पहिलो वर्ष ५ करोड ८२ लाख र दोस्रो वर्ष ४८ करोड ६२ लाख रुपैयाँको दाबी भुक्तानी गरेको छ। रकमको हिसाबले यो निकै ठूलो रकम हो। यसबाट नेपाली बिमा कम्पनीहरू जोखिम व्यवस्थामा सक्षम छन् भन्ने पुष्टि भएको छ। हामी पहिलो वर्ष २२ लाख र दोस्रो वर्ष ५६ लाख रुपैयाँ नाफा कमाउन सफल भएका छौं। यी तथ्यहरूको आधारमा शिखर इन्स्योरेन्स सफलताका साथ अगाडि बढिरहेको प्रस्ट हुन्छ।

**आगामी वर्षका लागि खास लक्ष्यहरू तय गरिएका छन् कि ?**

हामी यो वर्ष नेपालको अग्रणी कम्पनीका रुपमा स्थापित बन्ने लक्ष्यका साथ काम गरिरहेका छौं। अहिलेकै अवस्थामा मात्रै अगाडि बढ्यौं भने पनि हामी 'डिबिडेन्ट' दिन सफल हुनेछौं भन्ने मलाई लागेको छ। फेरि पनि हाम्रो मुख्य प्राथमिकता भनेको ग्राहकको विश्वास थप आर्जन गर्नु हो, जसले समग्र बिमा व्यवसायको भविष्यमा सकारात्मक योगदान पुऱ्याउनेछ। शिखरले दक्ष जनशक्ति उत्पादनको क्रमलाई निरन्तरता दिइरहनेछ। बजार व्यवस्थापन, प्रविधिमाथिको पहुँच वृद्धि गरी कम्पनीको व्यवस्थापन थप चुस्त बनाउने काममा हामी लागिरहेका छौं।

**शिखर इन्स्योरेन्सको सेयरको कारोवार पनि सुरु भयो ?**

हामीले १ करोड २५ लाख रुपैयाँको सेयर निष्काशन गरेकोमा ५५ करोडका लागि आवेदन परेको थियो। अहिले सबै प्रक्रिया पूरा भई स्टक एक्सचेन्जमा हाम्रो कम्पनी कारोवारका लागि सूचीकृत भइसकेको छ। प्रारम्भिक दिनहरूमा हाम्रो कम्पनीको प्रतिकित्ता सेयर कारोवार १ सय ७५ देखि २ सय रुपैयाँसम्म होला भन्ने विश्वास मैले लिएको छु।

**यसबाट कम्पनीलाई के फरक पर्छ ?**

हाम्रो हौसला वृद्धि भएको छ। मलाई के लाग्छ भने यसले हाम्रो व्यापार वृद्धि गराउनेछ। सेयर होल्डरहरूले लगानीको प्रतिफल पाउनेछन् भने प्रवर्धक (प्रमोटर्स)हरूका बीचमा पनि विश्वास बढ्नेछ, जसका कारण अन्य क्षेत्रमा पनि थप लगानीको वातावरण बन्न सक्छ। फेरि शिखर इन्स्योरेन्सका प्रवर्धकहरूका लागि शिखर इन्स्योरेन्स स्टक एक्सचेन्जमा पहिलो सूचीकृत कम्पनी बनेको छ।

**के यसमा तपाईंहरूको व्यवस्थापन क्षमताले काम गरेको छ भन्ने मान्नु हुन्छ ?**

निश्चित रुपमा हामी जोखिम वहन गर्न सक्ने क्षमता राख्छौं भन्ने कुरा व्यवहारिक रुपमा दुई वर्षको अवधिमा पुष्टि गरेर देखाएका छौं। रि-इन्स्योरेन्स क्षमतामा पनि हाम्रो अवस्था निकै राम्रो छ भन्ने प्रमाणित भइसकेको छ। हामीले आफ्नै भवन निर्माणका लागि थापाथलीमा ५८ आना जग्गा खरिद गरिसकेका छौं। यसले कम्पनीको स्थायित्व, ग्राहक र कर्मचारीमा विश्वासको वातावरण बनाउन सकारात्मक भूमिका निर्वाह गर्नेछ भन्ने विश्वास लिइएको छ।

**बिमा व्यवसाय पनि अब अन्तर्राष्ट्रिय प्रतिस्पर्धामा उत्रिनु पर्ने अवस्था छ। त्यसको तयारी कसरी गर्नुभएको छ ?**

विश्व व्यापार संगठनको सदस्य बनिसकेको अवस्थामा पक्कै पनि हामीले आफ्नो क्षमता वृद्धि गर्नै पर्ने हुन्छ। त्यसका लागि हामी बिमा कम्पनीहरू एकीकृत वा 'एक्युजिसन' प्रक्रियामा जाँदा राम्रो हुन्छ भन्ने मान्यता राख्छौं। भोलि अन्तर्राष्ट्रिय कम्पनीहरूसँग प्रतिस्पर्धा गर्नका लागि यसो गर्नु निकै जरुरी छ। यसबाट हाम्रो जोखिम वहन गर्न सक्ने क्षमता वृद्धि हुनेछ र व्यवस्थापन खर्चमा कटौती भई आर्थिक रुपमा थप सक्षम हुन सकिनेछ। लगानीका पनि परम्परागत क्षेत्र छोडी नयाँ क्षेत्रमा जानु आवश्यक छ। हामी त्यो दिशामा केन्द्रित रहनेछौं।



# साउदर्न एयरलाइन्सको उडान सुरु

**चीनको सबैभन्दा** ठूलो वायुसेवा चाइना साउदर्न एयरलाइन्सले यसै सातादेखि नेपालको उडान सुरु गरेको छ। नेपालले चीनलाई अन्तर्राष्ट्रिय पर्यटन बजारका रुपमा विकास गर्ने प्रयास गरिरहेका बेला चीनको वायुसेवाले नेपालको उडान सुरु गर्नुले नेपालको पर्यटन उद्योगमा यसले ठूलो योगदान पुऱ्याउने विश्वास सरकार र व्यवसायीको छ।

सोमवार पहिलो उडानबाट एक सयभन्दा बढी चिनियाँ पर्यटकसँगै १ सय ६० यात्रु लिएर उक्त एयरलाइन्सको ७५७-२०० विमान त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलनमा अवतरण गरेको थियो। जसमा चिनियाँ सञ्चारकर्मी, पर्यटन व्यवसायी र नेपाली व्यवसायी पनि रहेका थिए। उक्त अवसरमा नेपाल पर्यटन बोर्ड, नेपाल नागरिक उड्डयन प्राधिकरण र नेपालका लागि जनरल सेल्स एजेन्ट गोर्खा ट्रावल्सका अधिकारीहरूले पहिलो उडानबाट काठमाडौं आउने यात्रुहरूको स्वागत गरेका थिए। चीनको एक मुख्य व्यापारिक सहर ग्वान्जाओबाट नेपालका लागि यो नै सीधा उडानमा रहने पहिलो वायुसेवा हो, जसले साताका दुई दिन उडान गर्नेछ। उक्त एयरलाइन्सले एक महिनाभित्र एक हजार चिनियाँ पर्यटकलाई नेपाल ल्याउने विश्वास पिएसए फक्स टुर्स एन्ड ट्राभल्सले लिएको छ। उक्त एयरलाइन्सले ३ सय विमानमार्फत विश्वका ८० गन्तव्यहरूमा उडान भर्दै आएको छ।

# युनिलिभरमा बकर

**युनिलिभर नेपाल** लिमिटेडको प्रबन्ध संचालकमा युनिलिभर बंगलादेशका आपूर्ति संयन्त्र संचालक कामरान बकर नियुक्त भएका छन्। उक्त पदमा कार्यरत राकेश मोहनलाई युनिलिभर बंगलादेशको अध्यक्ष तथा प्रबन्ध संचालक पदमा सरुवा गरिएपछि बकरलाई उक्त पदमा नियुक्त गरिएको हो। बकर आपूर्ति संयन्त्र (व्यवस्थापन) संचालकको पदमा बंगलादेशमा कार्यरत रहँदा न्यूनतम लागतमा उच्चस्तरका ब्रान्डहरूको उत्पादन गर्न दक्षिण एसियामा स्थापित युनिलिभर समूहका कम्पनीमा अग्रस्थान हासिल गर्न सफल मानिएका थिए। प्राविधिक संचालक लगायतका विभिन्न जिम्मेवारीहरू सम्हाल्दै उनले बंगलादेशमा १६ वर्ष काम गरेका छन्।



केमिकल इन्जिनियर बकरले अमेरिकाबाट एमबिए र फ्रान्सबाट एड्भान्स म्यानेजमेन्ट प्रोग्राममा स्नातक छन्।

# महोत्सवको चटारो

**लोपोन्मुख कला** संस्कृतिको चिनारी गर्न र त्यहाँ रहेका सम्पदाहरूको संरक्षणका लागि पहिलोचोटि नुवाकोट महोत्सव शुक्रवार सुरु हुने भएको छ। अहिलेसम्म नुवाकोटमा रहेका मौलिक सम्पदाहरूको पहिचान हुन नसकेको र यो महोत्सवले यहाँको पर्यटकलाई बढावा दिने विश्वास समेत आयोजकहरूले गरेका छन्।

महोत्सवमा नुवाकोटको पहिचान गराउने त्यहाँ रहेका सामाजिक, आर्थिक र सांस्कृतिक अस्तित्व बोकेका पक्षहरूको प्रदर्शन गरिने बताइएको छ। 'नेपालमै पहिलोपटक उत्पादित जापानी रेम्बो ट्राउन माछा, ककनीको स्ट्रबेरी, स्थानीय कान्छी बदामजस्ता नुवाकोटलाई चिनाउने प्रचलित वस्तुहरूले आगन्तुकलाई स्वागत गर्ने तयारीमा छौं', आयोजक तथा नुवाकोट उद्योग वाणिज्य संघका अध्यक्ष शरण उत्सुक बताउँछन्।

ग्रामीण पर्यटनको विकास गर्ने उद्देश्यले काठमाडौं बूढानीलकण्ठ हुँदै नुवाकोट पुग्ने वैकल्पिक मार्गमा ऐतिहासिक पदयात्राको खोजी गर्ने समेत स्थानीय आयोजकले बताएका छन्।

# हिमालयनको डेबिट कार्ड

हिमालयन बैंक लिमिटेड
Himalayan Bank Limited
(A Joint Venture with Habib Bank Limited - Pakistan)
The Power to Lead

**हिमालयन बैंक** लिमिटेडले डेबिट कार्ड प्रचलनमा ल्याउने भएको छ। बैंकमा बचत वा चल्ती खातामा भएका कुनै पनि ग्राहकले उक्त कार्ड प्राप्त गर्न सक्ने बैंकले जनाएको छ। डेबिट कार्डबाट एटिएम र प्वाइन्ट अफ सेल्स टर्मिनलहरूमा निःशुल्क रकम झिक्न सकिनेछ। कार्ड न्यूनतम शुल्कमा उपलब्ध गराइने र सुरक्षा दृष्टिले निकै भरपर्दो रहेको जानकारी बैंकले दिएको छ।



# चौथो पुस्ता पनि भरिया नै

झुस्स दाह्री, मैलो ढाका टोपी अनि उस्तै फोहर ज्याकेट र जिन्स पाइन्ट लगाएर काँधमा नाम्लो बोकेर उनी एकाबिहानै बजारमा निस्किन्छन् । बजारमा आफूले गर्ने कामको जायजा लिँदै उनी आफ्नो दिनचर्या सुरुवात गर्छन् । बढ्दै गएको चिसोका कारण उनका साथीहरू काम नहुँदा अचेल डडेल्धुराको कुनै चिया पसलबाहिर गुज्जमुज्ज घाम तापिरहेका भेटिन्छन् । त्यही भीडमा मझौला कदका ४१ वर्षीय नरबहादुर बोहरा फरक देखिन्छन् ।

उनी १३ वर्षको उमेर आफ्ना सहोदर दाजु हरिबहादुर बोहरासँग आफ्नो गाउँ बझाङ देउलेक-७ बसइलबाट डडेल्धुरा झरेका हुन् । पहिलो पटक यहाँको मल्लो खलंगामा १५ रुपैयाँ प्रतिदिनको ज्यालादारीमा माटो बोकेको सम्झना ताजै छ । उनका बाजे धनबहादुर बोहरा र बुबा सालिभान बोहराले पनि भारत र डडेल्धुरामै मेहनत मजदुरी गरेर घर चलाएका हुन् । उनको गाउँ बसइलका ६० परिवारमध्ये एक परिवारबाट एकजनाका दरले परम्परादेखि डडेल्धुरामा काम गर्दै आएको तथ्य उनीहरू गर्वसाथ भन्छन् । बझाङको सदरमुकाम पुग्न उनको गाउँबाट दुई दिन हिँड्नु पर्छ भने एक दिनमै डडेल्धुरा पुगिन्छ । उनीहरूलाई यातायातको सजिलो पनि यतै हुन्छ । उनीहरूको काम बस र मालवाहक ट्रकमा सामान लाद्नु र ओराल्नु हो, ठेक्का पाएमा कुनै निर्माण योजनामा आफ्नो श्रम खर्च गर्नु । पढ्न छोडेर किन दाजुसँग लागेर आएको त ? नरबहादुर भन्छन्, 'स्कुलै दुई घन्टा टाढा थियो अनि गाउँका सबैजसो काम गर्न हिँड्ने हुँदा लहलहैमा लागेर आइयो ।' दुई दाजु र भाइले अलि अलि पढेका भए पनि आफू स्कुल नगएको बताउन उनी अलि लजाउँछन् । २०४३ सालमा बल्ल उनकै घरछेउ प्राथमिक विद्यालय खुलेको हो ।

डडेल्धुरा पुगेको ३ वर्षपछि नरबहादुर उस्तै कामको खोजीमा छिमेकी भारतको उत्तराञ्चल र चम्पावत जिल्लामा २ वर्ष भौंतारिए । घरपायक र सजिलो भएका कारण उनीलाई पुरानो ठाउँ नै प्यारो लाग्यो र पुनः डडेल्धुरा नै फर्किए । अचेल उनी कहीं गएका छैनन् । आफ्नो अनुभव सुनाउँदै बोहरा भन्छन्, 'भारतभन्दा त नेपालमै काम गर्न सजिलो ।' परेका बेला साथीभाइलाई नैनीताल र अल्मोडाका गफ चुट्न उनी पछि पर्दैनन् । चार भाइमध्ये माइला बोहराका एकजना दाइ भारतमा छन् भने कान्छा उनीसँगै छन् ।


आज झन्डै तीन दशकपछि पनि नरबहादुरले आफ्नो उही पेसालाई निरन्तरता मात्र दिएका छैनन्, आफ्नो जेठो छोरालाई समेत आफूले काम सुरु गरेको उमेरमै आफ्नै पेसामा लगाइसकेका छन् । अहिले उनी दैनिक १ सय ५० देखि २ सय ५० सम्म आर्जन गर्दछन् । कहिलेकाहीँ भने उस्तै पनि बस्नु पर्छ । बजारनजिकैको एउटा सानो कोठामा नरबहादुर आफ्नो छोरासहित सातजनासँग मिलेर बसेका छन् । प्रतिमहिना ७ सय सबैले मिलेर कोठाभाडा तिर्नु पर्छ भने दैनिक भने १ सय रुपैयाँ बाबुछोराको खाना खर्च हुन आउँछ । सरदर महिनाको तीन हजारसम्म उनी जसोतसो बचत गरेर घर खर्च पठाउँछन् । तीन छोरा एक छोरीका बाबु बनिसकेका बोहरालाई यो खर्चले गुजारा मात्रै हुन्छ । 'घरमा रहेका छोराछोरीलाई जसरीतसरी पढाउनै पर्‍यो । त्यसैमा घर खर्च समेत निकाल्नु पर्ने बाध्यता छ', उनी भन्छन् ।

'आखिर के बदलियो त ?', नरबहादुर भन्छन्, 'पहिले १० किलोमिटर टाढा राजमार्ग रहेको भात्काडाबाट सामान बोक्नु पर्थ्यो, थोरै कामहरू हुन्थे, अचेल धेरै काम सदरमुकाममै छन् । आफ्नै गाउँसम्म मोटरमा सजिलै जान सकिन्छ ।'

देशमा भइरहेका राजनीतिक परिवर्तन र विकाससँग बोहरालाई मतलब छैन । न त्यो विकासको घेराले नै उनलाई समेटेको छ । उनी भन्छन् 'न त यतिका वर्षमा केही राम्रो नै भएको छ न त नराम्रो नै, भन्नलाई उल्लेख्य केही भएको छैन, जसरीतसरी जिन्दगी घचेटिँदै छ ।'

'भारी नबोकी खान पाइन्नँ, हाम्रा लागि त धेरै काम नै भए राम्रो । योभन्दा पनि राम्रो कसरी हुन्थ्यो त ?', नरबहादुर सहज रुपमा भन्छन्, 'अहिले ५ रुपैयाँमा एक क्विन्टल सामान चढाउने र झार्ने गर्छौं, त्यसको दर १० रुपैयाँ भए हुन्थ्यो ।' बझाङको बसइलबाट डडेल्धुरा आई बसेका उनीजस्ता झन्डै ६ दर्जन कामदारहरूको प्रतिनिधि जवाफ दिएका थिए, नरबहादुरले । नयाँ नेपालको खाकामा नरबहादुरको प्रतिनिधिका रुपमा काम सुरु गरेको उसको छोराले समेत चौथो पुस्ताको रुपमा यसै कामलाई निरन्तरता दिनेछ वा परिवर्तन हुनेछ, त्यो भविष्यले निर्धारण गर्नेछ ।

■ **श्याम भट्ट/डडेल्धुरा (तस्बिर पनि)**



डडेल्धुराको बजारमा नरबहादुर

# मुद्दा समानुपातिकको

**मुलुक संविधानसभामार्फत** समावेशी राज्यप्रणालीमा रुपान्तरित हुँदै छ। पृथ्वीनारायण शाहले राज्य एकीकरण गरेदेखि नै यहाँका अधिकांश जाति राज्यसत्ताबाट बहिष्कृत हुँदै आएका छन्। केही सीमित जाति र त्यसमा पनि निश्चित समूहले मात्रै राज्यको शासनमा पहुँच राख्दै आएको छ। विगतको एघारवर्षे सशस्त्र द्वन्द्व र जनआन्दोलन–२ को भावनाअनुसार राज्य संयन्त्रलाई समावेशी बनाउने लिखित सहमति अन्तरिम संविधानले गरेको छ। अन्तरिम संविधानले पिछडिएका जातजाति तथा समुदाय जसको राज्यसत्तामा कहिल्यै पहुँच हुन सकेको छैन, उनीहरूलाई राज्यसत्तामा समाहित गराउने मूल नीति लिएको छ। दलित, जनजाति र महिलाहरूले विगतदेखि नै समानुपातिक आरक्षणको माग बुलन्द पार्दै आएका छन्। जनआन्दोलनबाट बनेको सरकारले आरक्षणका बारेमा सकारात्मक संकेत दिँदै आएको छ, तर छिमेकी मुलुक भारत लगायत अन्य देशको आरक्षणको नमुनाबाट सकारात्मक पाठ सिकेर नेपालमा कसरी प्रभावकारी आरक्षण प्रणाली लागू गर्ने भन्ने सन्दर्भमा स्पष्ट खाका भने आएको छैन। राजनीतिक दल र सरोकारवाला निकाय समेत आरक्षणको नमुनाबारे अस्पष्ट देखिएका छन्। यसै सन्दर्भमा विभिन्न क्षेत्रका व्यक्तिहले आरक्षणबारे लेखेका लेखहरूलाई 'विशेषअधिकार र आरक्षणको राजनीति'मार्फत समाहित गराएर जागरण मिडिया सेन्टरले नेपालमा भएको आरक्षणको राजनीतिमा नयाँ सामग्री थपेको छ। विभिन्न क्षेत्रसँग सम्बन्धित विशेषज्ञ र विगतमा आरक्षणको मागलाई बुलन्द गर्दै आएका राजनीतिक




दलका नेताहरूको आरक्षणसम्बन्धी विचार र बुझाइलाई यस पुस्तकबाट जो कसैले ज्ञान लिन सक्छ। जवाहरलाल नेहरू विश्वविद्यालयका प्राध्यापक सुखदेव थोराटदेखि माओवादी नेतृ हिसिला यमी र आरक्षणको बारेमा विगतदेखि वैचारिक आन्दोलनमा क्रियाशील स्व. डा. हर्क गुरुङ र डा. कृष्णबहादुर भट्टचनका आरक्षणका बारेमा लेखिएका लेखहरूले साँच्चै नै नयाँ नेपाल निर्माणसँगै आरक्षणको सन्दर्भमा सशक्त सहयोगी सामग्री बन्नेछन्। केही स्वदेशी तथा विदेशी लेखकहरूले अंग्रेजीमा लेखेका लेखलाई नेपालीमा रुपान्तरण गरिएकाले पनि सबै आरक्षणका बारेमा बुझ्न खोज्नेहरूलाई यो पुस्तक जानकारीमूलक छ। दिल्ली विश्वविद्यालयकी प्राध्यापक निरा चण्डोकको आरक्षणको अपरिहार्यता र माला तुनको लैंगिक आरक्षणको र पहिचानका बारेका लेखले नेपालमा आरक्षणको बुझाइ फराकिलो गर्न सहयोग गर्नेछन्।

पुस्तकमा समेटिएका कतिपय सन्दर्भले भने वर्तमान मोडिएको नेपालको राजनीतिलाई छुन नसकेका कारण पाठकले केही खल्लो महसुस गर्नेछन्। उता विभिन्न लेखकहरूले प्रस्तुत गरेका तथ्यांकहरू पुरानो समावेश गरिएको छ, जसले पाठकलाई तथ्यांक परिमार्जन गरेर बुझ्नु पर्ने बाध्यता थोपरेको छ। आरक्षणको अवधारणा र स्वरूप, दलितमुक्तिको सन्दर्भमा विशेषअधिकार आरक्षण र प्रतिनिधित्व र आरक्षण अन्तर्राष्ट्रिय अनुभव गरेर तीन खण्डमा विभाजित यस पुस्तकमा विशेष गरेर दलितहरूको लागि आरक्षणलाई केन्द्रित गरिएको छ। सामाजिक विभेदको सिकार हुँदै आएका दलितहरूको राज्यसत्तामा पहुँच शून्यप्रायः छ भने विकासका सबै सूचकांकमा दलितहरू सबैभन्दा तल छन्। यो सेरोफेरोमा 'विशेष अधिकार र आरक्षणको राजनीति'मार्फत दलितहरूलाई आरक्षणको अपरिहार्यतालाई लेखकहरूले थप पुष्टि गरेका छन्।

■ गोविन्द परियार

# नयाँ नेपालको मार्गचित्र




**लोकतान्त्रिक राज्य** पुनर्संरचनाका आधारभूत सूत्रहरू के के हुनु पर्छ ? अहिले सबैका लागि बहसको विषय बनेको छ। मुलुक अग्रगमनतिर फड्को मारिराखेका बेला यो सबैको चासोको विषय पनि हुनसक्छ यो। यसैलाई मद्देनजर गरेर ईश्वरीप्रसाद पोखरेलले आफ्नो पुस्तक 'लोकतान्त्रिक राज्यसंरचनाका आधारभूत सूत्रहरू'लाई पुनः प्रकाशन गरेका छन्।

जबसम्म मुलुकका सम्पूर्ण जनताले आफ्ना आधारभूत मागहरूलाई प्राप्त गर्न सक्दैनन् तबसम्म मुलुक अग्रगमनमा गएको भन्न पनि मिल्दैन र राज्यको पुनर्संरचना भएको पनि मानिँदैन। यसलाई पछ्याउनलाई राज्यले निश्चित मूल्य र मान्यता अनुकरण गर्न सक्नु पर्छ अनि मात्र जनताले लोकतान्त्रिक पद्धतिको आभास गर्न सक्छन्। यसलाई कसरी समेट्ने भन्ने कुराको जानकारी सबैलाई नहुन सक्छ। यिनै विषयमा रहेर मुलुकलाई अग्रगमनतिर लैजानका लागि चाहिने आधारभूत कुरा समेटेका छन्, लेखकले आफ्नो कृति 'लोकतान्त्रिक राज्यसंरचनाका आधारभूत सूत्रहरू'मा।

राज्यले समावेशी चरित्र नअँगाल्दासम्म मुलुक नयाँ दिशातर्फ अग्रसर हुन सक्दैन। नेपाल बहुजाति, बहुभाषी र बहुसंस्कृतिको पहिचान बोकेको राष्ट्रमा गनिन्छ। यसका लागि सबै जातजाति र भाषाभाषीलाई समेट्न जरुरी छ। तर, सबैको कौतूहल हुनसक्छ कसरी समेट्ने भनेर। लेखकले यही कौतूहल समेटेका छन्।

मुलुक हाँक्नेले शासकीय चरित्र अँगाल्न थाल्यो भने मुलुक अधोगमनतिर लम्कन्छ भन्ने कुरा हामीले धेरैचोटि बुझ्ने मौका पाइसकेका छौं। अब पनि त्यस्तो चरित्र छोड्ने साहस गर्न सकेनौं भने हामीले बाँडेका चर्का भाषण र नारा कोरा कागजमै सीमित हुनेछन्। त्यसैले चरित्रलाई अँगाल्न सक्नुपर्छ राष्ट्र हाँक्ने जिम्मेवारी पाएकाहरूले। लेखक ईश्वरीप्रसाद पोखरेलले आफ्नो पुस्तकमा मुलुकलाई सही मार्ग र दिशातिर लैजाने हो र साँच्चिकै जनतालाई लोकतन्त्रको प्रत्याभूति गराउने हो भने निश्चित सूत्रहरू अँगाल्न जरुरी भएको औंल्याएका छन्, लेखकले।

■ ज्योति देवकोटा

# पाण्डेको महँगो योजना



**नेपाल क्रिकेट संघ(क्यान)को नेतृत्व सम्हालेको पाँच महिना नबित्दै विनयराज पाण्डेले नेपाली खेलकुदकै मुहार फेरिदिएका छन् । उनले सबैलाई आश्चर्यचकित तुल्याउँदै छोटो अवधिमै दुई करोड ११ लाख बराबरको प्रायोजन संघमा भित्र्याएका छन् । यतिमात्र होइन, क्यानको पछिल्लो नेतृत्वका कारण लगभग ठप्प भएको विकास बजेटलाई सुचारु गर्दै उनले एसिसीबाट मूलपानीमा क्रिकेट मैदान बनाउन एक लाख अमेरिकी डलर भित्र्याएका छन् । उनी चारवटा क्रिकेट विकास क्षेत्रमा पूर्वाधार निमार्ण गर्न एसिसीबाट थप एक लाख अमेरिकी डलर भित्र्याउने योजनामा छन् ।**

■ **नवीन अर्याल/काठमाडौं**

विनयराज पाण्डे, नेपाल क्रिकेट संघ (क्यान)का अध्यक्ष । अहिले आफ्नो सफल कूटनीतिका कारण राष्ट्रिय मात्र होइन, अन्तर्राष्ट्रिय क्रिकेटमा पनि चर्चामा छन् । सैंतीस वर्ष क्यानको सचिव पदमा रहेर काम गरेका पाण्डे लोकतन्त्रबहालीसँगै राष्ट्रिय खेलकुद परिषद्को निर्णयानुसार पाँच महिनाअघि अध्यक्ष पदमा नियुक्त भएका थिए । उनी संघको अध्यक्ष पदमा नियुक्त भएलगत्तै नेपाली क्रिकेटले एकपछि अर्को महत्त्वपूर्ण उपलब्धि चुम्दै गइरहेको छ ।

यसै क्रममा उनले नेपाली खेलकुदलाई नै चकित तुल्याउँदै भर्खरै मात्र दुई करोडभन्दा ज्यादा रकमको प्रायोजन संघमा भित्र्याएका छन् । त्यतिमात्र होइन, अन्तर्राष्ट्रिय क्रिकेटमा धमिलिँदै गइरहेको नेपाली क्रिकेटको छवि उकास्ने क्रममा लगभग अनिश्चित भइसकेको मूलपानीको क्रिकेट मैदान तयारीका लागि एसियाली क्रिकेट महासंघ (एसिसी)बाट एक लाख अमेरिकी डलर विकास बजेटको रुपमा नेपाल भित्र्याएका छन् । नेपाली क्रिकेट विकासका लागि कहिले अस्ट्रेलियाली दूतावास धाइरहेको भेटिने त कहिले अन्तर्राष्ट्रिय क्रिकेट महासंघ (आइसिसी)को बैठकमा नेपालजस्तो इमर्जिङ क्रिकेट राष्ट्रका निम्ति आइसिसीले त्यति ध्यान पुऱ्याउन नसकेको वक्तव्य दिएर चर्चामा आउने गरेका पाण्डे केही दिनअघि मात्र एसिसीले आफ्नो आधिकारिक वेभसाइटमा राखेको एक रिपोर्टमा कुशल कूटनीतिज्ञको रुपमा दरिएका छन् ।

शाही शासनकालमा किशोरबहादुर सिंह राष्ट्रिय खेलकुद परिषद्को सदस्य-सचिव हुँदा नेपाली क्रिकेटमा उनको भूमिका छोट्याउने काम मात्र भएको थिएन, लगभग उनको निष्क्रियतापछि अन्तर्राष्ट्रिय क्रिकेटमा ठूलो चर्चा पाएको नेपाली क्रिकेट धराशायी बन्न पुगेको थियो । राजा ज्ञानेन्द्रसँगको पारिवारिक सम्बन्धका कारण त्यति बेला क्यानका अध्यक्ष जयकुमारनाथ शाहलाई पूर्ण भूमिका दिँदै राष्ट्रिय खेलकुद परिषद्ले पाण्डेलाई उपाध्यक्ष पदमा थन्क्याउँदै अन्ततः संघको कार्यसमितिबाटै निष्काशन गरेको थियो ।

'मलाई लामो भूमिका चाहिएन । स्वतन्त्ररुपले काम गर्न दिइएको खण्डमा छोटो समयमै नेपाली क्रिकेटको कायापलट गर्न सक्छुजस्तो लाग्छ', क्रिकेटप्रति आफ्नो लगाव उजागर गर्दै विनयराज पाण्डेले *समय*सँग खुलेर भने । पाण्डे नेपाल क्रिकेट संघमा सचिव हुँदा नै उनको एउटा सपना थियो, नेपाली क्रिकेटलाई एकदिवसीय मान्यता दिलाइछाड्ने र सन् २०११ सालको विश्वकपमा नेपालको सहभागितालाई सुनिश्चित गर्ने । 'गत तीन वर्ष नेपाली क्रिकेटले जुन दुर्दशा व्यहोर्नु पऱ्यो, त्यो मेरो लागि नमिठो सपना बन्न पुगेको छ', नेपाली क्रिकेटमा पछिल्लो तीन वर्ष आफू निष्क्रिय भएको सम्झँदै उनले भने, 'म आफ्नो योजनाबाट विचलित भएको छुइनँ, तर पुरानो गति भेटाउन समय भने अलिकति लाग्नेछ ।'

तीन महिनाअघि एसिसीसँग वार्षिकरुपमा कम्तीमा नेपालमा एउटा अन्तर्राष्ट्रिय प्रतियोगिता गराउने सहमति गरेर फर्किएका पाण्डे भन्छन्, 'देशले छिटो वा ढिलो एकदिवसीय मान्यता पाउने कुरा हाम्रो राष्ट्रिय टोलीको राम्रो प्रदर्शनमा निर्भर रहनेछ ।' उनले नेपालले अन्तर्राष्ट्रिय क्रिकेटमा एकदिवसीय मान्यता पाउन आवश्यक पर्ने भौतिक पूर्वाधार र घरेलु क्रिकेटको ढाँचालाई आगामी चार वर्षभित्र आफूले पूरा गर्ने बताउँदै भने,

'त्यसपछि आवश्यक पर्ने भनेको नेपाली सिनियर टोलीकै प्रदर्शन नै हो ।'

आफू निष्क्रिय हुँदा असम्भव बन्न पुगेको सन् २०११ मा नेपालले विश्वकप क्रिकेट खेल्ने योजनालाई व्याख्या गर्दै उनले भने, 'पछिल्लो क्यानको नेतृत्वले कुनै पनि काम योजनाबमोजिम गरेन, त्यसैले सन् २०११ मा विश्वकप खेल्ने हाम्रो महत्त्वाकांक्षी योजनामा ठूलो धक्का लागेको छ ।' उनी पाँच महिनाअघि क्यानको नेतृत्वमा आउनुअघि सन् २०११ मा विश्वकप खेल्ने नेपालको योजना तुहिसकेको थियो । तर, नेतृत्वमा आएपछि आइसिसीको गोष्ठीमा भाग लिन जाँदा उनले आफूसँगै अन्य इमर्जिङ राष्ट्रलाई छनोटचरणको खेलको संरचनाले ठूलो अन्याय परेको आवाज उठाएपछि अन्ततः समूह-५ अर्न्तगत सिंगापुर, अफगानिस्तान, न्युजर्सी, अर्जेन्टिना, बच्वाना, नर्वे र पूर्वी एसियाबाट छनोट भएर आउने एउटा देशसँगै नेपालले छनोट खेल खेल्न पाउने भएको छ । 'म अहिले नै ठोकुवा गर्न सक्दिनँ । हामीले आफ्नो घरेलु संरचनामा अलिकति फेरबदल गर्नु पर्नेछ । सन् २०१६ सम्म हामी विश्वकप खेल्ने देशमा दरिनेछौं', आत्मविश्वासी पाण्डे भन्छन् ।



मुलपानीमा निर्माणाधीन क्रिकेट मैदानको नक्सा

उनले यसका लागि नेपाली क्रिकेटको पुरानो ढर्रामा सुधार गर्दै राष्ट्रिय लिगलाई द्वि-दिवसीय तथा स्कुल क्रिकेटको अवधारणा सार्वजनिक गरेका छन् । 'हामी प्याब्सनसँग मिलेर स्कुल क्रिकेटलाई संस्थागत गर्नेतर्फ लाग्दै छौं', यसै वर्षदेखि स्कुले बालबालिकालाई प्लास्टिकको बल र ब्याटदेखि नै क्रिकेट सिकाउने अभियानमा लाग्ने बताउँदै पाण्डे भन्छन्, 'हामी १० वर्षको उमेरदेखि नै केटाकेटीलाई क्रिकेट सिकाउने अभियानमा लाग्नेछौं ।'

नेपाली क्रिकेटमा पाण्डेको आगमनसँगै वाइवाईले देशभित्र युथ-१९ क्रिकेट प्रतियोगिता सञ्चालन गर्नका लागि संघलाई नगद साढे सात लाख रुपैयाँ, ट्रफी, पोसाक र अन्य गरेर वार्षिक एघार लाख रुपैयाँ प्रायोजन गरिसकेको छ । यसैगरी राष्ट्रिय टोलीका लागि सूर्य नेपाल र स्ट्यान्डर्ड चार्टर बैंकले संयुक्तरुपमा पाँच वर्षका लागि २ करोड रुपैयाँ प्रायोजन गरेका छन् । 'युथ-१७ को लागि पनि प्रायोजक खोज्ने काम भइरहेको छ', उनी भन्छन् । मूलपानीमा लगभग नबन्ने स्थितिमा पुगिसकेको अन्तर्राष्ट्रिय मैदान निर्माणका लागि उनले एसिसीसँग १२ लाख अमेरिकी डलर सहयोगको आग्रह गरेका छन् । 'एक लाख डलर एसिसीबाट निकासा भएको छ । हामी छिटै पहिलो चरणको काम सुरु गर्दै छौं । बाँकी रकम कामको मूल्यांकन गरेर दिन्छु भनेका छन् । मेरो विचारमा चार वर्षभित्र यो मैदान बनिसक्नेछ', उनले भने । मूलपानीमा क्यानले एउटा इन्डोर र एउटा नेट्सको रुपमा दुईवटा क्रिकेट मैदान बनाउने योजना बनाएको छ ।

उनले घरेलु क्रिकेटको पूर्वाधार तयार पार्ने सम्बन्धमा गत नोभेम्बरमा इस्लामाबादमा भएको एसिसीको बैठकमा थप एक लाख डलर माग गरिएको र त्यो निकासी हुने तरखरमा रहेको बताउँदै भने, 'त्यो पैसाले हामी वीरगन्जमा निर्माण भइसकेको क्रिकेट रंगशालालाई व्यवस्थित गर्नेतिर लाग्नेछौं । साथै पोखरा, भैरहवा, नेपालगन्ज र विराटनगरमा नयाँ रंगशाला निर्माणतिर लाग्नेछौं ।'

उनले आफ्नो नयाँ योजनाअनुरुप काठमाडौं, नेपालगन्ज र भैरहवामा महिला क्रिकेट विकासका लागि कार्यक्रम थाल्ने र क्रिकेट खेल्ने जिल्लाहरूमा नेट अभ्यासका लागि 'कंक्रिट' विकेट तयार पार्ने बताए । पाण्डे क्रिकेट प्रशिक्षकहरूलाई पनि व्यवस्थित बनाउँदै लैजाने आफ्नो नयाँ योजनाबमोजिम उनीहरूको कामको मूल्यांकन गरिने बताउँछन् । नेपाली अम्पायरहरूको कामबाट विशेष खुसी देखिएका पाण्डेले एसिसीको बैठकमा नेपालजस्ता सम्भावना बोकेका देशहरूका अम्पायरहरूले पनि टेस्ट म्याचमा सहभागी हुन पाउनु पर्ने आवाज उठाएका थिए । 'अम्पायर भनेको क्रिकेट विकाससँगै जोडिएको नाम हो । त्यसैले उनीहरूलाई कसरी निरपेक्ष हेर्न सकिन्छ', उनी आफ्नो स्पष्ट दृष्टिकोण राख्दै भन्छन् । उनी संघको नेतृत्वमा फर्किएको छोटो अवधिमै एसिसीले नेपाली महिला क्रिकेटलाई यो वर्ष सम्मानित गरेको छ । विगतमा आफू अध्यक्ष नभए नेपाली क्रिकेट तहसनहस हुने संघका पूर्व अध्यक्ष जयकुमारनाथ शाहको दाबीलाई गलत सावित गर्दै पाण्डेले नेपाली क्रिकेटको विकासमा आफ्नो सशक्त उपस्थिति जनाएका छन्, जुन नेपाली क्रिकेटका लागि सकारात्मक मान्न सकिन्छ । ■



# मुद्दा समानुपातिकको

**मुलुक संविधानसभामार्फत** समावेशी राज्यप्रणालीमा रुपान्तरित हुँदै छ। पृथ्वीनारायण शाहले राज्य एकीकरण गरेदेखि नै यहाँका अधिकांश जाति राज्यसत्ताबाट बहिष्कृत हुँदै आएका छन्। केही सीमित जाति र त्यसमा पनि निश्चित समूहले मात्रै राज्यको शासनमा पहुँच राख्दै आएको छ। विगतको एघारवर्षे सशस्त्र द्वन्द्व र जनआन्दोलन–२ को भावनाअनुसार राज्य संयन्त्रलाई समावेशी बनाउने लिखित सहमति अन्तरिम संविधानले गरेको छ। अन्तरिम संविधानले पिछडिएका जातजाति तथा समुदाय जसको राज्यसत्तामा कहिल्यै पहुँच हुन सकेको छैन, उनीहरूलाई राज्यसत्तामा समाहित गराउने मूल नीति लिएको छ। दलित, जनजाति र महिलाहरूले विगतदेखि नै समानुपातिक आरक्षणको माग बुलन्द पार्दै आएका छन्। जनआन्दोलनबाट बनेको सरकारले आरक्षणका बारेमा सकारात्मक संकेत दिँदै आएको छ, तर छिमेकी मुलुक भारत लगायत अन्य देशको आरक्षणको नमुनाबाट सकारात्मक पाठ सिकेर नेपालमा कसरी प्रभावकारी आरक्षण प्रणाली लागू गर्ने भन्ने सन्दर्भमा स्पष्ट खाका भने आएको छैन। राजनीतिक दल र सरोकारवाला निकाय समेत आरक्षणको नमुनाबारे अस्पष्ट देखिएका छन्। यसै सन्दर्भमा विभिन्न क्षेत्रका व्यक्तिहले आरक्षणबारे लेखेका लेखहरूलाई 'विशेषअधिकार र आरक्षणको राजनीति'मार्फत समाहित गराएर जागरण मिडिया सेन्टरले नेपालमा भएको आरक्षणको राजनीतिमा नयाँ सामग्री थपेको छ। विभिन्न क्षेत्रसँग सम्बन्धित विशेषज्ञ र विगतमा आरक्षणको मागलाई बुलन्द गर्दै आएका राजनीतिक




दलका नेताहरूको आरक्षणसम्बन्धी विचार र बुझाइलाई यस पुस्तकबाट जो कसैले ज्ञान लिन सक्छ। जवाहरलाल नेहरू विश्वविद्यालयका प्राध्यापक सुखदेव थोराटदेखि माओवादी नेतृ हिसिला यमी र आरक्षणको बारेमा विगतदेखि वैचारिक आन्दोलनमा क्रियाशील स्व. डा. हर्क गुरुङ र डा. कृष्णबहादुर भट्टचनका आरक्षणका बारेमा लेखिएका लेखहरूले साँच्चै नै नयाँ नेपाल निर्माणसँगै आरक्षणको सन्दर्भमा सशक्त सहयोगी सामग्री बन्नेछन्। केही स्वदेशी तथा विदेशी लेखकहरूले अंग्रेजीमा लेखेका लेखलाई नेपालीमा रुपान्तरण गरिएकाले पनि सबै आरक्षणका बारेमा बुझ्न खोज्नेहरूलाई यो पुस्तक जानकारीमूलक छ। दिल्ली विश्वविद्यालयकी प्राध्यापक निरा चण्डोकको आरक्षणको अपरिहार्यता र माला तुनको लैंगिक आरक्षणको र पहिचानका बारेका लेखले नेपालमा आरक्षणको बुझाइ फराकिलो गर्न सहयोग गर्नेछन्।

पुस्तकमा समेटिएका कतिपय सन्दर्भले भने वर्तमान मोडिएको नेपालको राजनीतिलाई छुन नसकेका कारण पाठकले केही खल्लो महसुस गर्नेछन्। उता विभिन्न लेखकहरूले प्रस्तुत गरेका तथ्यांकहरू पुरानो समावेश गरिएको छ, जसले पाठकलाई तथ्यांक परिमार्जन गरेर बुझ्नु पर्ने बाध्यता थोपरेको छ। आरक्षणको अवधारणा र स्वरूप, दलितमुक्तिको सन्दर्भमा विशेषअधिकार आरक्षण र प्रतिनिधित्व र आरक्षण अन्तर्राष्ट्रिय अनुभव गरेर तीन खण्डमा विभाजित यस पुस्तकमा विशेष गरेर दलितहरूको लागि आरक्षणलाई केन्द्रित गरिएको छ। सामाजिक विभेदको सिकार हुँदै आएका दलितहरूको राज्यसत्तामा पहुँच शून्यप्रायः छ भने विकासका सबै सूचकांकमा दलितहरू सबैभन्दा तल छन्। यो सेरोफेरोमा 'विशेष अधिकार र आरक्षणको राजनीति'मार्फत दलितहरूलाई आरक्षणको अपरिहार्यतालाई लेखकहरूले थप पुष्टि गरेका छन्।

■ गोविन्द परियार

# नयाँ नेपालको मार्गचित्र




**लोकतान्त्रिक राज्य** पुनर्संरचनाका आधारभूत सूत्रहरू के के हुनु पर्छ ? अहिले सबैका लागि बहसको विषय बनेको छ। मुलुक अग्रगमनतिर फड्को मारिराखेका बेला यो सबैको चासोको विषय पनि हुनसक्छ यो। यसैलाई मद्देनजर गरेर ईश्वरीप्रसाद पोखरेलले आफ्नो पुस्तक 'लोकतान्त्रिक राज्यसंरचनाका आधारभूत सूत्रहरू'लाई पुनः प्रकाशन गरेका छन्।

जबसम्म मुलुकका सम्पूर्ण जनताले आफ्ना आधारभूत मागहरूलाई प्राप्त गर्न सक्दैनन् तबसम्म मुलुक अग्रगमनमा गएको भन्न पनि मिल्दैन र राज्यको पुनर्संरचना भएको पनि मानिँदैन। यसलाई पछ्याउनलाई राज्यले निश्चित मूल्य र मान्यता अनुकरण गर्न सक्नु पर्छ अनि मात्र जनताले लोकतान्त्रिक पद्धतिको आभास गर्न सक्छन्। यसलाई कसरी समेट्ने भन्ने कुराको जानकारी सबैलाई नहुन सक्छ। यिनै विषयमा रहेर मुलुकलाई अग्रगमनतिर लैजानका लागि चाहिने आधारभूत कुरा समेटेका छन्, लेखकले आफ्नो कृति 'लोकतान्त्रिक राज्यसंरचनाका आधारभूत सूत्रहरू'मा।

राज्यले समावेशी चरित्र नअँगाल्दासम्म मुलुक नयाँ दिशातर्फ अग्रसर हुन सक्दैन। नेपाल बहुजाति, बहुभाषी र बहुसंस्कृतिको पहिचान बोकेको राष्ट्रमा गनिन्छ। यसका लागि सबै जातजाति र भाषाभाषीलाई समेट्न जरुरी छ। तर, सबैको कौतूहल हुनसक्छ कसरी समेट्ने भनेर। लेखकले यही कौतूहल समेटेका छन्।

मुलुक हाँक्नेले शासकीय चरित्र अँगाल्न थाल्यो भने मुलुक अधोगमनतिर लम्कन्छ भन्ने कुरा हामीले धेरैचोटि बुझ्ने मौका पाइसकेका छौं। अब पनि त्यस्तो चरित्र छोड्ने साहस गर्न सकेनौं भने हामीले बाँडेका चर्का भाषण र नारा कोरा कागजमै सीमित हुनेछन्। त्यसैले चरित्रलाई अँगाल्न सक्नुपर्छ राष्ट्र हाँक्ने जिम्मेवारी पाएकाहरूले। लेखक ईश्वरीप्रसाद पोखरेलले आफ्नो पुस्तकमा मुलुकलाई सही मार्ग र दिशातिर लैजाने हो र साँच्चिकै जनतालाई लोकतन्त्रको प्रत्याभूति गराउने हो भने निश्चित सूत्रहरू अँगाल्न जरुरी भएको औंल्याएका छन्, लेखकले।

■ ज्योति देवकोटा

# भीमसेनको गदा र हनुमानको पुच्छर

ध्रुव मधिकर्मी

किन हो त्यसलाई देख्नासाथ श्रीमान् भीमसेनलाई झनक्क रिस उठ्यो । सरासर गएर त्यसको टाउकोमा गदाले ट्वाङ्ग हानूँ जस्तो भयो । यसरी रिसाउनु पर्ने त्यस्तो कुनै कारण त थिएन । सभ्य र शिष्ट देखिने त्यो अपरिचित मान्छेले यद्यपि भीमलाई केही गरेको थिएन । त्यो मान्छे कहिलेकाहीँ बाटोमा देखिन्थ्यो र देखेपछि यसो हाँसेजस्तो गरेर जान्थ्यो । कहिल्यै बोल्दैनथ्यो । तैपनि भीमलाई त्यसको अनुहारमा देखिएको एक प्रकारको हाँसो नै मन परेन । त्यो हाँसोले भीमलाई केही खिस्सी गरेजस्तो वा केही उपेक्षा गरेजस्तो लाग्थ्यो । भीमले त्यो मान्छेलाई परैदेखि आँखा तरेर हेर्न थाल्यो । त्यो मान्छे भीमलाई हेर्दै उही चिरपरिचित हाँसो देखाउँदै गयो । भीम भने आँखा तर्दै रह्यो । दुई पाइला हिँडेपछि त्यो मान्छे फर्केर आयो र 'ए भीम भाइ' भनेर बोलायो ।

कहिल्यै नबोलेको मान्छेले नाउँ किटेर बोलाउँदा एकछिन त भीम चकित भयो । अक्कमक्क पर्‍यो । तैपनि वास्ता नगरी आफ्नै सुरमा हिँडिरह्यो । त्यो मान्छेले फेरि बोलायो ।

'ए भीम भाइ, सुन्नोस् त ।'

भीम बोलेन । टक्क अडियो । त्यो मान्छे सामुन्ने उभिन आयो ।

'कता जान लाग्या भीम भाइ ?, उसले सोध्यो ।

उसको सोधाइ भीमलाई मन परेन । अझ सोधाइभन्दा पनि पटकपटक भीम भाइ भनेको त झनै मन परेन । ऊ कहाँ भीम मात्र हो र, उसलाई त महाशय भीम अथवा श्रीमान् भीमज्यू वा यस्तै कुनै सम्मानित शब्दले सम्बोधित गर्नुपर्छ । ऊ वास्तवमा अब यस्तै सम्मानित शब्दको हकदार भइसक्यो । ऊ अब चानचुने भीम मात्र होइन । तर त्यो अपरिचित व्यक्तिको शिष्टता र त्यसको उमेरजन्य परिस्थितिले उसलाई केही भनिहाल्न पनि सकेन । तैपनि भीमलाई त्यसरी नरम भएर बोलेको भने कता कता मन परेजस्तो लाग्यो ।

भीमले छाती तन्कायो र अलि गमक्क पर्दै भन्यो - किन ?

'हैन त्यसै सोधेको । तपाईंलाई एउटा कुरा भनूँ कि भनेर नि ।'

'के कुरा ?'

'तपाईंजस्तो योग्य र शक्तिशाली मान्छेले यसरी हतियार बोकेर बाटोमा हिँडेको सुहाएन ।'

'तपाईंले भन्न के खोज्नुभएको ? यत्रो महत्त्वपूर्ण शस्त्रलाई म छोडूँ । तपाईंले के यसको अपमान गर्न खोज्नुभएको ?' भीमले आँखा राताराता पार्दै रुखो स्वरमा भन्यो ।

'भीम भाइ, तपाईंले गलत सोच्नुभयो । मैले यसको अपमान गर्न खोजेको होइन । तपाईंको यो गदा ऐतिहासिक र बडो महत्त्वपूर्ण छ । तर यसलाई जहिले तहिले देखाउँदै हिँड्नु उपयुक्त हुन्न । यसरी सधैं गदा बोकेर हिँड्नु राम्रो भएन । आवश्यक नपरेका बेला यसलाई थन्क्याएर राखे हुन्छ नि । मान्छेहरू तपाईंको यो गदा देखेर तर्सन्छन्, तपाईंबाट परपर हुन्छन् । तपाईंलाई नराम्रो ठान्छन् ।'

'किन तर्सने ? किन परपर हुने ? यो गदाले कति दुर्जनको नाश गरिसक्यो । त्यतिका राक्षसहरूलाई तह लगाइसक्यो । त्यति महत्त्वपूर्ण काम गरेको थाहा पाई पाई पनि बुझ पचाउनु हुन्छ ! त्यति बेलाचाहिँ केही नहुने अब किन तर्सनु पर्ने ?'

'कुरा त्यसो होइन ।'

भीमले बीचैमा कुरा काट्दै भन्यो - कुरा कस्तो हो ! मेरो परिचय बनिसकेको यो गदाप्रति तपाईंको रिस किन ? यसले कति मान्छेहरूको रक्षा गरिसक्यो, अझै कतिको रक्षा गर्न बाँकी छ । त्यसैले यो गदा बिसाएर हिँड्ने पक्षमा छैन म ।

'तपाईंको यो गदाले धेरै काम दियो, दिएन भन्दिनँ । तर सधैं यसलाई बोकेर हिँड्नु उचित भएन । मान्छेहरूमा यसले नकारात्मक असर पार्छ । तपाईंको राम्रो बनिसकेको छविलाई यसले धक्का पुर्‍याउँछ । तपाईं स्वयं पराक्रमी हुनुहुन्छ, तपाईंले अब कुनै हतियार बोकेर हिँड्नु पर्दैन । मैले त तपाईंलाई सल्लाह मात्र दिएको हुँ ।'

'मलाई यस्तो सल्लाह चाहिँदैन', भीमले रुखो स्वरमा भन्यो र उसको उत्तरको पर्वाह नगरी उपेक्षापूर्वक पाइला चाल्यो ।

त्यसै पनि सानैदेखि भीमसेन मोटोघाटो र बलियै थियो । पछि खानपिन र कसरती जीउले उसलाई सुगठित बनायो । त्यसमाथि उसलाई कृष्ण र अरू केही शुभचिन्तकहरूले बेलाबेलामा निकै साथ दिए । पहिला उसलाई आफू त्यति बलियो छु भन्ने लागेको थिएन । तर जब उसले किचक र अन्य केही अजंगका दुईचारजना बलवान् गनिएका मुसण्डहरूलाई आफ्नो शक्ति र सामर्थ्यले पल्टा



खायो अनि उसले आफू साँच्चिकै बलियै रहेछु भन्ने चाल पायो । त्यति मात्र होइन, सोचेभन्दा पनि बलियो रहेछु भन्ने अहं जाग्यो । अनि त ऊ एक्लोले हात्तीलाई समेत पछार्ने, बाघसँग कुस्ती खेल्ने सामर्थ्य राख्न थाल्यो । हुन पनि भीमसेन बलिष्ठ भुजा भएको मोटो तर सन्तुलित जीउडालको व्यक्तित्व थियो । त्यसैले कसैसँग झगडा गर्नु पर्‍यो वा कसैलाई थर्काउनु पर्‍यो भने दाजुभाइ सबैबाट भीमलाई नै अगाडि सारिन्थ्यो । भीम पनि त्यस्तो काममा विशेष रुचि राख्थ्यो ।

अचेल भीम सधैँभरि गदा बोकेर हिँड्छ, आफ्नो बलिष्ठ पाखुरा देखाएर हिँड्छ । कहिलेकाहीँ बाटोमा हिँड्दा कसैले छोयो मात्र भने पनि ऊ आफूलाई आक्रमणै गर्न आएको हो कि भन्ठानेर गदा उचाली हाल्थ्यो । उचाल्ने मात्र होइन, गदाले हिर्काउन पनि बेर मान्दैनथ्यो । एकचोटि यस्तै भयो । यसो साँझपख भीम गदा बोकेर बजारतिर रमझम हेर्दै हिँडिरहेको थियो, उसको खुट्टा एउटा ढुंगामा ठेस लाग्यो । ऊ लडखडायो, झन्डै लड्ला जस्तो भयो तर लड्नचाहिँ लडेन । ऊ नलडे पनि लड्ला जस्तो त भयो नै । सबैले यो नमिठो दृश्य देखे । सायद बाटोमा हिँडिरहेका कतिपय हाँसे पनि होलान् । यो कुराले भीमलाई बडो नमिठो अनुभव भयो । यही नमिठोपनले भीमलाई झडङ्ग रिस उठ्यो । रिसले गर्दा उसले आँखै देखेन । लाग्यो, कसैले जानाजान उसलाई लडाउन खोजेको हो । उसले छेवैमा हिँडिरहेको एकजना मान्छेलाई च्याप्प समातेर सोध्यो - तैँले मलाई चिनिनस् ?

त्यो मान्छे एकछिन त अवाक् भयो । 'कसरी चिन्नु मैले ?' भन्यो ।

'ए, तँ मलाई नचिन्ने, मुखमुखै पनि लाग्ने । अझ त्यसमाथि आक्रमण पनि गर्न खोज्ने हैन' भन्दै उसको टाउकोमा गदाले हिर्कायो । त्यत्रो ठूलो फलामको वजनयुक्त गदाले लागेर त्यो अपरिचित मान्छे त्यहीँ ठहरै भयो । त्यो अपरिचितले प्रतिरोध गर्नै पाएन । आफ्नो कुनै गल्ती छैन समेत भन्न पाएन । बटुवाहरूलाई थाहा थियो, गल्ती त्यो अपरिचितको थिएन, तर यो कुरा त्यहाँ कसले भनिदेओस् ।

भीम घमन्डी हुँदै गयो । ऊ अब हतपती कसैको पनि कुरा नसुन्ने भयो । कसैलाई पिट्नु, हिर्काउनु र सानोतिनो कुरामा हप्काउनु उसको लागि सामान्य कुरा हुन थाल्यो । ऊ बाटोमा हिँड्दा पनि अब अरू मान्छेहरूसित निहुँ खोज्ने गर्न थाल्यो । मान्छेहरू ऊसित सतर्क भएर हिँड्ने भए । भीमलाई यसरी हतियार बोकेर नहिँड, अरूलाई अनाहकमा दुःख नदेऊ, जोसित पनि घुलमिल हुन सिक, जनताको नेतृत्व लिएर सत्तामा जानुपर्नेले यसरी बाटोमा हिँड्नेहरूलाई सताउनु उचित हुन्न भनेर उसका ठूल्दाजु युधिष्ठिरले धेरै पटक सम्झाइसके । तर भीम के मान्थ्यो ! भीमको यही शक्ति र उसको गदाले युधिष्ठिरलाई सत्तामा पुर्‍याउन सहयोग गरेको थियो । त्यसैले भीम कसैको पनि कुरा सुन्न तयार थिएन, युधिष्ठिरको पनि । युधिष्ठिर अरूको गुनासो सुनेर उसलाई कहिलेकाहीँ सम्झाउने मात्र गर्थे, उसित भएको हतियार थुतेर लिन सक्दैनथे । एकप्रकारले धर्मसंकटमा परेका थिए उनी ।

त्यही भएर एकदिन हनुमानले भीमलाई सम्झाउने विचार गरे । दुईचार पटक हनुमानले बोलाउन पठाउँदा पनि भीम आएनन् । त्यसैले हनुमान आफैं भीमलाई भेट्न आए ।

हनुमानले धेरै बेर सम्झाए तर कसैगरी पनि उनले भीमलाई सम्झाउन सकेनन् । त्यसैले हनुमानले भीमसेनलाई उसको घमण्ड चुर पार्न एउटा उपाय सोचे ।

भीमसेन कतै गइरहेको थियो । उसको हातमा गदा र कम्मरमा लामो खालको भाला थियो । उसको हिँडाइमा मभन्दा शक्तिशाली कोही छैन भन्ने गर्व देखिन्थ्यो । ऊ आफ्नै तालले मस्त भएर हिँडिरहेको थियो । केही पर एउटा मोडमा मरन्न्याँसे बाँदर असरल्ल परेर बसिरहेको थियो । त्यो अशक्तझैं देखिन्थ्यो साथै अलिअलि कामिरहेको थियो । कामेका हातले ऊ भुइँमा केही टिप्न खोजिरहेको देखिन्थ्यो साथै ऊ भीम आइरहेको बाटोतर्फ यसो छिनछिनमा नियालिरहेको पनि थियो । वास्तवमा त्यो बाँदर नभएर हनुमान थियो ।

गर्वले मस्त भएर भीमसेन केही सुसेल्दै आइरहेको थियो । बाटोमा के छ, कहाँ के भइरहेछ उसलाई कुनै वास्ता थिएन । उसले त आफूबाहेक अरूको बारेमा सोचेकै थिएन । त्यसैले बाघभालु नै आए पनि उसलाई त्यसको पटक्कै भय थिएन । एकैचोटि उसको सामु बाघभालु नै आए पनि तिनलाई एक एक लात्ती हानेर पछार्ने बल त छ उसमा । हात्तीले समेत उसलाई रोक्न सक्तैन भने अरू जन्तुको के औकात !

आफ्नै अहंमा डुबेर हिँडिरहेको भीमले बाटोमा पल्टिरहेको अशक्त बाँदरलाई वास्तै नगरी कुल्चेर जान खोज्यो । यो देखेर बाँदरले उसलाई रोक्दै भन्यो - ए शक्तिशाली भीमसेन, तपाईंजस्तो महापुरुषले एउटा अशक्त प्राणीलाई नाघेर जाने ! यो त तपाईंको बहादुरीको लागि न्यायोचित भएन ।

अशक्त बाँदरका केही शब्दले भीमसेनको पाइला अचानक रोकियो । बाँदरको अशक्तताभन्दा बढी उसको शब्दले भीमलाई रोक्यो । बाँदर जति मामुली थियो त्यसको शब्द त्यति मामुली थिएन । त्यसैले भीमले उपेक्षाले हेर्दै पाइला रोक्यो र भन्यो - म के गरूँ । बाटोमा त्यसरी पुच्छर फैलाएर बस्ने हो त । ल छिटो पुच्छर हटा ।

'म साह्रै अशक्त छु बाबु, तपाईंले नै यसो पन्छाएर जानोस् ।'

आफूलाई अशक्त भन्ने अनि यसरी बाटोमा पुच्छर फैलाएर बस्ने !

'बाबु, धेरै दिनदेखि म यहीँ छु । कमजोरीले गर्दा मैले आफ्नो पुच्छर समेत उठाउन सकेको छैन । कति कीटपतंगले नाघेर गएका छन् भने तपाईंजस्तो वीरपुरुषले नाघेर जानु कुन ठूलो कुरा हो र !' अशक्त बाँदरले बल गरी गरी भन्यो ।

बाँदरको कुरा सुनेर भीमसेनले मुख अमिलो पार्‍यो । त्यस्तो बूढो र रोगी बाँदरको पुच्छर छुने कुराले नै उसलाई घीन र अरुचि भइसकेको थियो । तर उसका लागि प्रयोग गरिएका केही शब्दले उसलाई त्यतिकै पुच्छर नाघेर जान पनि दिएन । त्यस्तो बाँदरले उसको लागि गह्रुँगा शब्दहरू प्रयोग गर्ला जस्तो उसलाई लाग्दै लागेन । तैपनि ऊ गह्रुँगा शब्दहरूले केही थिचिएर बाँदरको पुच्छर उठाउन बाध्य भयो ।

ठिक छ, भन्दै भीमसेनले बाँदरको पुच्छरलाई घीन मान्दै उचाल्यो र फ्याँकेझैं गरी छोड्यो । त्यसपछि सरासर अगाडि बढ्यो । भीमसेनले घीन मान्दै उचालेको देखेर हनुमान छक्क परे । उनले त भीमसेनलाई सबक सिकाउन पो बाटोमा पुच्छर राखेर बसेका थिए । भीमसेनले पुच्छर हटाउन सक्तैन र उसको घमण्ड चुर चुर हुनेछ । आइन्दा कसैलाई पनि दुःख दिनेछैन भनेर पश्चात्ताप गर्नेछ । हनुमानले खोजेको यति हो । तर यहाँ त उल्टो भयो । भीमसेनले एउटै औंलाले हनुमान जस्तो चिरञ्जीवी वीरको पुच्छरलाई सजिलैसँग पन्छाइदियो ।

हनुमानले सोचे । गल्ती उसैको हो । भीमसेनले पुच्छर उठाएका बेला उनले बल गरेर पुच्छरलाई उठाउन नसक्ने गरी जोडले थिचेर राख्नु पर्थ्यो । तर त्यसो गर्न नपाउँदै भीमसेनले त हनुमानजस्तो बहादुरको पुच्छर होइन कुनै खोस्टो सिन्का सरी सरक्क उठाएर पन्छायो र आफ्नो बाटो लाग्यो । सोचे- अर्को पटकमा अवश्य भीमसेनको घमण्ड चुर गरेर छोड्नेछु ।

फेरि कुनै दिन साँझपख भीमसेन टहल्दै हिँडिरहेको थियो । साथमा गदा र चालमा उन्माद थियो । अलि पर बाटोमा अगिल्लो दिनझैं हनुमान पुच्छर ओछ्याएर भीमलाई पर्खिरहेका थिए । उनी घरिघरि भीम आउने बाटोमा टाउको फर्काएर आफ्ना चिम्सा आँखाहरूले नियालिरहेका थिए । भीम बडो मस्त भएर आफ्नो गदा बेलाबेला नचाउँदै हिँडिरहेको थियो । ऊ बाटोमा होइन बरु आकाशतिर हेर्दै पाइला चालिरहेको थियो । ऊ आफ्नो सुरमा थियो । उसलाई आफू हिँड्ने बाटोमा के छ भनेर हेर्ने फुर्सद नै कहाँ ? केही भइहाले पनि भीमले त्यसको चिन्ता किन लिने ! त्यसैले उसले बाटोमा बूढो बाँदरलाई देख्यो कि देखेन भन्न गाह्रो छ । तर बूढो बाँदर भने भीमकै पर्खाइमा थियो । ऊ कतिखेर भीम आउला र उसको परीक्षा लिउँला भनेर पर्खिरहेको थियो ।

भीम आयो र पुच्छरलाई नाघेर जान पाइला उचाल्यो । सके भीमले पुच्छरलाई नाघेरभन्दा कुल्चेर जान खोजेको हो कि ! जेहोस् भीमले पाइला उचाल्यो । त्यसै बेला हनुमानले उसलाई रोक्दै भने - पख ए शक्तिशाली भीम, तपाईंजस्तो बलवान्‌ले यसरी बाटोमा नहेरी हिँड्न हुन्छ ? बाटोमा कोही अशक्त रोगी र निर्बललाई नाघेर कुल्चेर जान कत्ति उचित छ ? तपाईंले त तिनलाई स्नेहपूर्वक उठाएर वा कतै पुर्‍याएर सहयोग पो गर्नुपर्छ ।

भीमले खुट्टा उचालेर यसो हेर्‍यो र देख्यो उही छुसी बाँदर । महाबली भीमजस्तो व्यक्ति हिँड्ने बाटोमा बारम्बार आएर रोक्ने छेक्ने उही छुसी बाँदर रहेछ । उसलाई देख्नासाथ नै भीमलाई झनक्क रिस उठेको थियो भने उसको कुराले झन खपी नसक्नु भयो । त्यसपछि त उसले पुच्छरमै पर्ने गरी पाइला टेक्यो । सके उसले नाघेर जान खोजेको पाइलालाई रोकेर झन् जानीजानी पुच्छरमै पर्ने गरी कुल्च्यो ।

हनुमानले केही गर्न सकेनन् । उनले रोक्दारोक्दै पनि भीमले उपेक्षापूर्वक उसको पुच्छर कुल्चेर गयो । विचरा हनुमानले न भीमलाई रोक्न सके न त आफ्नो दैवी शक्ति नै देखाउन समर्थ भए । यति मात्र होइन, भीमले कुल्चेर जाँदा पनि उनले आफ्नो पुच्छरको बचाउ गर्न सकेनन् ।

यथार्थमा हनुमान अब वृद्ध र अशक्त भइसकेको थियो । उनीसित तन्नेरी जोस मात्र होइन, आफूसित अपार शक्ति भएको सत्यबोध गराइदिने 'जाम्ववान्‌हरू' पनि रहेनन् । ■

# आकर्षक करियर

नेपाली चलचित्रमा निकै व्यस्त रहने नायिका विपना थापाले केही महिनाअघि मात्र भाटभटेनीमा 'विपनाज फेसन क्लब' बुटिक खोलिन् । चलचित्रमा ड्रेस डिजाइनरको रुपमा पनि लामो समय काम गरेकी नायिका थापा साथीहरूको सल्लाह र सुझावले बुटिक खोलेको बताउँछिन् । सानैदेखिको सोख पूरा गर्न बुटिक खोलेको बताउन नहिचकिचाउने थापा अहिले आफ्नो नयाँ कामबाट मख्ख मात्र छैनन्, बुटिकबाट हुने कमाइले पनि उनमा नयाँ उत्साह र जाँगर थपिएको छ । उनी आफूमा भएको अर्को दक्षता प्रस्फुटित गर्न पाउँदा निकै हौसिएकी छन् ।

'म नयाँ कामबाट पनि सन्तुष्ट छु', *समय*लाई छोटो प्रतिक्रिया दिने क्रममा विपनाले भनिन् । विपनाजस्तै अहिले देशभित्र नाम चलेका मात्र नभई बुटिकलाई नै आफ्नो कार्यक्षेत्र बनाउने अभियानमा लागेका युवा तन्नेरीहरूको संख्या केही वर्षदेखि नेपालमा बढ्दो छ । यसरी ठूलो संख्यामा बुटिकप्रति आकर्षण बढ्नुलाई विज्ञहरूले फेसनप्रति नेपालीको बढ्दै गएको चेतनालाई लिएका छन् । फेरि, रोजगारीको सहज वातावरण र फेसनको सहयोगले समाजमा सजिलै कमाउन सकिने नाम, दाम र इज्जतका कारण पनि पछिल्लो समय बुटिकप्रति आम नेपालीको ध्यान केन्द्रित हुँदै गइरहेको छ ।

'पहिले बुटिकप्रति नेपालीहरूमा त्यति ठूलो चासो थिएन', विगत सात वर्षदेखि बुटिक व्यवसाय अँगालेर बसिरहेकी चर्चित फेसन डिजाइनर तरुणिका महतो भन्छिन्, 'अहिले नेपालमा बुटिक संस्कृतिको बाढी आएको छ ।'

यो कुरालाई घरेलु तथा साना उद्योगका कामु गोकुल धिताल पनि पुष्टि गर्छन् । उनी विगतको तुलनामा अहिले नेपालमा बुटिक खोल्नेहरूको संख्या बढिरहेको बताउँछन् । तर, उनी धेरै बुटिक मालिकहरूले आफ्नो बुटिक उद्योगमा दर्ता नगरेको गुनासो गर्दै यसले नेपालमा च्याउझैं खुलेका बुटिकहरूको तथ्यांक राख्न आफूहरूलाई गाह्रो परिरहेको बताउँछन् । 'हामी अहिले नेपालमा खुलेका सबै बुटिकलाई उद्योगमा दर्ता गराउने अभियानमा लागेका छौं', उनी भन्छन् 'यसपछि मात्र नेपालमा बुटिकहरूको संख्याको बारेमा यकिन हुनेछ ।'

नेपालमा व्यवसायिक फेसन डिजाइनर तयार पार्ने उद्देश्यले सन् १९९७ खोलिएको आइइसीमा यो वर्ष मात्र चार सयभन्दा बढी युवायुवती फेसन डिजाइनिङ सिकिरहेका छन् । 'पहिलोपल्ट हामीले यो खोल्दा कुल ३५ जना मात्र फेसन डिजाइनिङ सिक्न आएका थिए । अहिले हामीले नेपालमा मात्र काठमाडौं, पोखरा, वीरगन्ज, विराटनगर र जनकपुर गरेर पाँचवटा सहरमा आफ्नो शाखा विस्तार गरिसकेका छौं र हाल चार सयभन्दा बढी विद्यार्थीहरू सिकिरहेका छन्', आइइसीकी निर्देशक शैलाजा अधिकारी भन्छिन् । उनी पछिल्लो समय नेपालीमा फेसनप्रति बढ्दो चाख र फेसनलाई करिअरको रुपमा अपनाउन सकिने आत्मविश्वासका कारण बुटिक व्यवसायतर्फ सबैको आकर्षण बढेको बताउँछिन् । 'यो व्यवसाय राम्रोसँग अँगाल्न सकेको खण्डमा देशभित्र मात्र होइन, विदेशमा पनि नाम कमाउन सकिन्छ । प्रसिद्धिका साथ पैसा पनि कमाइन्छ ।'

देशभित्र बुटिक संस्कृति मौलाउनुमा नेपालीमा विस्तारै फेसनप्रतिको पुरानो सोच बदलिँदै जानु पनि अर्को कारण भएको नमुना कलेज अफ फेसन टेक्नोलोजीका उपप्रध्यापक जीवेश्वरलाल श्रेष्ठ बताउँछन् । २०५९ सालमा पूर्वाञ्चल विश्वविद्यालयबाट सम्बन्धन प्राप्त गरेको नमुना कलेजमा हाल ३० विद्यार्थी फेसन डिजाइनिङ सिकिरहेका छन् । 'फेसन भनेको प्रयोगात्मक शिक्षा हो । त्यसैले यसमा कामको धेरै मौका रहने गर्छ', श्रेष्ठ भन्छन् । उनी फेसनलाई पेसाको रुपमा अँगाल्ने वातावरण नेपालमा बन्दै गइरहेको हुनाले पनि बुटिकको आकर्षण दिनहुँ बढ्दै गइरहेको हो ।

उक्त विचारसँग 'कलर वे बुटिक'की सुम्निमा राई पनि सहमत छन् । आइइसीबाट फेसन डिजाइनिङसम्बन्धी डिप्लोमा गरेकी सुम्निमाले 'सनसिल्क फेसन विक'मा 'स्टेज सो'मात्र होइन, 'मिस नेपाल' प्रतियोगितामा पनि 'ड्रेस डिजाइन' गरेकी छन् । 'अहिले पनि नेपालमा बुटिकलाई तयारी लुगा बेच्ने ठाउँकै रुपमा लिने गरिन्छ । त्यो सोचमा केही परिवर्तन आए पनि पूरै परिवर्तन आएको छैन', उनी भन्छिन्, तैपनि यसको बढ्दो माग हेर्दा नेपालमा बुटिकको अवस्था राम्रो हुँदै गइरहेको छ कि भन्ने सन्देश गएको छ ।' यसैगरी कुपन्डोलमा 'इम्याजिन बुटिक' खोलेर बसेका फेसन डिजाइनर विष्णु गौतम यो पेसाबाट सन्तोष हुने ठाउँ रहेको बताउँछन् ।

■ **समृद्धि प्याकुरेल/काठमाडौं**

तस्विर : भास्वर ओझा



**अभिनय छोडेर बुटिकतिर : नायिका विपना थापाका लागि बुटिक आकर्षक करियर बनेको छ**

# आरोहणको आरोहण

यति बेला काठमाडौंमा फेरि अर्को नाटक महोत्सव भइरहेको छ- आरोहण नाटक महोत्सव २०६३। प्रज्ञाप्रतिष्ठानमा आयोजित राष्ट्रिय नाटक महोत्सवपछि यसै वर्ष आयोजना भएको यो तेस्रो नाटक महोत्सव हो। गत कात्तिकमा आरोहणले नै इब्सन नाटक महोत्सव-०६३ गरेको थियो। दुई महिना नबित्दै आरोहणले अर्को नाटक महोत्सव गरिरहेको छ। यति मात्र होइन, आरोहणले आगामी वैशाख २ देखि गुरुकुलमै आरोहण राष्ट्रिय नाटक महोत्सव गर्ने घोषणासमेत गरेको छ।

यतिका धेरै महोत्सव ? आरोहणका सुनिल पोखरेल भन्छन्, 'यो महोत्सव आरोहणको रजतजयन्ती मनाउन आयोजना गरेका हौं। कसैले हाम्रा नाटक हेर्न छुटाएका रहेछन् भने, हेरून् भन्ने हाम्रो उद्देश्य हो। राष्ट्रिय महोत्सवको घोषणा त हामीले यसअघि नै गरिसकेका थियौं। वर्ष बिराएर एक वर्ष राष्ट्रिय र अर्को वर्ष अन्तर्राष्ट्रिय नाटक महोत्सव गर्छौं भनेका थियौं।'

पच्चीस वर्षअघि चन्द्रमाला शर्मा, बद्री अधिकारी, प्रदीप श्रेष्ठ, समन्त कंसाकार र सुनिल पोखरेल मिलेर आरोहणको स्थापना गरेका थिए। यसको गतिशीलता भने धेरै समयसम्म टिकिरहन सकेन। २०४५-४६ साल ताका आरोहण शनिवारका नामले क्रियाशील भए पनि आरोहण शिथिल भएको थियो। २०५९ असारमा पुरानो बानेश्वरको थुम्कोमा आरोहणको पुनर्जन्म भयो, गुरुकुल नाटक स्कुल र सम नाटक घरका साथमा। त्यसपछि गुरुकुल निकै सक्रिय देखिरहेको छ।

महोत्सव रंगमञ्च खार्ने राम्रो प्लेटफर्म हो, नयाँ रंगकर्मी र दर्शक जन्माउने ठाउँ पनि। इब्सन नाटक महोत्सवलगत्तै आरोहण महोत्सव यस्तो रुपमा गर्न तम्सिने आँट पनि पोखरेललाई महोत्सवमा नाटक हेर्न दर्शकले देखाएको उत्साहले नै दिएको हो। इब्सन महोत्सवका क्रममा झन्डै आठ हजार दर्शकले नाटक हेरेका थिए। त्यसमा पनि युवा दर्शक र स्कुले विद्यार्थीले देखाएको उत्साह अझ महत्त्वपूर्ण छ। यसैबीच आरोहणले सम नाटक घरभन्दा दोब्बर सिट भएको रिमाल नाटक घर निर्माण गरेको छ, जसमा ४ सय दर्शक क्षमता छ।

पोखरेलका भनाइमा अग्रिम टिकट नकाटी आउँदा दर्शकले महोत्सवका नाटक नहेरी फर्कनुपर्ने अवस्था छ, अहिले। स्कुलहरूले आफ्ना विद्यार्थीका लागि पूरै सो बुक गर्ने गरेकाले अरू दर्शक जिल्लिने पनि गरेका छन्।

अहिलेसम्म राष्ट्रिय नाटक महोत्सवको आयोजना नेपाल प्रज्ञाप्रतिष्ठानले मात्र गर्दै आएको छ। त्यो पनि हरेक वर्ष सम्पन्न गर्न धौ धौ पर्छ भने महोत्सवका क्रममा प्रशस्त विवादसमेत उठ्ने गरेका छन्। यस्तोमा गुरुकुलले गर्न लागेको नाटक महोत्सवले रंगकर्मीलाई राहत दिनेछ, दर्शकलाई समेत राम्रा नाटकहरू हेर्न पाउने अवसर मिल्नेछ।


रंगकर्मी अनुप बरालका भनाइमा अहिलेसम्मका राष्ट्रिय महोत्सवहरू वास्तवमा राष्ट्रिय बन्न सकेका छैनन्। विनियोजित बजेट सक्नमात्र वर्षमा एउटा महोत्सव गर्ने गरिएको उनको आरोप छ। अब हुने राष्ट्रिय महोत्सवमा सबै भाषाभाषी र भौगोलिक क्षेत्रबाट नाटकको प्रतिनिधित्व हुनु पर्नेमा उनको जोड छ। त्यसैगरी रंगकर्मी आशा मगरातीलाई नाटक महोत्सवले नयाँ रंगकर्मीलाई प्रोत्साहन गर्नु पर्ने लाग्छ। 'नयाँ रंगकर्मीले नाटक गर्न सक्ने वातावरण बनाउन सक्नुपर्छ। महोत्सवले सँगसँगै पुराना रंगकर्मीका राम्रो नाटकसमेत देखाउन सक्नुपर्छ, जसले नयाँलाई प्रशिक्षित हुने मौका मिल्छ।'

लेखक डा. अभि सुवेदी आरोहणको यो प्रयास सहानीय भएको बताउँछन्। 'सरकारी निकायले कुनै चासो नदेखाइरहेका बेला आरोहणले गरेको प्रयासलाई उपलब्धिका रुपमा हेर्नु पर्छ', उनी भन्छन्। हुन पनि हो, नेपाल प्रज्ञाप्रतिष्ठानले साहित्य, नाटक, संगीत सबै विधालाई एकैसाथ लान लगभग नसक्ने स्थिति देखिइसकेको हो। जनआन्दोलनपछि बनेको यो सरकारले तत्काल संगीत र नाटकको अर्कै प्रतिष्ठान बनाउन गृहकार्यका लागि अध्ययन समिति बनाउँदा नाटकको लागि छुट्टै प्रतिष्ठान बन्ने भयो भनेर रंगकर्मीहरू दंग परेका थिए। तर, समितिले प्रतिवेदन बुझाएको महिनौं बित्दा पनि त्यसको कुनै खोजीनीति छैन।

यता गैरसरकारी संस्था आरोहणले एकमाथि अर्को उपलब्धि थप्दै छ। त्यसमा सबै दंग पर्ने नै भए। भर्खरै आरोहणले विराटनगरमा समेत काठमाडौंकै जस्ता दुइटा नाटक घर निर्माण गर्ने काम थालिसकेको छ। यसबाहेक आरोहणले आफ्नो स्कुल गुरुकुललाई औपचारिक पढाइमा बदल्न लागेको छ। सरकारी नाटक प्रतिष्ठान बन्ला नबन्ला, तर आरोहण भने यता समानान्तर प्रतिष्ठान बन्ने दिशामा अगाडि बढिरहेको छ। शुभकामना गुरुकुललाई।

■ ईश्वर रौनियार/काठमाडौं

महोत्सवका क्रममा गुरुकुलमा देखाइएको एक नाटक



भास्कर ओझा



भास्वर ओझा

# म्यानहन्टमा चन्दन

गत वर्ष चितवनमा 'मिस्टर एन्ड मिस कलेज' प्रतियोगिताको उपाधि जितेका चन्दन अग्रवाललाई यति चाँडै देशको उदीयमान मोडल बन्छु भनेर विश्वास पनि थिएन। ५ फिट १० इन्च अग्ला यी ठिटा अहिले दक्षिण कोरियाको राजधानी सिओलमा भइरहेको अन्तर्राष्ट्रिय 'म्यान हन्ट' प्रतियोगिताका कारण विशेष चर्चामा छन्। चितवनको रेसिडेन्सी कलेजमा बिबिएस पाँचौं सत्र (सेमेस्टर)मा अध्ययनरत चन्दन सन् २००७ को 'म्यान हन्ट' प्रतियोगिताका लागि विश्वका ५१ देशका प्रतिस्पर्धीसँगै नेपालको प्रतिनिधित्व गर्दै छन्। 'कुनै न कुनै उपाधि त जित्छु होला', गत साता यो प्रतियोगितामा भाग लिन नेपाल छोड्नुअघि एक्काइस वर्षीय यी ठिटाले *समय*लाई भने।

नेपालका चौध मोडलहरूबाट छानिएर चन्दन यो प्रतियोगितामा भाग लिइरहेको अयोजक 'म्यान हन्ट' नेपालका अध्यक्ष अनुप सक्सेनाले बताए। 'देशमा जारी असहज परिस्थितिले गत सेप्टेम्बरमा यस प्रतियोगिताको लागि आयोजना गरिसक्नु पर्ने 'म्यान हन्ट' प्रतिस्पर्धा गर्न असफल भयौं', देशभित्रका चौध मोडलहरूबाट मात्र छनोट गर्नु परेको सत्यतालाई उजागर गर्दै सक्सेना भन्छन्। अन्तर्राष्ट्रिय 'म्यान हन्ट' प्रतियोगिताको छनोटको रुपमा नेपालमा सन् २००३ देखि नै पुरुषहरूको एउटा बृहत् मोडलिङ प्रतियोगिता हुँदै आइरहेको छ। नेपालबाट अन्तर्राष्ट्रिय 'म्यान हन्ट'मा यसअघि सन् १९९४ मा प्रशान्त ताम्राकार र २००५ मा सुरित ज्योतिले भाग लिइसकेका छन्।

पुरुष मोडलहरूका लागि विश्वकै सबैभन्दा प्रतिष्ठित प्रतियोगिताको रुपमा रहेको 'म्यान हन्ट' सन् १९९३ देखि सुरु भएको हो। यो प्रतियोगितामा भारतीय चलचित्रका चर्चित अनुहारहरू डिनो मोरियो, जोन अब्रहाम र मोडल राजीव सिंहजस्ता हस्तीहरूले भाग लिइसकेका छन्। राजीवले सन् २००१ मा भारतलाई पहिलो उपाधि दिलाएका थिए। यो उपाधि जित्ने मोडललाई यस वर्ष १० लाख अमेरिकी डलर र ३ हजार अमेरिकी डलरबराबरको सुन र हीराजडित औंठीको घोषणा गरिएको छ। यसैगरी उपाधि जित्नेले ३० लाख अमेरिकी डलरबराबरको मोडलिङ कन्ट्राक पाउने पनि जनाइएको छ।

सिओलको क्वानवानल्याड अन्तर्राष्ट्रिय सभाहलमा आयोजना हुने यस प्रतियोगिताका लागि चन्दनले एक महिना नेपालमा विशेष तालिम लिएका छन्।

■ **नवीन अर्याल/काठमाडौं**

# नयाँ सोचको प्रदर्शन

'म आशावादी मान्छे, मेरा हरेक कृतिमा आशाको ध्वनि बाहिर आउनु पर्छ भन्ने मान्यता राख्छु, त्यसैले मेरो कलाको प्रतिबिम्ब सधैं घन्टी हुन्छ', आफ्नो बाह्रौं एकल चित्रकला प्रदर्शनीको बारेमा जानकारी दिँदै युवा कलाकार मनीषलाल श्रेष्ठ भन्छन्। 'अचेल धेरैको प्राथमिकतामा परेको छ शान्ति, मैले कोरेका चित्रहरूले शान्तिको भित्री आवाज समेट्छन्', आफ्ना बाइसवटा प्रयोगात्मक कृतिहरूका विषयमा जानकारी दिँदै मनीष भन्छन्। कपडा, रङ, माटो र पुरानो वस्तुलाई अहिलेको मुलुकको चित्रलाई उतार्ने प्रयास गरेको छु, घन्टी बिम्ब मेरो चेतना बाँड्ने प्रमुख माध्यम हो। यसैलाई समेटेर मेरा कृतिहरूमार्फत नयाँ सोच नयाँ शक्तिलाई मैले यस प्रदर्शनीमा देखाएको छु।'

पाटन दरबारक्षेत्रमा रहेको नेवा छें ग्यालरीमा श्रेष्ठसँग निकटतम सम्बन्ध राख्ने मसी, कलम, कपडा, माटोका प्रयोगात्मक चित्रहरू प्रदर्शनीमा राखिएका छन्। 'यो साउन्ड अफ होप' अहिले मुलुकमा बढ्दै गएको आशाको विकिरणलाई समेटेर बनाइएको घण्टहरूको चित्र देखाउँदै मनीषलाल श्रेष्ठ भन्छन्।

अहिलेको राजनीतिक आर्थिक र सामाजिक परिस्थितिलाई केलाएर आफ्ना अनुभव मात्र समेट्ने प्रयास गरेको बताउँछन्, कलाकार श्रेष्ठ। मुलुकको परिस्थितिबाट सायदै कोही नेपाली बेखबर छ। त्यसमाथि पनि एउटा कलाकार कहिले मुलुकको अवस्थाबाट बेखबर हुन सक्दैन। यिनै अनुभव र अवस्था समेटेका छन्, आफ्नो चित्रकला प्रदर्शनीमा कलाकारले। सकारात्मक शैलीका कलाकार श्रेष्ठ अगाडि थप्छन्, 'सोच सकारात्मक भयो भने मान्छेले उचाइ लिन सक्छ।'

आफूले देखेका भागेको अतीतका अवस्थाहरूलाई कलात्मक ढंगले प्रस्तुत गरिएका कृतिहरूको प्रदर्शनीका बारेमा आफ्नो धारणा प्रस्ट्याउँदै कला समीक्षक मुकेश मल्ल भन्छन्, 'नवीन सोचको सिर्जनाले नै कलामा नयाँ कालखण्डको विकास भएको छ। उत्तर आधुनिकताको अधीनमा अहिले विश्व गुञ्जायमान छ। यस्तो अवस्थामा हाम्रो समाजमा पनि यस्ता परिकल्पनालाई समानुपातिक दृष्टिकोणले हेरिनु पर्छ।'

■ **ज्योति देवकोटा/काठमाडौं**





# रगतको नाता जोड्दै

काम त उनको आगलागी नियन्त्रण हो, तर नेपालगन्ज नगरपालिका-७ रामनगरका गोपीनाथ वैश्य (बनिया) रगतको नाता जोड्दै हिँडेकाले पो प्रख्यात छन् । उनले अहिलेसम्म १ सय १४ पटक रक्तदान गरिसकेका छन्, रगत नपाएर अलपत्र हुने कयौंको ज्यान जोगाइसकेका छन् त कयौंसँग नाता जोडेका छन् । विसं २०३४ साल वैशाख २५ गतेदेखि रक्तदानको सुरुवात गरेका ४८ वर्षीय वैश्यले यो अभियानलाई आगामी दिनहरुमा पनि निरन्तरता दिइरहने बताएका छन् । '२०३४ सालदेखि नियमित रक्तदान गरिरहेकाले यो अभियान शरीरले रगत दिन मिल्ने बेलासम्म जारी राख्नेछु', वैश्य प्रतिबद्धता व्यक्त गर्छन् ।

पहिलो पटक एक गर्भवती महिलालाई रक्तदान गरेको र रगत पाएपछि उनी बाँचेको देखेपछि मन खुसी भएको बताउने वैश्य आजकल सहरमा कसैलाई रगत चाहियो कि तुरुन्तै रक्तदानको लागि तयार हुन्छन् । रगत लिने मान्छे फेला नपरे हरेक तीन महिनामा रेडक्रसको ब्लड बैंकमा पुगेर रक्तदान गर्छन् ।

'अहिले त तीन महिनामा रगत दिएन भने पूरै जीउ चिलाउँछ', उनी भन्छन्, 'मैले रक्तदान गरेको देखेर घरपरिवारका दाजुभाइले समेत नियमित रक्तदान गरिरहेका छन् ।' उनका अनुसार अन्य चार दाजुभाइमध्ये एकजनाले १२ पटक र अन्यले ५० भन्दा बढी पटक रक्तदान गरेका छन् । ओ पोजेटिभ रगत समूहका वैश्यले अहिलेसम्म रक्तदान गरेबापत कसैको एक कप पनि चिया नखाएको बताउँछन् ।

कक्षा नौसम्म अध्ययन गरी नेपालगन्जस्थित नगरपालिकाको दमकलका अग्निनियन्त्रकको रुपमा कार्यरत वैश्यलाई धेरै पटक रक्तदान गरेकोमा ब्लड बैंकले सम्मान पनि गरेको छ । विरामीहरुलाई अत्यावश्यक रगत चाहिए पनि आनाकानी गर्ने कयौं व्यक्तिलाई सम्झाउँदै वैश्य भन्छन्, 'रगत दान गरेर कहिले सकिँदैन । रगत बढाउन माछा, मासुभन्दा हरियो सागपात खाने बानीलाई जोड दिनुपर्छ ।'

■ **रुद्र खड्का/नेपालगन्ज**




शून्य समय



युवराज घिमिरे

# प्रहरी निकाय, विचलित व्यवहार र राजनीतिक जवाफदेहिता

**जनआन्दोलनमा राज्यद्वारा भएका ज्यादतीका विरोधमा रायमाझी आयोगको गठनमा अग्रसक्रियता देखाउने सिटौलाको स्वर र ताल फेरिनुका पछाडि सत्तामा पुग्नेबित्तिकै भ्रष्ट हुने आम चरित्रबाट उनी अलग नभएको देखाउँछ ।**

**मुलुकका तराई** भागमा भएका संघर्ष, त्यसको राजनीतिक पाटो र राजधानीमा प्रतिक्रिया एउटा महत्त्वपूर्ण पाटो हो । तर, त्यत्तिकै महत्त्वपूर्ण पाटो हो, राजनीतिक चरित्रको आन्दोलनमा सुरक्षानिकायको भूमिका र व्यवहार । लहान घटनादेखि अहिलेसम्म तराई अन्दोलनका क्रममा २७ जनाको हत्या भएको छ । पहिलो हत्या माओवादीद्वारा लहानमा रमेश महतोको भयो र मोरङको बुद्धनगर प्रहरीचौकीमा प्रहरी नायव निरीक्षक रमेशजंग कार्कीको हत्या आन्दोलनकारीद्वारा गरियो । तीबाहेकका बाँकी २४ जनाको ज्यान सुरक्षाकर्मीको कारबाहीमा गुमेको छ ।

गृहमन्त्री कृष्णप्रसाद सिटौलाले ती सबै मृत्युलाई बाध्यात्मक परिस्थितिमा राज्यद्वारा चालिएका कदम भन्दै त्यसको बचाउ गरेका छन् । जनआन्दोलनमा राज्यद्वारा भएका ज्यादतीका विरोधमा रायमाझी आयोगको गठनमा अग्रसक्रियता देखाउने सिटौलाको स्वर र ताल फेरिनुका पछाडि सत्तामा पुग्नेबित्तिकै भ्रष्ट हुने आम चरित्रबाट उनी अलग नभएको देखाउँछ । दण्डहीनताको जन्म जवाफदेहिताको अनुपस्थितिमा मात्र सम्भव हुन्छ । र, गृहमन्त्रीका रुपमा सिटौला दण्डहीनताबाट पुरस्कृत हुन चाहन्छन् ।

अहिले आन्दोलनका क्रममा खासगरी संचारमाध्यममा प्रमुखता नपाएको तर अति नै औपचारिक एउटा दृश्यचित्रलाई कमसेकम एउटा टेलिभिजन च्यानलले देखायो । सशस्त्र प्रहरी बलका व्यवहारले सुतेर मोर्चा समालेको दृश्य थियो, त्यो वीरगन्जमा । त्यो युद्धमा लिइने पोजिसन हो, भीड नियन्त्रणको पोजिसन हैन त्यो । भीड नियन्त्रणका लागि पहिले चेतावनी, डण्डा, पानीको छहरा तथा अश्रुग्याँस र अन्तमा घुँडामुनि गोली चलाइन्छ, तर त्यहाँ त्यसो भएन । सिटौला गृहमन्त्रीका रुपमा एक अर्थमा उनी आफ्ना पूर्ववर्तीहरूभन्दा निकै शक्तिशाली सिद्ध भए, छलकपट र तिकडमद्वारा ।

गृहमन्त्रीका रुपमा कार्यभार समाल्नेबित्तिकै उनको पहिलो काम थियो, सशस्त्र र जनपदमा आफ्ना विश्वस्तहरूलाई मनोमानी तरिकाले प्रमुख पदमा नियुक्त गर्नु र अनुचित आधारमा सक्षम नेतृत्वलाई दण्ड दिनु । ती दुवै निकायहरूमा त्यसपछि संस्थागतरुपमा मनोबल गिरेको मात्र हैन, तिनीहरू राजनीतिक अखडा बनेका छन् । निकाय प्रमुखहरू गृहमन्त्रीका दासजस्ता बनेका छन् । अहिलेको सन्दर्भमा २७ जनाको मृत्युका लागि आफूले रोजेको ती नेतृत्वको अधीनको समूहबाट भएको त्रुटिलाई बाध्यात्मक भनेर बचाउ गर्नुको पछाडि गृहमन्त्रीको यही बाध्यता हो ।

हत्याका आरोप अरूलाई लगाउँदै आएका सिटौलालाई कुन रुपमा हेर्ने ? अनि आफ्ना प्रियपात्रहरूलाई त्यो पदमा बहाल राख्ने वा रायमाझी आयोगको गठनसँगसँगै प्रमाण नष्ट नहोस् भनी सुनिश्चित गर्न पहिले आफैंले प्रस्तुत गरेका उदाहरण अनुसरण गर्ने यसपल्ट पनि ?

वासुदेव ओली, ओमविक्रम राणा, सहवीर थापा र श्यामभक्त थापाबीचको भिन्नता के ? यो प्रश्नको जवाफ सिटौलाले दिनु पर्ने भएको छ । अथवा कमल थापा र सिटौलाबीच अब कति अन्तर छ ? कमल थापा जेलमा र सिटौला सिंहदरवारमा ? यो मापदण्ड स्वीकार्य हुँदैन मुलुकलाई ।

अक्सर प्रजातान्त्रिक मुलुकहरूमा सुरक्षानिकायहरू, खासगरी प्रहरीमा 'विचलित व्यवहार' (डिभियन्ट विहेवियर)का बारेमा विश्लेषण र सुधारका मुद्दाहरू संस्थागत रूपमा अगाडि बढाइने गर्छ । नेपालमै पनि खासगरी, जनआन्दोलनपछिको अवस्थामा मानवअधिकार आयोगद्वारा सुझाइएअनुसार भीड नियन्त्रण गर्न सुरक्षानिकायहरूलाई तालिम दिनु पर्ने आवश्यकता सरकारले ठानेन । तर, प्रहरीबललाई त्यस्तो तालिम नदिएमा भविष्यमा पनि यस्ता आचरण र घटनाहरू दोहोरी नै रहनेछन् ।



प्रहरी कति निरीह छन् भन्ने यो घटनाले देखाउँछ

केशव लामिछाने

एकातिर प्रहरी व्यवहारमा विचलनको कुरा छ, अर्कोतिर उनीहरूको मनोबलमा गिरावट आएको छ । पोखरामा अर्का सब इन्सपेक्टरलाई भीडले सार्वजनिकरुपमा पाता कस्यो । सिटौलाको आठ महिनामा प्रहरीमा भएका मनपरी बढुवा, सजाय र इन्साफले संस्थाको पतन निकै हदसम्म सुनिश्चित गरेको छ । आफ्नै कर्मचारीको बचाउमा संस्था उभिन सकेन । ओमविक्रम राणा अहिले लाचार नेतृत्व बनेका छन्, आफ्नो संस्थाभित्र ।

तराई आन्दोलनलाई पूर्णरुपमा अहिंसामा आधारित भन्न मिल्दैन । हिंसाको प्रयोग भएको छ, प्रदर्शनकारीद्वारा विराटनगरमा सई कार्कीलाई अमानवीय क्रूरताका साथ मारिएको छ । पत्रकारहरूमाथि अन्यायपूर्वक दमन गरिएको छ, कतै कतै साम्प्रदायिकता भड्काउने प्रयास पनि भएको छ । सई कार्कीले आफूमाथि कुनै पनि समय भीडद्वारा आक्रमण हुने जनाउ बराबर मुख्यालयलाई दिएका हुन्, तर किन सुनवाइ भएन ? एउटा आयोग- रायमाझी आयोगभन्दा इमानदार र पारदर्शी चरित्रको- गठन हुनु आवश्यक छ, यी सबै कुराको छानबिनका लागि । आफूले राजीनामा गर्नु पर्ने वा नपर्ने र आफ्नो स्वेच्छाले मनोनीत प्रहरी र सशस्त्र प्रमुखहरूलाई त्यही पदमा राख्ने वा हटाउने ? यो सिटौलाका लागि कठिन निर्णय हो, तर गिरिजाप्रसाद कोइरालाका लागि पनि चुनौती हो- उनको इमानदारी परीक्षणको ।

अन्यथा विगत आठ महिनामा कानुनको दायराभन्दा माथिको नव वर्गको निर्माण भएको सन्देश जानेछ । काठमाडौंमा स्थापित नागरिक समाजले तराईमा भएका हत्याको शृंखलाको छानबिन गर्न सरकारलाई दबाब नदेला । ऊ रायमाझी आयोगकै प्रतिवेदनमाथि कारबाहीका लागि कुर्लिएला । तराईले उठाएको राजनीतिक मुद्दाहरूको राजनीतिक समाधान खोज्ने कार्यसँगसँगै समानान्तर रुपमा छानबिन आयोग गठन हुनु आवश्यक छ । यो जिम्मेवारी प्रधानमन्त्रीसँगसँगै सात दल र माओवादीले पूरा गर्नु आवश्यक छ ।